डि.स. कार्यालय दर्ता नं. ०४१/४/२४/०५७/०५८
NCRA इजाजत नं. २०५७-००१२२
कर्जा सूचना केन्द्र दर्ता नं. ००५६
स्थायी लेखा नं. : ३०२५६२९०१

"उत्कृष्ट, व्यवसायिक एवं दिगो वित्तीय सहकारी संस्था"

"आफै मालिक, आफ्नै बचत, आफैलाई लगानी, आफैलाई प्रतिफल"

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.
# SAGUN SAVINGS & CREDIT COOPERATIVE SOCIETY LTD.



27th SAGUN SOCCAS
ANNUAL GENERAL MEETING

"उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता"

Scan Me

# वार्षिक प्रगति प्रतिवेदन
आर्थिक वर्ष २०८२/०८३

## Annual Report
Fiscal Year 2082/083

www.sagun.coop.np

मुख्य कार्यालय : हरिवन ११, सर्लाही
फोन नं. : ०४६ ५३०५७३, ५३०३८२, ५३०३८३
इमेल : info@sagun.coop.np

## सञ्चालक समिति



**केशव प्रसाद ढकाल**
अध्यक्ष
☎ ९८५४०३७०१६



**राजकुमार उप्रेती**
उपाध्यक्ष
☎ ९८४४०२५२८६



**बिनोद कार्की**
सचिव
☎ ९८५४०३७८६०



**पदमा मोक्तान**
कोषाध्यक्ष
☎ ९८६१०८३०६६



**हरिप्रसाद पुडासैनी**
सञ्चालक
☎ ९८४४०८८००९



**टिकाजंग थापा**
सञ्चालक
☎ ९८५४०३७१३२



**शुसिला कुमारी कटुवाल**
सञ्चालक
☎ ९७४३६१२७०१



**मुखचन्द्र महतो**
सञ्चालक
☎ ९८४४०९१७७०



**बाला कुमारी थापा मगर खड्का**
सञ्चालक
☎ ९८४२८५७९१०

## लेखा सुपरिवेक्षण समिति



**जयशंकर सिंह**
संयोजक
☎ ९८५४०३७२२९



**विप्लब कार्की**
सदस्य
☎ ९८४४०९१९८७



**निर्मला कुमारी मैनाली प्रसाई**
सदस्य
☎ ९८६५९९४३९७

## ऋण उपसमिति



**पद्मा मोक्तान**
संयोजक



**राम प्रसाद घिमिरे**
सदस्य



**यम बहादुर भुजेल**
सदस्य

# सदस्यहरूले पालना गर्नु पर्ने अनिवार्य सर्तहरू

- नियमित मासिक बचत महिनाको रु.२०० वा वार्षिक रु.२४०० सय गर्नु पर्नेछ ।
- न्यूनतम वर्षको अनिवार्य रू. २००० बराबरको शेयर खरिद गर्नु पर्नेछ ।
- सदस्य सुरक्षण वचत वार्षिक अनिवार्य रू ५०० गर्नुपर्नेछ ।
- कम्तीमा ३ वटा धन सिर्जना गर्ने बचतमा योगदान गर्नुपर्नेछ ।
- वार्षिक साधारण सभामा अनिवार्य उपस्थीत हुनुपर्नेछ ।

# आ.व. २०८२/०८३ को संस्थाको गतिविधि



स्थापना दिवसमा पुरस्कृत बिद्यार्थी तथा अतिथिज्यूहरु



विस्तारित भेला २०८२



बिद्यालय स्तरीय चित्रकला प्रतियोगिता



सहकारी अध्ययन अवलोकन भ्रमण २०८२



११६ औं अन्तर्राष्ट्रिय महिला दिवस सम्मान



उद्यमशिलता विकासको लागि तालिम




लघु व्यवसाय खेल तालिम



सदस्य शिक्षा कार्यक्रम २०८२

डि.स.का. दर्ता नं. ०५१ ०५ २५ ५० ५८, स्थायी लेखा नं. ३०२५६२९०१ | रा.स.नि.प्रा. इजाजतपत्र नं. २०८३-००१२२
"उत्कृष्ट, व्यवसायिक एवं दिगो वित्तीय सहकारी संस्था" | "आफै मालिक, आफ्नै बचत, आफैलाई लगानी, आफैलाई प्रतिफल"
सगुन बचत तथा ऋण सहकारी संस्था लि.
SAGUN SAVINGS & CREDIT COOPERATIVE SOCIETY LTD.
(राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट संचालन इजाजत प्राप्त संस्था)

च.नं. ९५/०८३/०८४ मिति २०८३/०५/०५

आदरणीय सदस्य महानुभावहरु,

## २७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८३ साल भाद्र ५ गते शुक्रवार बसेको ४१२ औं संचालक समितिको बैठकको निर्णय तथा साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ को आधारमा देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न संस्थाको २७ औं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको हुँदा आफ्नो सदस्यता खुल्ने कागजात सहित यहाँहरुको अनिवार्य गरिमामय उपस्थिति र सहयोगको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभामा प्रस्तावित छलफलको विषयहरु :**

१. २६ औं वार्षिक साधारण सभाका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा ।
२. आ.व ०८२/०८३ मा संचालक, लेखा सुपेरिवेक्षण तथा उप-समितिहरुले गरेको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
३. आ.व ०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व.०८२/०८३ को लेखा सुपेरिवेक्षण समिति तथा संचालक समितिबाट संस्थाको प्रगति प्रतिबेदन पेश सम्बन्धमा ।
५. आ.व ०८३/०८४ को प्रस्तावित वार्षिक नीति,कार्ययोजना तथा बजेट पारित गर्ने सम्वन्धमा ।
६. आ.व ०८३/०८४ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. शेयर लाभांस तथा संरक्षितपुँजी फिर्ताकोषको रकम वितरण सम्बन्धमा ।
८. विनियम संसोधन/पुनरलेखन सम्वन्धमा ।
९. संस्थाको कार्यविधि, एवं निर्देशिका परिमार्जन सहित पारित गर्ने सम्बन्धमा ।
१०. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११. कोपोमिस,सम्पत्ति शुद्धीकरण कार्यविधि र सोको कार्यान्वयन सम्बन्धमा ।
१२. प्रबन्धक तथा समिति उप-समितिहरुको सेवा सुविधा सम्बन्धमा ।
१३ ब्याजदर, आम्दानी खर्च अनुमोदन तथा ब्याज हर्जाना छुट स्वीकृत सम्बन्धमा ।
१४. अख्तियारी प्रत्यायोजन सम्बन्धमा ।
१५. विविध ।

**<u>कार्यक्रम हुने मिति, समय र स्थान</u>**
मिति: २०८३ असोज ६ गते मंगलवार ,
स्थान: चतुरभुजेश्वर महादेव मन्दिर परिसर हरिवन ९ सुखेपोखरी, सर्लाही
समय : बिहान ११:०० बजेदेखि ४:३० बजे सम्म ।

**नोट:**
१. नियमित बचत सदस्यहरुको अनिवार्य दायित्व हो तसर्थ नियमित बचत, सदस्य सुरक्षण बचत गर्न र सदस्य पहिचान फारम साधारण सभा अगावै उक्त अपडेट गर्नहुन अनुरोध गर्दछौ ।
२. साधारण सभाको प्रतिवेदन उपर कुनै सल्लाह, सुझाव तथा प्रतिक्रिया भए साधारण सभा अगावै लिखित रुपमा उपलब्ध गराउनहुन र साधारण सभाको दिन प्रस्तुत गर्न सूचित गरिन्छ ।
३. खाना तथा खाजा खर्च बापतको रकम रु.५००/-मा करकट्टि गरि नियमित बचत खातामा जम्मा गरिने छ ।
४. साधारण सभाको उपस्थिति दर्ता असोज ३ गते देखि संस्थाका सवै सेवा केन्द्रहरु मार्फत पनि गर्न सकिने साथै सुझाव पेश गर्न सकिनेछ ।

हाम्रो बार्षिक प्रतिबेदनको विद्युतिय प्रति https://sagun.coop.np र https://www.facebook.com/sagunsahakari मा असोज २ गते देखि उपलब्ध हुनेछ ।

बिनोद कार्की
सचिव

www.sagun.coop.np
मुख्य कार्यालय : हरिवन ९, सर्लाही
फोन नं. ०४६-५३०५०३, ५३०३२२, ५३०३८३, रेमिट्का लागि सम्पर्क : ०४६-५३००७६

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

हरिवन, सर्लाही

# अध्यक्षज्यूको मन्तव्य



**केशव प्रसाद ढकाल**
अध्यक्ष

२७ औ साधारणसभामा संस्थाको निमन्त्रणा स्वीकार गरेर पाल्नुभएका प्रमुख अतिथी ज्यू, अतिथी ज्यूहरु, संस्थापकज्यूहरु सम्पूर्ण सदस्यज्यूहरुमा जय सहकारीको हार्दिक अभिवादन ब्यक्त गर्दछु।

महा-भुकम्पको असर, कोभिड-१९ र आकस्मिक राष्ट्रिय विपत्ति, बाढीपहिरो, राष्ट्रिय स्तरका वित्तीय चुनौतीहरुका कारण ब्यवसायीक शिथिलता, ब्यवसायीक असावधानी जस्ता सृजित नकारात्मक वित्तीय तरंगले ऋण लगानीमा समेत ह्रास आउनुका साथै लगानीमा रहेको ऋणमा भाखा नाघेको ऋणमा वृद्धि तथा मागेको वखत फिर्ता गर्नुपर्ने अवस्थाको कारण ठुलो रकम तरलतामा राख्नुपर्ने वाध्यताका वावजुद पनि संस्थाले सदस्य केन्द्रित सेवा विवेकपूर्ण निर्णय र असल अभ्यासका माध्यमबाट संस्थागत सुदृढिकरणमा उल्लेखनीय प्रगती हासिल गरेकोछ।

देशको वर्तमान वित्तीय वातावरण अझै सहकारी मैत्री नहुँदा संस्था संचालनमा चुनौतीहरु रहे पनि पछिल्लो समयमा राज्यबाट सहकारी ब्यवस्थापनमा थप चासो दिई राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायधिकरण, कर्जा सूचना केन्द्र, लगायत आवश्यक निकायहरु गठन गर्दै जानुले सहकारी संस्थाहरु अव थप दिगो, सक्षम र स्थायित्व तर्फ रुपान्तरण भईरहेकोले साकोसको साथै सहकारी अभियानको भविष्य अव सकारात्मक दिशा तर्फ लम्किनेमा विश्वस्त छौ।

समुदायमा उत्कृष्ट साकोसको रुपमा स्थापित गर्ने उद्देश्यका साथ ऐन, नियम, निर्देशन, मापदण्ड, अन्तर्राष्ट्रिय असल अभ्यासको पूर्ण अनुसरण गर्दै सुशासन युक्त कार्यशैली, ब्यवहार तथा आचरणको अवलम्वन गरी सदस्य केन्द्रियता सुचकांकहरुलाई पूर्ण ध्यान दिई सुरक्षित र दिगो वित्तीय तथा गैह्र वित्तीय सेवाहरु प्रदान गर्न संस्था केन्द्रित रहेको, सदस्यहरुको साकोसमा भएको लगानी प्रति उच्च सम्मान प्रकट गर्दै संस्थालाई पूर्ण सुशासनमा संचालन गरी राज्यको नियामकिय निकायहरुको निर्देशनलाई अक्षरस पालना गर्ने, सहकारीका सिद्धान्तहरु, बचत तथा ऋण सहकारी संचालनका सिद्धान्तहरु, मुल्य र मान्यताहरुलाई पूर्ण कार्यान्वियन तथा संयुक्त राष्ट्रसंघबाट घोषित दिगो विकास लक्ष्यलाई अंगिकार गर्दै सदस्य केन्द्रित सेवा प्रणालीलाई संस्थागत गर्ने दिशामा अग्रसर भएको छ र यो कार्य आगामी दिनमा अझ द्रुत गतिमा बढाउन प्रतिवद्ध छौ, साथै अभियानका अनुभवहरुलाई आधार बनाई सहकारीका मूल्य, मान्यता, सिद्धान्त र नैतिकताको पालना गर्दै धैरै नाफामुखी भन्दा पनि सामाजिक तथा संस्कृतिक विकासको लागी सहकारी शिक्षा, वित्तीय साक्षरता, नेतृत्व विकास, शिक्षा स्वास्थ्य सम्बन्धी जागरणका, साथै सभ्य समाज निर्माण गर्न अहम भूमिका निभाउदै दरिलो जगेडा कोष मुखी दिगो सहकारी संस्था निर्माणमा निरन्तर प्रतिवद्ध रहने साकोसको अठोट छ। शेयर सदस्यहरुको उद्यमशिलता विकासमा प्राथमिकता, प्रविधियुक्त सेवा, वातावरणीय उत्तरदायित्व र शेयर सदस्यहरुको जीवनस्तर सुदृढिकरणमा निरन्तर क्रियाशिल रहदै पारदर्शी र ब्यवसायिक सेवा प्रवाह मार्फत सगुन साकोसको भुमिका अझ प्रभावकारी बनाउने, स्थिरिकरण कोषमा निरन्तर आवद्धता साथै सम्पत्ति शुद्धिकरण, ऐन नियम, निर्देशन पूर्ण परिपालना गर्दै सफ्टवयेर मार्फत सम्बन्धित निकायमा सूचना पठाउने कार्य गरी आएको साथै प्रोवशन तथा प्रोटेक्ट जस्ता स्तरीकरण कार्यक्रममा निरन्तर आवद्धता जनाउदै आईरहेका छौ।

सगुन साकोसले अघिल्लो आ.व. बराबर नै आम्दानी गर्न सफल भएको तर सरकारद्धारा सहकारी ऐन तथा मापदण्ड संशोधन गरिएको र सहकारी नियमन प्राधिकरण द्धारा जारी मापदण्ड तथा निर्देशनबाट भाखा नाघेको ऋणको थप जोखिम सुरक्षणको ब्यवस्था

तथा गैह्र बैंकिङ सम्पत्तिको समेत सुरक्षण गर्नुपर्ने बाध्यकारी ब्यवस्थाले आम्दानीको रकम सुरक्षणमा राख्नु परेको कारण सदस्यहरुलाई मूनाफा वितरणमा कमि आउने परिस्थिती सिर्जना भएपनि हाललाई केही अप्ठ्यारो देखिएता पनि आगामी दिनमा यस्तो अवस्थाले संस्था अझ दिगो, मजबुत र सुरक्षित हुनेछ। आगामी दिनमा साकोस अझ दरिलो भएर अगाडी आउनेमा दुईमत छैन।

हामी यावत चुनौतीहरुबाट पाठ सिक्दै हाम्रो सोच र सिर्जनाको माध्यमबाट साकोसका सदस्यहरुको दरिलो साथ सहयोगबाट नै सगुन साकोसलाई अझ धेरै मजवुतीका साथ अगाडी बढाउन सक्षम हुनेछौ। संस्थाको समूचा अवस्थाको बारेमा यस सुचकांकहरुले प्रष्ट बोलेको नै छ।

संस्थाको आ.व. ०८२/०८३ को समग्र प्रतिवेदन र आ.व. ०८३/०८४ को निती तथा कार्यक्रम, सचिव र कोषाध्यक्ष ज्यूको प्रतिवेदन र लेखा सुपेरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत हुने ब्यहोरा अनुरोध गर्दछु।

अन्त्यमा, सभ्य र भब्य रुपमा २७ औं वार्षिक साधारण सभा संचालन गर्न सहयोग गर्नु हुने सम्पूर्ण शेयर सदस्य ज्यूहरु, प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने समूचा सहकारी अभियान, नेपाल सरकार, प्रदेश सरकार, सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक, जिल्ला बचत तथा ऋण सहकारी संघ, नियमनकारी निकाय, सरकारी कार्यालयहरु, विभिन्न बैंक तथा वित्तीय संस्था, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरु, विभिन्न समिति उप-समितिका मित्रहरु, कर्मचारीहरु, सुरक्षा निकाय लगायत सम्पूणमा हार्दिक धन्यवाद र हार्दिक आभार।

जय सगुन। जय सहकारी॥

**केशव प्रसाद ढकाल**
अध्यक्ष



# बिजया दशमी, शुभ दीपावली
एवं
**छठ पर्व** को उपलक्ष्यमा सम्पूर्ण
शेयर सदस्य महानुभावहरु एवं शुभचिन्तकहरु
प्रति सु-स्वास्थ्य, सुख, शान्ति, समृद्धि र
उत्तरोत्तर प्रगतिको कामना गर्दै
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



"आफै मालिक, आफ्नै बचत, आफैलाई लगानी, आफैलाई प्रतिफल"
सगुन बचत तथा ऋण सहकारी संस्था लि.
SAGUN SAVINGS & CREDIT COOPERATIVE SOCIETY LTD. परिवार
हरिवन, सर्लाही

# वर्तमान समयमा सहकारी क्षेत्रमा रहेका चुनौतीहरू र तिनका समाधानहरूः सगुन सहकारीको भूमिकासहित



**बाबुराम घिमिरे**
सल्लाहकार/संस्थापक अध्यक्ष

नेपालको आर्थिक तथा सामाजिक विकासमा सहकारीको योगदान महत्वपूर्ण छ। बचतको बानी बसाल्ने, आपतकालमा ऋण उपलब्ध गराउने, र स्थानीय पुँजी स्थानीय स्तरमै परिचालन गर्ने काममा सहकारी अगाडि छ। तर पछिल्ला केही वर्षयता केही संस्थामा देखिएको अनियमितता, सुशासनका कमजोरी, र नियमनका प्रश्नका कारण समग्र क्षेत्रमा नकारात्मक प्रभाव परेको छ। यस्तो अवस्थामा समाधान भनेको सहकारीलाई दबाउने वा कडाइका नाममा यसको मौलिक चरित्र हराउने बनाउनु होइन, बरु सुशासन, पारदर्शिता, सदस्यकेन्द्रित सेवा, र जिम्मेवार नियमनमार्फत विश्वास पुनर्स्थापना गर्नु हो। कमजोर संस्थाहरूलाई सुधार गर्ने, असल संस्थाहरूलाई प्रोत्साहन गर्ने र सदस्यको चेतना बढाउने काम सँगसँगै अघि बढ्नुपर्छ। सर्लाहीको हरिऔनस्थित सगुन बचत तथा ऋण सहकारी संस्थाको करिब २० वर्ष को अनुभव ले पनि यही देखाउँछ। साझा विश्वासमा आधारित नेतृत्व, सदस्यकेन्द्रित सेवा, र कठिन समय मा पनि नछोड्ने साथ ले समुदाय बलियो बन्दछ। सुरुवातमा छत्तीस जना सदस्य र एक लाख छिहत्तर हजार रुपैयाँ पूँजीबाट सुरु भएको यो संस्था अहिले करिब २७ वर्षको यात्रा पार गरिसकेको छ। यस अवधिमा तपाईंको करिब २० वर्ष नेतृत्व सहित विभिन्न तहका चुनौती पार गर्दै संस्था समुदायको भरोसा जित्न सफल रह्यो। महिला सदस्य सहभागिता, किसानमैत्री सेवा, रेमिट्यान्ससँग जोडिएको बचत जस्ता काम समुदायको जीवनसँग प्रत्यक्ष जोडिए। तर अहिले तरलता व्यवस्थापन, ऋण असुलीका चुनौती, सदस्य शिक्षाका कार्यक्रमको निरन्तरता, र नीति स्पष्टताजस्ता विषयमा ध्यान दिनु अपरिहार्य छ। समाधानका लागि सदस्यकेन्द्रित सेवा, महिला उद्यमशीलता प्रोत्साहन, पारदर्शी वित्तीय व्यवस्थापन, प्रविधिमैत्री लेखा प्रणाली, र जिम्मेवार नियमनलाई सन्तुलित रूपमा अघि बढाउनुपर्छ। सगुनको यात्राले देखाएकैं रूपमा उभिन सक्छ।

## सगुनको सुवास



**बिप्लब कार्की**
लेखासुपरिवेक्षण समिति
सदस्य

हरिवनको आँगनमा मुस्कुरायो सगुन,
खुसी बोकी घर(आगनमा छायो सगुन।
बचत र ऋणको यो भरपर्दो चौतारी,
सहकारि मन्त्रले हुर्कायो मलजल सवारी।

आर्थिक प्रगति अनि विश्वासको गाथा,
जोड्दै आएको छ यो एकताको नाता।
दुःखसुखको साथी बनि उभिएको छ यहाँ,
सहकार्यको ज्योति छर्दै चारै दिशा जहाँ।

सन्ताउन्न सालमा उन्नत कलिलो बिरुवा रोपेर,
आज विशाल वृक्ष बनि फैलियो उज्यालो छरेर।
सताइसौं साधारणसभाको यो शुभ अवसरमा,
शुभकामना छ हर सदस्यको मुहार र अन्तरमनमा।

हातेमालो र प्रेरणाको पाइला सधैं अघि बढोस्,
सहकारीको पवित्र अभियान सधैं फलोस्(फुलोस
उन्नति र प्रगतिको शिखर चुमोस् सगुन हाम्रो,
सुखी र समृद्ध बनोस् हर सदस्यको जीवन राम्रो।

# संस्थामा सदस्यहरूको कर्तव्य सहितको सुविधा - एक चर्चा



**राजकुमार उप्रेती**
उपाध्यक्ष

उत्कृष्ट, व्यवसायीक एवं दिगो वित्तिय सहकारीको रुपमा सदस्यहरुको सेवामा रहेको यस सगुन बचत तथा ऋण सहकारी संस्थाले "सदस्यको हरेक सुखदु:खमा साथसाथ सगुन साकोस" भन्ने मूल मान्यतालाई स्थापित गर्दै सदस्यहरूको जीवनस्तरमा आमूल परिवर्तन गर्न विभिन्न उत्कृष्ट र सदस्यमुखी कार्यहरू गर्दै आएको छ। संस्थाले २७ औं बार्षिक साधारण सभामा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम मार्फत सदस्य सन्तुष्टिका लागि अघि सारेका मुख्य कार्यहरु (कार्यक्रम) निम्नानुसार छन् :

१. **आवश्यकता अनुसारका २२ प्रकारका बचत योजनाहरू (Financial Security)**

संस्थाले सदस्यहरूको गर्भदेखि मृत्युसम्मका सबै प्रकारका व्यावहारिक आवश्यकताहरूलाई सम्बोधन गर्न २२ प्रकारका बचत खाताहरू सञ्चालनमा ल्याएको छ, जसले गर्दा हरेक वर्गका सदस्यले आफ्नो अनुकूलतामा बचत गर्न सक्छन्। यसका केही विशिष्ट बचतहरू यस प्रकार छन्:

- **नियमित बचत:** नियमित बचत बानीको विकासका लागि न्यूनतम मासिक रु. २०० देखि रु. १,००० सम्मको सानो सानो पुँजीलाई एकिकृत गरि ठुलो पुँजी निर्माण गरि सदस्यहरुलाई सहभागी गराई जसमा सदस्यलाई दीर्घकालीन वित्तीय सुरक्षा दिइन्छ।
- **बाल बचत र शैक्षिक बचत:** बालबालिकाहरूमा बचतको बानी बसाल्न बाल बचत (न्यूनतम रु. १०,००० जम्मा गर्नेलाई जन्मदिनमा केक उपहार र गम्भीर रोग लाग्दा ८०% सम्म भुक्तानी लिन मिल्ने) र उच्च शिक्षाको खर्च धान्न सन्तति शिक्षा बचत।
- **विशेष लक्षित बचतहरू:** महिलाहरूको लागि नारी आभूषण बचत (रु. १०,००० भन्दा बढी बचत गर्नेलाई चाडपर्व विशेष आकर्षक उपहार), किसानहरूका लागि उखु किसान बचत, बुद्धबृद्धाको लागी लागि बृद्ध बृद्धा बचत (६५ वर्षपछि पेन्सन वा एकमुष्ट रकम पाइने र नियमित स्वास्थ्य जाँच हुने) तथा तीर्थाटन बचत।
- **सुरक्षण र संरक्षण बचत:** सदस्यको मृत्यु पश्चात् परिवारलाई राहत दिन सदस्य सुरक्षण बचत र सुत्केरी पोषणको लागि मातृ शिशु संरक्षण बचत।

२. **सदस्य केन्द्रित सुरक्षित ऋण विविधीकरण (Loan Diversification)**

संस्थाले जोखिमयुक्त क्षेत्रमा लगानी रोकी सदस्यहरूलाई उत्पादनशील र व्यावसायिक बनाउन खुद्रा, कृषि, व्यापार र स्थानीय उद्यमशीलतामा कर्जा विविधीकरण गरेको छः

- **११ विधामा ऋण भार विभाजन:** संस्थाले कृषि तथा पशुपंक्षी (१४%), व्यापार (२८%), घर/जग्गा (२७%), शैक्षिक (१०%), वैदेशिक रोजगार (५%), सवारी साधन (४%), र उद्यमशील कर्जा (१.७५%) लगायतका क्षेत्रमा सन्तुलित ऋण प्रवाह गरेको छ।
- **ब्याजमा छुट (रिवेट) को व्यवस्था:** ऋणको हकमा नियमित रूपमा समयमै ब्याज भुक्तान गर्ने इमानदार सदस्यहरूलाई ब्याजमा १% देखि २% सम्म छुट (रिवेट) दिने व्यवस्था गरी सदस्यहरूलाई प्रोत्साहन गरिएको छ।

- **आपतकालिन र बिना धितो कर्जा**: सदस्यहरूलाई आकस्मिक रूपमा आइपर्ने विपत्तिहरू (जस्तैः सर्पदंश, दुर्घटना, आगलागी आदि) मा सहयोग पुऱ्याउन रु. ५०,००० सम्मको बिना धितो आपतकालिन कर्जा (महिना दिनभित्र बुझाएमा ब्याज र व्यवस्थापन शुल्क नलाग्ने) र रु. २ लाखसम्मको सरल कर्जाको व्यवस्था छ।

३. **प्रविधिमैत्री र आधुनिक सेवा (Modern & Tech–Driven Banking)**

- **निःशुल्क डिजिटल डिजिटल सेवाहरू**: सदस्यहरूलाई सरल प्रविधिमा पहुँच पुऱ्याउन खाता खोलेको पहिलो वर्ष निःशुल्क मोबाइल बैंकिङ र एटीएम (ATM) कार्ड उपलब्ध गराइने नीति लिइएको छ।
- **प्रविधिबाटै ऋण माग**: मोबाइल बैंकिङ प्रयोगकर्ता सदस्यहरूले संस्थामा भौतिक रूपमा उपस्थित नभई प्रविधिको माध्यमबाटै बचत धितो कर्जा माग र प्राप्त गर्न सक्ने नवीन व्यवस्था गरिएको छ।
- **व्यापक रेमिटेन्स सेवा र छुट**: देश-विदेशबाट आउने रकम सहजै प्राप्त गर्न विश्वसनीय रेमिट प्रदायकहरूसँग सम्झौता गरिएको छ। रेमिट्यान्स प्राप्त गर्ने सेवाग्राही सगुनको सदस्य बन्न आएमा सदस्यता प्रवेश शुल्क पूर्ण रूपमा छुट दिइन्छ।

४. **सामाजिक सुरक्षा, राहत र उत्तरदायित्व (Social Welfare & CSR)**

- **घातक रोग लागेमा आर्थिक राहत**: क्यान्सर, मिर्गौला फेल (End Stage Renal Failure), कोमा, वा पूर्ण अन्धोपन दुबै हातखुट्टा नहुनु जस्ता घातक रोग लागेका सदस्यहरूलाई संस्थामा गरेको योगदानको आधारमा सदस्य सुरक्षण कोषबाट एकपटकका लागि रु. ५,००० देखि रु. १०,००० सम्मको राहत रकम उपलब्ध गराइन्छ।
- **पारिवारिक उत्सवमा सहभागिता**: नवविवाहित बुहारीहरूलाई सहकारीमा आबद्ध गर्न 'नयाँ बुहारी स्वागत तथा सदस्यता वितरण' कार्यक्रम ल्याइएको छ, जसमा विवाह भएको ३ महिनाभित्र आउने नवदुलहीलाई सदस्यता शुल्क पूर्ण छुट दिइन्छ।
- **मातृ-शिशु कल्याण र सुत्केरी भेट**: संस्थाका महिला सदस्य वा सदस्यका पत्नी सुत्केरी भएको अवस्थामा हस्पिटल वा जन्मदर्ताको कागजातका आधारमा रु. २,००० सुत्केरी पोषण रकम (अधिकतम २ पटकसम्म) प्रदान गरिन्छ।
- **बीमामा संस्थाको योगदान**: सदस्य वा एकाघर परिवारको स्वास्थ्य बीमा प्रिमियममा ४०% सम्मको खर्च संस्था आफैँले ब्यहोर्ने कल्याणकारी नीति लिएको छ।

५. **सशक्तीकरण र विस्तारित मञ्च (Member Empowerment)**

- **सिस्टर क्लब र बाल क्लब अवधारणा**: महिला सशक्तीकरण, जनजागरण र सहकारी शिक्षाका लागि 'सगुन सिस्टर क्लब' र सामुदायिक विद्यालयका बालबालिकाहरूमा बचतको महत्त्व बुझाउन 'विद्यार्थी क्लब' (कक्षा ८ सम्म) गठन गरी बिउ पूँजी सहयोग गर्ने नीति लिइएको छ।
- **तीर्थाटन र अवलोकन भ्रमण**: जेष्ठ नागरिक र बुद्धवृद्धा बचत खाताका सदस्यहरूलाई १ दिने तीर्थाटन तथा अवलोकन भ्रमणमा सहभागी गराइन्छ।
- **सदस्य सन्तुष्टि सर्वेक्षण**: सदस्यहरूको चाहना बुझ्न हरेक वर्ष कम्तिमा १०% सदस्यहरूमाफ 'सदस्य सन्तुष्टि सर्वेक्षण फारम' भराई प्राप्त सुझावका आधारमा बचत/ऋणको प्रकार र ब्याजदर परिमार्जन गर्ने गरिन्छ।

## सगुनका सदस्यहरुले पालन गर्नुपर्ने प्रमुख कर्तव्यहरु :

सहकारीको सिद्धान्त र सगुन साकोसको विनियम अनुसार संस्थाको दिगो हित, वित्तीय सुरक्षा र सुशासन कायम राख्न प्रत्येक सदस्यले निम्न कर्तव्यहरू पूर्ण रूपमा पालन गर्नुपर्दछः

- **नियमित बचत गर्नु**: संस्थाले तोकेको न्यूनतम मासिक नियमित रूपमा जम्मा गर्नु सदस्यको पहिलो कर्तव्य हो । नियमित

बचतले नै संस्थाको वित्तीय जग मजबुत बनाउँछ।

- **ऋणको समयमै पुनर्भुक्तानी** (Financial Discipline): संस्थाबाट लिएको ऋणको सावाँ र ब्याज तोकिएको भाका वा किस्ता भित्रै इमानदारितापूर्वक भुक्तानी गर्नु प्रत्येक ऋणी सदस्यको मुख्य दायित्व हो । यसले संस्थालाई तरलता (Liquidity) को संकटबाट जोगाउँछ।
- **साधारण सभा र निर्णय प्रक्रियामा सहभागिता**: संस्थाको वार्षिक साधारण सभा (AGM), क्षेत्रीय वा एकाइ भेलाहरूमा अनिवार्य रूपमा उपस्थित भई नीति, कार्यक्रम, बजेट र नेतृत्व चयनमा सक्रिय एवं विवेकपूर्ण भूमिका निर्वाह गर्नु।
- **सहकारी शिक्षा र तालिममा सहभागिता**: संस्थाद्वारा आयोजित सहकारी शिक्षा शिविर, वित्तीय साक्षरता कक्षा र विभिन्न सीपमूलक तालिमहरूमा सहभागी भई आफ्नो र संस्थाको क्षमता विकासमा सहयोग पुऱ्याउनु।
- **विवरण तथा सूचना अद्यावधिक** (KYM): आफ्नो व्यक्तिगत विवरण (KYM), ठेगाना, सम्पर्क नम्बर, वा तीन पुस्ते विवरणमा परिवर्तन आएमा तुरुन्त संस्थालाई जानकारी गराई आफ्नो खाता सधैँ अद्यावधिक राख्नु।
- **संस्थाको हित र आन्तरिक एकताको रक्षा**: संस्थाको बदनाम हुने खालका भ्रमपूर्ण कुराहरू समाजमा नफैलाउने, संस्थाको गोपनीयता कायम राख्ने, र "एकका लागि सबै, सबैका लागि एक" भन्ने सहकारी भावना अनुरूप अन्य सदस्यहरूलाई पनि संस्थामा आबद्ध हुन अभिप्रेरित गर्नु।
- **संस्थाको नीति र विनियमको पालना**: संस्थाको विनियम, आन्तरिक कार्यविधि, र साधारण सभा तथा सञ्चालक समितिले समय-समयमा पारित गरेका निर्णय र नीतिहरूको पूर्ण रूपमा पालना गर्नु।
- **औषत शेयर** ११,००० पुर्याउनको लागी बार्षिक रुपमा शेयर थप गर्नुपर्ने।

## निष्कर्ष

सगुन साकोसले केवल पैसाको कारोबार मात्र नगरी सदस्यहरूको व्यावहारिक जीवनका हरेक मोडमा अभिभावकत्व प्रदान गरेको छ। संस्थाले सदस्यको हितका लागि चौतर्फी कल्याणकारी कामहरू गरिरहँदा, सदस्यहरूले पनि आफ्नो वित्तीय अनुशासन र कर्तव्यहरू इमानदारिताका साथ पालना गर्नु जरुरी छ। अधिकार र कर्तव्यको यही सन्तुलनले नै सगुन साकोसलाई एउटा सुरक्षित, मर्यादित र अग्रणी सहकारीको रूपमा स्थापित गरिरहेको छ।

अधिकार र कर्तव्यको सन्तुलित पालनाले नै सहकारीलाई सुदृढ बनाउँछ। सगुन साकोसले आफ्ना सदस्यहरूको सुखदुःखको साथी बन्ने प्रण गरिरहँदा, सदस्यहरूबाट पनि उत्तिकै इमानदारिता र जिम्मेवारीको अपेक्षा राखेको हुन्छ। आउनुहोस्, हामी सञ्चालक, लेखा सुपरिवेक्षण समिति, व्यवस्थापन पक्ष र सम्पूर्ण आदरणीय सेयर सदस्यहरू एकाकार भई सगुन साकोसलाई देशकै उत्कृष्ट र सुरक्षित वित्तीय सहकारी संस्थाको रूपमा अगाडि बढाऔं।

धन्यवाद।

जय सगुन, जय सहकारी!

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

हरिवन, सर्लाहीको

# सचिवज्यूद्वारा प्रस्तुत प्रगति समिक्षा



**बिनोद कार्की**
सचिव

सहकारीको मुल्य, मान्यता तथा सिद्धान्त अनुरुप समुदायमा आधारित सदस्यकेन्द्रित कार्यहरु जस्तै शेयर तथा बचत स्विकार,सदस्यमाझ आवश्यकपर्दा खाँचो टार्ने, सदस्य माझमा सदस्यहरुकै हितको लागी समाज उपयोगी गतिविधी संचालन, खुला तथा स्वतन्त्ररुपमा सदस्यको सहभागिता तथा सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रण अनुसार नेतृत्व चयनको आधारमा हालसम्म सदस्यहरुको सेवामा अनवरत  कार्यरत संस्था सगुन बचत तथा ऋण सहकारी संस्था लि. हरिनव -११ सर्लाही हाल आएर यस क्षेत्रकौ सहकारी धरोहरको रुपमा स्थापित भएको छ। यस संस्थालाई यस अवस्था सम्म आईपुग्न विभिन्न आरोह अवरोह पार गर्दै अगाडि बढिरहेको छ। यसै क्रममा हाल २६ औ बसन्त पार गरि २७ औ बसन्तमा प्रबेश गरि सकेको छ। सामान्यतया सदस्यको हितलाई केन्द्रमा राख्दै बचतको माध्यमबाट पुँजी एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भरता बढाउने उदेश्यले मिति २०५७ साल श्रावण १९ गते यस संस्थाको जन्म भएको हो। ३६ जना शेयर सदस्यहरु बाट ग्रामीण समुदायमा सुरूवात गरिएको यो संस्था अहिले गौरवमय २७ औ बर्षमा प्रवेश गरिसकेकोछ। साथै नेपालका सहकारी संस्थाहरुको माझमा एक परिचित एवम् सवल संस्थाको रुपमा रहेको छ। यसै अवस्थालाई आधार मानी उत्साही र प्रतिबद्धताका साथ यस सगुन बचत तथा ऋण सहकारी संस्था लि. को गत आ.व. २०८२/०८३ को प्रगति समिक्षा यस गरिमामय साधारण सभामा प्रस्तुत गरिएको छ।

यस संस्थाले सहकारीको मुल्य मान्यता तथा सहकारीको मुलभुत सिद्धान्तलाई अंगिकार गर्दै समुदायका आफ्ना सदस्यहरुको माझमा लोकप्रिय बन्दै आएको छ। यस संस्थाले आफ्ना सदस्यहरुको आर्थिक बिकासमा मात्र नभएर सामाजिक कृयाकलापहरुको माध्यमबाट समग्र समुदायको बिकासका कार्यहरुलाई अगाडि बढाउदै आएको छ। साथै संस्थाले शेयर सदस्यहरुलाई सहकारी सम्बन्धी जानकारीहरु नियमित सदस्य शिक्षा कार्यक्रम गरि प्रदान गर्दै आएको छ।

संस्थामा आफ्ना सदस्यहरुको बिभिन्न किसिमका आर्थिक, सामाजिक तथा संस्कृतिक गतिबिधिहरुको माध्यमबाट २०८३ असार मसान्त सम्ममा कुल कारोबार रु.१,८९८,६१८,६२५/- पुगेको छ। संस्थाले यस समुदायका लागि मात्र नभएर राष्ट्रिय रुपमा सहयोग पुऱ्याउने किसिमले गरेको क्रियाकलापहरु मार्फत आर्थिक, सामाजिक, सांस्कृतिक रुपमा परिबर्तन गरि समृद्ध समाजको परिकल्पना गर्दै आएको छ।

**नियमित कार्य प्रणाली**

यस साकोसको संचालक समितीको बैठक १९ पटक, लेखा समितीको बैठक १२ पटक , ऋण उप-समितीको बैठक २५ पटक, महिला उप-समितीको ३ पटक, युवा उप-समितीको  बैठक १ पटक, लालबन्दी सदस्य सेवा केन्द उप-समिति १ पटक, बागमति सेवाकेन्द्र उप-समिति ३ पटक, हरिपूर सेवाकेन्द्र उप-समिति १ पटक, बरहथवा सेवाकेन्द्र उप-समिति १ पटक, बैठक बसी संस्थालाई अगाडी बढाउन ती बैठकहरुमा महत्वपूर्ण निर्णय गरी त्यसलाई कार्यान्वयनमा लगेको देखिन्छ।

**शेयर पुँजी तथा सदस्यता**

आ.ब. २०८२/०८३ मा सदस्यहरुलाई अनिवार्य बार्षिक रुपमा थप गराउनु पर्ने शेयर सबै शेयर सदस्यहरुवाट थप हुन नसक्नु, कार्यक्षेत्र भित्र आर्थिक कारोबार गर्ने अन्य ठुला बित्तीय संस्थाहरुको उपस्थिती हुनु, जस्ता कारणले शेयर पुँजी तथा सदस्यता बृद्धिमा

लक्ष्य अनुरुप उपलब्धी प्राप्त गर्न नसकिए पनि अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त एवं सहकारी ऐनको परिधिभित्र रहेर यस वर्षभरि नै सदस्यता खुल्ला राखिएको जसको फलस्वरूप आ.ब.२०८२/०८३ सम्ममा निम्नानुसारको सदस्यतामा तथा शेयर पुँजीमा वृद्धि भएकोछ।

**शेयर पुँजी**

| बिवरण | बास्तविक रु. | अनुमानित लक्ष्य रु. | लक्ष्य प्राप्ति % |
|---|---|---|---|
| शेयर पुँजी | १५२,३७६,६०० | १५,५९,१६,००० | ९७.७२ |
| सदस्यता | १४१२६ | १५००० | ९४.१७ |

**बचत :**

आ.ब.२०८२/०८३ मा सदस्यहरुलाई अनिवार्य बार्षिक रुपमा जम्मा गराउनु पर्ने नियमित बचत सबै सदस्यहरुमा पुर्ण रुपमा लागु गर्न नसकिएको, हाल चलिरहेको संकट बाबजुत उलेख्य मात्रामा बचत बृद्धिगर्न सकिएको छ । आ.ब.२०८२/०८३ मा निम्नानुसारको बचतको अबस्था रहेको छ।

| बास्तविक रु. | अनुमानित लक्ष्य रु. | लक्ष्य प्राप्ति % |
|---|---|---|
| १,५०३,३८४,६८८ | १,५००,०००,००० | १००.२२ |

**ऋण लगानी:**

आ.ब. २०८२/०८३ मा अपेक्षा गरे अनूरुप भाखा नाघेको ऋणलाई शुन्य बनाउने लक्ष्य राखिएको भएता पनि देश तथा बिदेशमा देखा परेको आर्थिक मन्दीको कारण संस्थाले सदस्यहरुमाझ गरिएको ऋणको किस्ता असुलीमा समस्या देखिएको छ । बिभागको परिपत्र तथा छाता संगठनहरुको मार्गनिर्देशन अनुसार आषाढ मसान्त सम्मकोऋणलाई आधारमान्दा करिव ८.२४% भाखा नाघेको ऋण हुन गएको अवस्था छ। आ.ब. २०८२/०८३ मा निम्नानुसारको ऋणको अबस्था रहको छ।

| बास्तविक रु. | अनुमानित लक्ष्य रु. | लक्ष्य प्राप्ति % |
|---|---|---|
| १,१८८,४२०,२५१ | १,४५०,०००,००० | ८१.९६ |

**बिप्रेषण सेवा (मनी ट्रान्सफर)**

रोजगारीको सिलसिलामा देशबाहिर जाने सदस्यले पठाउनुभएको रकमलाई संस्थामार्फत आफ्नै घर-दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन बिप्रेषणको कारोबार गर्ने संस्थाहरूसँग आवश्यक समन्वय गरी सेवालाइ विस्तार गरिएको छ भने देशभित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई ब्यबस्थित बनाउने प्रयत्न गरियको छ । प्राय यस क्षेत्रमा रकम आउने सबै किसिमका रेमिट्यान्स प्रदायक संस्थासँग सम्झौता गरि कार्य गरिएको छ।

**बाह्य कर्जा**

वित्तिय बजारमा तरलताको संकटको अवस्थामा नियमित रुपमा बचतको कमि संगै सदस्यहरुलाई साना-साना ऋण प्रदान गर्न आवश्यक स्रोतको ब्यवस्थापन गर्न बाह्य ऋण लिने नीति रहेको भए पनि संस्थामा प्रयाप्त तरलता रहेको हुँदा आ.ब. २०८२/०८३ मा संस्थाको बाह्य कर्जो छैन।

**कुल खर्च, कुल आम्दानी, खुद बचत**

संस्थाको अघिल्लो आ.व.को बिभिन्न शिर्षकमा कुल छुट्याएको बजेटको ८०.८३% खर्च भएको छ भने अपेक्षा गरिएको कुल

आम्दानीको ६९.७१% लक्ष्य प्राप्त गरेको छ। संस्थाले लिएको खुद बचत(नाफा) लक्ष्यको ४४।०८% ले मात्र लक्ष्य प्राप्त गरेको छ।

**सहकारी ऐन, नियमावली एवं मापदण्डको परिपालना**

संस्थाका हरेक क्रियाकलापको कार्यान्वयन एवं नीति निर्माणको तहमा पनि सहकारी ऐन नियमावली एवं मापदण्डको पालना गरिएको छ। नियामक निकाय सहकारी विभाग, प्रादेशिक सहकारी मन्त्रालय एवं बिभिन्न संघहरु मार्फत समय-समयमा दिइएका परिपत्र, मार्गनिर्देशन, सुझावहरूलाई सहकारीको मर्म र भावनाअनुसार परिमार्जन तथा सुधार गरिएको छ भने नियमित रूपमा संस्थाको सम्बन्धित निकायमा विवरण पेस गर्ने गरिएको छ। सम्पती शुद्धीकरण निवारणको बित्तीय जानकारी एकाईमा नियमित रुपमा विवरण पेस गर्ने गरिएको छ। कोपोमिसको पुर्णरुपमा कार्यान्वयन गरेका छौ।

**सहकार्य, समन्वय एवं एकीकरण**

यस संस्थाको कार्यक्रम र छविलाई प्रभावकारी र विस्तृत बनाउने उद्देश्यले राष्ट्रिय स्तरमा विभिन्न सङ्घ-संस्थाहरूसँग सम्पर्क र समन्वय गरी सम्बन्ध विस्तार गरिएको छ। बाह्य संस्था तथा संस्थाद्वारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा संस्थाको तर्फबाट सहभागिता रहँदै आएको छ।  संस्थाको उद्देश्य, भावना र कार्यगत प्रक्रिया मिल्ने संस्थाहरूसँग हातेमालो गर्दै खास गरी सहकारी ऐन, नियमावलीमा समयानुकूल परिमार्जन, उपयुक्त लगानी वातावरण, सहकारीको संस्थागत विकास र दिगोपन जस्ता क्षेत्रमा दबाब तथा वकालतको कार्यलाई निरन्तर विभिन्न चरणमा अगाडि बढाउने क्रममा यस सगुन बचत तथा ऋण सहकारी संस्था लि. को नेतृत्वले भुमिका निर्वाह गर्दै आएको छ। संस्थाको सुदृढिकरण तथा बिकास, ऐनको कार्यान्वयन तथा सबै स्थानमा संस्थाको पहुँच बृद्धि गराउने उद्देश्यले जिल्लामा रहेका अन्य संस्थाहरु सँग एकिकरणका लागि प्रयास गर्दै आइरहेको छ। एकिकरण सम्बन्धि कार्यदल बनाई कार्य गरिएकोछ। यसै संस्थाको नेतृत्वको अगुवाई तथा पहलकदमीमा जनताको प्रत्यक्ष आबश्यक्ता परिपुर्ति गर्ने उद्धेश्यका अन्य सहकारी संस्थाहरुको स्थापना, ब्यबस्थापन तथा संचालनमा सहयोग समेत गरिएको छ। सहकारी दिबसको उपलक्ष्यमा नगर सहकारी संजाल सँगको सहकार्यमा रक्तदानकार्यक्रम संचालन गरिएको।

**क्षमता अभिवृद्धि तथा सदस्य शिक्षा:**

संस्थाले शेयर सदस्यहरुलाई वित्तिय शिक्षा,ऋण लगानी गर्नु पुर्व शिक्षा, अभिमुखिकरण कार्यक्रम मार्फत सहकारी शिक्षाको ज्ञान दिदै आएको छ भने, बचत तथा निक्षेपको व्याजदर, ऋण लगानीका विधि, प्रक्रिया, सेवा सुबिधा सम्बन्धी जानकारी गराउदै वार्षिक रुपमा संस्थाको समग्र पक्षको वारेमा प्रतिवेदन पुस्तक प्रकाशन, क्यालेन्डर प्रकाशन आदिको माध्यमबाट संस्थाका अन्य गतिविधिहरुको समेत वारेमा जानकारी गराउँदै आईरहेको छ। विभिन्न उपल्लो संघ संस्था तथा बैंकले गरेको विभिन्न कार्यक्रम/तालिम/गोष्ठिमा संचालक तथा कर्मचारी सहभागी भई क्षमता अभिबृद्धि गर्ने कार्य सम्पन्न गरिएको छ।

| क्र.सं. | तालिमको नाम | समिति सदस्य तथा कर्मचारीको नाम | तालिम दिने संस्थाको नाम |
|---|---|---|---|
| १ | पूँजी पर्याप्तता तालिम | रविन्द्र राना, निरोज कुमार दाहल, बुद्ध कुमार प्याकुरेल, धन प्रसाद त्रिपाठी, चन्द्र बहादुर श्रेष्ठ | सगुन साकोस |
| २ | लघु उद्यम तालिम | १८ जना द्यमी सदस्य तथा ७ जना कर्मचारीहरु (शोभा कोइराला, इन्दिरा कुमारी आचार्य, विद्या तिवारी, अशोक कोइराला, कमल कुमार घलान, बिशाल दाहाल, मिना कुमारी श्रेष्ठ, मोहन ढुङ्गेल) | सगुन साकोस |
| ३ | साकोस सिमट | श्री केशब प्रसाद ढकाल, श्री राजकुमार उप्रेती | नेफस्कुन |
| ४ | SIYB तालिम | श्री राज कुमार उप्रेती | राष्ट्रिय सहकारी बैंक तालिम केन्द्र |
| ५ | Front line Employee Training | श्री सरिता कुमारी डुम्जन, राम राजेश महतो, सरोज कुमार महतो, उमेश रायमाझी | नेफस्कुन |

| क सं | तालिमको नाम | समिति सदस्य तथा कर्मचारीको नाम | तालिम दिने संस्थाको नाम |
|---|---|---|---|
| ६. | नियामकिय मापदण्ड पालना | श्री रविन्द्र राना, | जिल्ला बचत संघ, सर्लाही |
| ७ | Advance Excel Training | श्री किरण कार्की | जिल्ला बचत संघ , रौतहट |
| ८ | पाम कार्यशाला | श्री राज कुमार उप्रेती, श्री किरण कार्की, श्री रविन्द्र राना | नेफस्कुन, बर्दिबास |
| ९ | SIYB तालिम | रबिन्द्र राना, निरोज कुमार दाहल, धन प्रसाद त्रिपाठी, चन्द्र बहादुर श्रेष्ठ, शोभा न्यौपाने, राम राजेश महतो, साजन कार्की, बिद्या तिवारी, पदमा मोक्तान, मुखचन्द्र महतो, बाला कुमारी थापा मगर, राजकुमार उप्रेती | सगुन साकोस |

त्यसै गरी सदस्य शिक्षा कार्यक्रम ११ पटक गरि ११३१ सदस्यलाई सहकारी शिक्षा प्रदान गरिएको छ। ६५ बर्ष भन्दा माथिका शेयर सदस्य ५३ जना लाई तिर्थाटन भ्रमण गराइएको छ। ६४ जना शेयर सदस्यलाई ३ दिने अध्ययन अबलोकन भ्रमण गराईएको छ।

**सदस्य सेवा केन्द्र**

बिगत बर्षहरुमाभै संस्थाको सेवा मुख्य कार्यालय बाहेकका ५ वटा सेवाकेन्द्र लालबन्दी सेवाकेन्द्र, मिलनचौक सेवाकेन्द्र, इश्वरपुर सेवाकेन्द्र, हरिपुर सेवा केन्द्र र बरहथवा सेवाकेन्द्रबाट सदस्यहरुलाई सेवा उपलब्ध गराईएको छ।

**अतिरिक्त कृयाकलाप**

संस्थाद्धारा आ.ब.२०८२/०८३ मा बिबिध कारणबाट मृत्यु भई सदस्यता फिर्ता भएका ४२ जना सदस्यहरुको परिवारलाई राहत स्वरुपको रकमरु ६५०,०००/ उपलब्ध गराईएको छ। यस्तो राहत रकम सदस्यले नियमित बचत तथा शेयरमा गरेको कारोबार र सदस्य रहेको बर्षलाई आधार मानि तय गर्ने गरीएको छ। त्यसै गरि गत आ.व.मा सुत्केरी पोषण रकम रु २,०००/ को दरले सुत्केरी भएका ५१ जना सदस्य र एकाघरको लाई प्रदान गरिसकिएको छ। बाल बचतकर्तालाई जन्मदिनमा केक उपहार दिनेनिति लिएकोमा हाल सम्ममा ८१२ जना लाई केक उपहार प्रदान गरिएको छ। साथै संस्थाले निम्न बमोजिमको सामाजिक उत्तरदायित्व कार्य गरेको छ।

| क्र.सं. | विवरण | स्थान | कैफियत |
|---|---|---|---|
| १ | चित्रकला प्रतियोगिता | सगुन साकोस, | ७ वटा बिद्यालयका १३ जना बिद्यार्थी सहभागि |
| २. | बाल बचतकर्ता भेला | गणेशस्थान हरिवन | ९६ जना |
| ३ | रक्तदान कार्यक्रम | साधारण सभाको दिन असोज ६ गते | १०० जनाभन्दा बढी |
| ४ | डस्टबिन बितरण | श्री राम बहादुर पुलामी आ.बि., श्री प्राथमिक बिद्यालय मोहनपुर, श्री आधारभुत बिद्यालय पटौना, श्री प्राथमिक बिद्यालय पटौना, श्रीसर्बोदय प्रा.बि. हरिवन, श्री जनजागृती प्रा.बि. पर्ता टोल, श्री प्राथमिक बिद्यालय बालगंगा, श्री जनता प्रा.बि. दनुवारी, श्री प्राथमिक बिद्यालय अत्रौलि, श्री प्राथमिक बिद्यालय घुर्केली, श्री बाढिपिडित सुकुम्बसी प्रा.बि. हरिवन, श्री गणेश मन्दीर पटौना, उद्योग बाणिज्य संघ हरिवन | माग बमोजिमको जम्मा ४६ थान |
| ५ | मन्दीरमा टुडाँल निर्माण | चतर्भुजेश्वर मन्दीर सुकेपोखरी | टुडाँल निर्माण |
| ६. | बृक्षारोपण कार्य | गणेशस्थान हरिवन, | फलफुलको बिरुवा |
| ७. | तिर्थाटन भ्रमण | जेष्ठ सदस्य १ दिने भ्रमण हेटौडा | ५३ जना सदस्य |

| क्र.सं. | विवरण | स्थान | कैफियत |
|---|---|---|---|
| ८. | नारीलाई सम्मान | ११६ औं अर्न्तराष्ट्रिय नारी दिवसको अवसरमा उद्यमी नारी सम्मान तथा अंन्तरक्रिया | तिन जना उद्यमी नारी सम्मान |
| ९. | अध्ययन अवलोकन भ्रमण | सिन्धुली र दोलखाको राम्रो सहकारी अध्ययन अवलोकन भ्रमण । | ६४ जना सदस्य |
| १० | निर्माण कार्यको लागी सहयोग भवन निर्माण | मानब सेवा आश्रम, हरिवन | भवन निर्माणमा १ कोठा |
| ११ | ग्लोवल मनि विक | सचेतना सहितको र्‍याली तथा महादेव जनता मा.बि. का बिद्यार्थी सँग बित्तिय साक्षरता कार्यकम सम्पन्न । | हरिवन नगर क्षेत्र तथा महादेव जनता मा.बि. |
| १२ | महिला उद्यमी सम्मान | सगुन सहकारीको ३ जना महिला उद्यमी | सम्मान |
| १३ | तिज बिशेष कार्यक्रम | लालबन्दी, हरिपुर, बरहथवा र हरिवन | तिज बिशेष भेला |
| १४ | धर्मशाला निर्माण मा सहयोग | राधाकृष्ण धर्मशाला लालबन्दी | नगद सहयोग |
| १५ | कुर्सि तथा त्रिपाल सहयोग | हरहर मुक्तेश्वर मन्दीर, बरहथवा | कुर्सि तथा त्रिपाल सहयोग |

**सहकारी सहकारी विच पारस्परिक सम्बन्धः**

आ.व.२०८२/०८३ मा सहकारी सहकारी विचको पारस्परिक सम्बन्ध तथा सहकारीको असल अभ्यास जान्नको लागी यस संस्थालाई निम्न सहकारी संस्थाहरुले अध्ययन अवलोकन गर्नुभयो।

१. श्री राप्ती बिश्वासी साकोस, तुलसिपुर
२. श्री रानी श्वाराँ साकोस, गोरखा
३. श्री भक्तपुर साकोस, भक्तपुर
४. श्री सिद्धि गणेश साकोस
६. श्री गौरीशंकर साकोस,हेम्जा
७. बिकु साकोस, नवलपरासी
८. आईडियल साकोस, सप्तरी

माथिको समिक्षालाई अध्ययन गरे पश्चात यस चालु बर्षमा भबिष्यमा शेयर, बचत तथा ऋण लगानीलाई बृद्धि गर्न तथा बार्षिक योजना तथा बजेटलाई पुरा गर्ने प्रभाबकारी रणनीति तयार पार्नु आबश्यक छ भने जिल्ला भरीका सदस्यता हुन योग्यता पुगेका ब्यक्तिहरुलाई संस्थामा समेट्न, बचत बृद्धिका निमित्त आबश्यक रणनितिहरु तय गर्न, सहकारी ऐन २०७४ को भाबना बमोजिम आफ्ना कृयाकलापहरु संचालन गर्न, कर्जा लगानी तथा असुलीमा देखिएको कमी कमजोरीहरुलाई सुधार गर्न, सदस्यहरुलाई बढि भन्दा बढि सुबिधा प्राप्त गराउनको निमित्त उत्कृष्ट निति तथा रणनीतिहरु बनाई कार्य गर्दै जानु आबश्यक छ। सो का लागि संस्थाबाट आ.ब.२०८३/८४ को कार्ययोजना तथा बजेट तयार गरि पेश गरिएको छ। यसका साथै संस्थाको लक्ष्य प्राप्ती तथा बिकासका लागि संस्थाका बिभिन्न समिति उप-समितिहरुको नियमित चिन्तन तथा छलफलहरु, निर्णयहरु तथा ती निर्णयहरुको सफल कार्यान्वियनका लागि गरिनुपर्ने कार्यहरुका सम्बन्धमा योजनाबद्ध रुपमा सदैब अगाडि बढिरहनु पर्ने आबश्यकता छ।

जय सगुन। जय सहकारी॥

**बिनोद कार्की**
सचिव

C Kabita & ASSOCIATES
CHARTERED ACCOUNTANTS

Firm Reg. No. : 1375
COP No. : 1544
PAN No. : 10960281

## सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**हाम्रो स्वतन्त्र राय :**

हामीले यसै साथ संलग्न सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८३ असाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरण एवं प्रमुख लेखानीतिहरू र लेखासम्बन्धी टिप्पणीहरू समेत समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संस्थाको वित्तीय विवरणहरूले २०८३ आषाढ मसान्तको आर्थिक अवस्था तथा उक्त अवधिको नाफा नोक्सान र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ । उक्त वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards – NFRS) बमोजिम तयार गरिएका छन् ।

**रायको आधार :**

हामीले नेपाल लेखापरीक्षणमानको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं । लेखा परीक्षण मान तथा मार्गदर्शन अनुरूपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरीएको छ । संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेको छौं । हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधारमा प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

**लेखापरिक्षणको मुख्य विषयहरू (Key Audit Matters) :**

लेखापरीक्षणको मुख्य विषयहरू ती विषयहरू हुन जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवणहरूको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छ । यी विषयहरू हाम्रो समग्र वित्तीय विवरणहरूको लेखापरीक्षणको सन्दर्भमा र त्यसमा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामी यी विषयहरूमा छुट्टै राय प्रदान गर्दैनौ ।

संस्था र लेखापरीक्षणका तथ्य र परिस्थितिहरूमा निर्भर गर्दै, हामीले हाम्रो प्रतिवेदनमा सञ्चार गर्न कुनै प्रमुख लेखापरीक्षण विषयहरू छैनन् भनी निर्धारण गरेका छौं ।

**अन्य विषय (Other Matter)**

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरीक नियन्त्रणसँग सम्बन्धित कमीकमजोरीहरू तथा सो निराकरणका लागि दिइएका सुझावहरू (व्यावस्थापन पत्र) प्रति यहाँहरूको ध्यानकर्षण गर्दछौं ।

**वित्तीय विवरणप्रति व्यवस्थापनको उत्तरदायित्व :**

नेपाल लेखामान अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटीरहित, वित्तीय विवरण तयार पार्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखानीतिहरूको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान र खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धी आवश्यक कुराहरूको खुलासा गर्नुपर्दछ साथै संस्थालाई लिकुइडेट गर्न वा संचालन बन्द गर्न नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न (Going Concern) निकायलाई लेखापालनको

C. Kabita & Associates Chartered Accountants

Bhartapur-7, Chitwan
9851466000, 9845999171
contact@ckabitaassociates.com.np

आधारको रूपमा प्रयोग गर्नुपर्दछ । यो सबै व्यवस्थापनको पूर्ण रूपमा जिम्मेवारी रहन्छ । संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :**

वित्तीय विवरणहरू सम्पूर्ण रूपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रूपमा त्रुटी रहित छन् वा छैनन् भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च आश्वस्तता भएतापनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमानहरू बमोजिम गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुती, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन र ती प्रस्तुतीहरूले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई अलग अलग वा समग्ररूपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतीलाई सारभूत रूपमा गलत प्रस्तुती भनिन्छ ।

नेपाल लेखापरीक्षण मान बमोजिम लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखी पेशागत अभ्यास गर्दछौं । क्रमश हामीले

- ✓ वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतीहरूको जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रकृयाहरू तर्जुमा गरी हाम्रो मन्तब्य प्रदान गर्ने आधारहरूको लागि प्रर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौ । मिलीभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरीक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकाले गल्तीहरू भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतीहरूको पहिचान नहुने जोखिम अधिक रहन्छ ।
- ✓ संस्थाको आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रकृयाहरू तजुर्मा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरीक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- ✓ व्यवस्थापनले प्रयोग गरेको लेखा नीतिहरूको औचित्य लेखा अनुमानको व्यवहारीकता तथा लेखा सम्बन्धी खुलासाहरूको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- ✓ व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारीत लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारको कुनै घटना वा अवस्थाहरूसंग सम्बन्धीत सारभूत अनिश्चितताको संस्थाको व्यवसायको निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय परीमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारीत रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरूले संस्था अविछिन्न निकायको रूपमा नरहन सक्दछ ।
- ✓ वित्तीय विवरणको समग्र प्रस्तुतीकरणको ढाचाँ र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिर्हित कारोबार एंवम घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रूपमा प्रस्तुतीकरण गरे नगरेको मूल्यांकन गर्दछौ । हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरूलाई अन्य बिषयका अतिरिक्त, लेखापरीक्षणका खोजहरू लगायत संस्थाको आन्तरीक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउदछौं । सुशासनको जिम्मेवारी बहन गरेकाहरूलाई प्रासगिंक नैतिक आवश्यकताहरू पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरू साथै सो सम्बन्धी प्रतिरोधका बारेमा समेत जानकारी गराउदछौं ।

**अन्य कानुनी तथा नियमकारीको आवश्यकता माथिको प्रतिवेदन :**

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवम उपलब्ध स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणका लागि आवश्यक ठानेका सबै सूचना तथा स्पष्टिकरणहरू यथाशीघ्र पायौं ।

ख) यस प्रतिवेदनसँग सम्बन्धीत संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तत्सम्बन्धी अनुसूचिहरूले लेखाको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार यथार्थ चित्रण गर्दछ ।

C. Kabita & Associates Chartered Accountants

ग) हामीले लेखारीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू र सहकारी विभागद्धारा लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरू बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको शिलशिलामा पाएसम्मको सूचना एवम हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाव किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ता हरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) संस्थाले गरेको कारोबार त्यसको अख्तियारी भित्र रहेको र यी कारोबार सन्तोषजनक रूपमा भएको देखिन्छ ।

च) संस्थाको संचालक समिति वा कुनै संचालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन विरूद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाब गरेको देखिदैन ।

Kabita & Associates
Chartered Accountants

सि.ए. कविता चौधरी
**सि. कविता एण्ड एसोसियट्स**
स्थान : भरतपुर, चितवन
मिति : २०८३/०५/०१
**UDIN: 260817CA02320dyFWY**

# सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**हरिवन - ११, सर्लाही, मधेश प्रदेश, नेपाल**

## वित्तीय स्थितिको विवरण (वासलात)

३२ आषाढ २०८३ (तदानुसार १६ जुलाई, २०२६)

| सम्पत्ति तथा जायजेथा | अनुसूची | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|---|
| नगद तथा नगद समान | ४.१ | ६५५,७१०,६८२ | ४४०,००९,१२२ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | | |
| सदस्यहरुलाई लगानी गरिएको हिसाब | ४.३ | १,१५७,९२५,६२८ | १,१७४,६२८,७९८ |
| धितोपत्र (शेयर) लगानी सम्पत्ति | ४.४ | २८,२३९,००० | २८,२३९,००० |
| सम्पत्ति तथा उपकरणहरु | ४.७ | ३३,०१५,१८२ | २८,६२९,६१९ |
| लगानी सम्पत्ति | ४.६ | १६,२३५,२४० | २१,४८९,८०० |
| ख्याती र अमूर्त सम्पत्ति | ४.८ | २११,५३६ | २८२,०४८ |
| स्थगन कर सम्पत्ति | ४.९ | - | - |
| चालु कर सम्पत्ति | ४.१३ | १,९२८,८८३ | १,२८४,६९८ |
| अन्य सम्पत्ति | ४.१० | ५,३५२,४७४ | ८,९३९,३९१ |
| **कुल सम्पत्ति तथा जायजेथा** | | **१,८९८,६१८,६२५** | **१,७०३,५०२,४७७** |
| | | | |
| **पूँजी तथा दायित्व** | **अनुसूची** | **३२ आषाढ २०८३** | **३२ आषाढ २०८२** |
| सदस्यहरुबाट संकलन गरेको बचत | ४.११ | १,५०३,३८४,६८८ | १,३३२,२५४,६३४ |
| बाह्य ऋण तथा सापटी | ४.१२ | - | - |
| स्थगन कर दायित्व | ४.९ | २,३६१,०९६ | २,०२७,६५८ |
| चालु कर दायित्व | ४.१३ | - | - |
| पट्टा दायित्व | ४.१४ | ७,२७२,०९१ | - |
| अन्य दायित्व | ४.१५ | ४२,०१७,०६४ | ४२,८६८,२७७ |
| **कुल दायित्व** | | **१,५५५,०३४,९४०** | **१,३७७,१५०,५६८** |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४.१६ | १५२,३७६,६०० | १५१,१०४,००० |
| संचित मुनाफा | | - | - |
| जगेडा तथा अन्य कोषहरु | ४.५ | १९१,२०७,०८६ | १७५,२४७,९०८ |
| **कुल पूँजी** | | **३४३,५८३,६८६** | **३२६,३५१,९०८** |
| **कुल पूँजी तथा दायित्व** | | **१,८९८,६१८,६२५** | **१,७०३,५०२,४७७** |

अनुसूची ४.१ देखि ४.२१ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन्।

[illegible] कुमार [illegible]
लेखा [illegible]

रविन्द्र राना
व्यवस्थापक

[illegible]
[illegible]

विनोद कार्की
सचिव

[illegible] कुमार उप्रेती
उपाध्यक्ष

केशव प्रसाद ढकाल
अध्यक्ष

[illegible] कविता चौधरी
लेखापरीक्षक
कविता एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

बाला कुमारी थापा मगर खड्का
संचालक

[illegible] चन्द महतो
संचालक

[illegible] कुमारी [illegible]
संचालक

टिका जंग थापा
संचालक

हरि प्रसाद पुडासैनी
संचालक

मिति: २०८३/०५/०१
स्थान: हरिवन - ११, सर्लाही

# सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हरिवन - ११, सर्लाही, मधेश प्रदेश, नेपाल

## नाफा / नोक्सान हिसाबको विवरण र विस्तृत आम्दानी

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्म

| विवरण | अनुसूची | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१७ | १४२,६७५,०४५ | १६३,६२८,६२८ |
| ब्याज खर्च | ४.१८ | ६८,१७४,०२७ | ८०,२९३,०३३ |
| **खुद ब्याज आम्दानी/(खर्च)** | | ७४,५०१,०१८ | ८३,३३५,५९५ |
| शुल्क तथा कमिशन अम्दानी | ४.२० | ६,१०५,९५० | ६,९४१,२४२ |
| शुल्क तथा कमिशन खर्च | ४.२१ | ५०८,५१२ | ५०४,३९८ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | ५,५९७,४३९ | ६,४३६,८४४ |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | ८०,०९८,४५६ | ८९,७७२,४४० |
| अन्य सञ्चालन आम्दानी | ४.१९ | १,६९३,१२६ | १,३१८,७४३ |
| **कुल सञ्चालन आम्दानी** | | ८१,७९१,५८२ | ९१,०९१,१८३ |
| कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने/(फिर्ता) | ४.२२ | ४,१३३,९९९ | २३,९२०,३९७ |
| **खुद सञ्चालन आम्दानी** | | ७७,६५७,५८३ | ६७,१७०,७८६ |
| कर्मचारी खर्च | ४.२३ | २५,९३५,६५२ | २५,२४०,८८५ |
| प्रशाशनिक तथा अन्य सञ्चालन खर्च | ४.२४ | १८,८०७,४६५ | १९,४०५,२३० |
| ह्रासकट्टी खर्च र परिषोधन | ४.७ | ४,०८९,४१४ | ३,४३६,१४९ |
| **सञ्चालन मुनाफा** | | २८,८२५,०५३ | १९,०८८,५२२ |
| पुनः मूल्याङ्कन (नाफा) घाटा | | - | - |
| **आयकर अधिको मुनाफा** | | २८,८२५,०५३ | १९,०८८,५२२ |
| **आयकर खर्च** | | . | |
| स्थगन कर खर्च/(आम्दानी) | ४.९ | ३३३,४३८.४० | ९७०,६२९ |
| चालू आयकर | | २,६३९,४३६.३४ | २,२६२,२१७ |
| **यस वर्षको मुनाफा** | | २५,८५२,१७८ | १५,८५५,६७६ |
| **अन्य विस्तृत आम्दानी :** | | | |
| अन्य विस्तृत आम्दानी अर्को अवधिमा नाफा वा नोक्सानमा पुनः वर्गीकृत गर्नु नहुने | | - | - |
| समायोजन (पुनः मूल्याङ्कन कोष) (OCI) | | - | - |
| स्थगन कर खर्च/(आम्दानी) (OCI) | | - | - |
| **कुल अन्य विस्तृत आम्दानी** | | २५,८५२,१७८ | १५,८५५,६७६ |

अनुसूची ४.१ देखि ४.२१ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन्।

बुद्ध कुमार प्याकुरेल
लेखा अधिकृत

रविन्द्र राना
व्यवस्थापक

पदमा मुक्तान
कोषाध्यक्ष

विनोद कार्की
सचिव

राज कुमार उप्रेती
उपाध्यक्ष

केशव प्रसाद बकाल
अध्यक्ष

सि. कविता एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्टस

बाला कुमारी थापा मगर
संचालक

ध्रुव चन्द्र महतो
संचालक

सुशिला कुमारी कट्वेल
संचालक

टिका जंग थापा
संचालक

हरि प्रसाद पुडासैनी
संचालक

मिति: २०८३/०५/०१
स्थान: हरिवन - ११, सर्लाही

## सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
हरिवन - ११, सर्लाही, मधेश प्रदेश, नेपाल

### ईक्युटीमा भएको परिवर्तनको विवरण
श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्म

| विवरण | पूँजी कोष | NFRS कोष | साधारण जगेडा कोष | संरक्षित पूँजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | घाटापूर्ति कोष | सहकारी शिक्षा कोष | सहकारी विकास कोष | ऋण सुरक्षण कोष | अन्य जोखिम बेहोर्ने कोष | सामुदायिक विकास कोष | स्थिरीकरण कोष | अन्य/समायोजन कोष |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१ श्रावण २०८१ को मौज्दात** | **१४,८४,२५,२००** | **१,६६,७५,४६४** | **१३,१८,०३,५०३** | **५८,०५,५२८** | **१,१६,१११** | **१,२१,१०,३३२** | **६३,५८,५०२** | **१४,७५,४८४** | **८,६५,०२४** | **-** | **८,६५,०२४** | **८,६५,०२४** | **८,६५,०२४** | **-** |
| यस वर्षको मुनाफा | - | ४,२३,९०६ | ३८,५७,९४२ | २८,१३,४५७ | ५७,८६९ | ६०,३५,७७१ | ४,३१,१२५ | ४,३१,१२५ | ४,३१,१२५ | - | ४,३१,१२५ | ४,३१,१२५ | ४,३१,१२५ | - |
| शेयर जारी | ७४,८६,३०० | | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कोषमा सारिएको रकम | - | | | - | - | - | - | - | - | - | - | - | - | - |
| विभिन्न कोषको समायोजन | - | | ३४,५५,३७६ | (५८,०५,५२५) | - | - | - | (७०४,८७६) | (८,६५,०२४) | - | (८,६५,०२४) | (८,६५,०२४) | (८,६५,०२३) | - |
| शेयर/कोषबाट फिर्ता गरिएको रकम | (४८,०७,५००) | | - | - | (१,१६,१११) | - | - | - | - | - | - | - | - | - |
| लाभांश भुक्तानी | - | | - | - | - | (१,२१,१०,३३२) | - | - | - | - | - | - | - | - |
| अन्य परिवर्तनहरु (खर्च) | - | ५,०२,१७६ | १,२४,६०० | - | - | - | | - | - | - | - | - | - | - |
| **आषाढ ३१, २०८२सालको मौज्दात** | **१५,११,०४,०००** | **१,७६,०२,५४६** | **१३,९२,४१,४२२** | **२८,१३,४६०** | **५७,८६९** | **६०,३५,७७१** | **६७,८९,६२७** | **१२०२७३२** | **४,३१,१२५** | **-** | **४,३१,१२५** | **४,३१,१२५** | **४,३१,१२६** | **-** |
| **चालु वर्ष आय कर दायित्व** | | |
| गत वर्ष कर दायित्व | - | - |
| चालु वर्ष कर दायित्व | २६,३९,४३६ | २२,६२,२१७ |
| **जम्मा** | **(१९,२८,८८३)** | **(१२,८४,६९८)** |

**पट्टा दायित्व** — **अनुसूची ४.१४**

| विवरण | आषाढ मसान्त २०८३ | आषाढ मसान्त २०८२ |
|---|---|---|
| चालु दायित्व | - | - |
| दिर्घकालिन दायित्व | ७२,७२,०९१ | - |
| **जम्मा** | **७२,७२,०९१** | **-** |

| विवरण | आषाढ मसान्त २०८३ | आषाढ मसान्त २०८२ |
|---|---|---|
| **पट्टाको परिपक्वता विश्लेषण: छूट नगरिएको सम्झौतामा आधारित नगद प्रवाह** | | |
| एक वर्ष ननाघेको | - | - |
| एक वर्ष भन्दा बढी छ वर्ष भन्दा कम | ७२,७२,०९१ | |
| छ वर्ष भन्दा माथिको | | |
| **जम्मा** | **७२,७२,०९१** | **-** |

**अन्य दायित्व** — **अनुसूची ४.१५**

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| लेखापरीक्षण शुल्क तिर्नुपर्ने | २,२३,००० | २,४६,६८१ |
| लेखापरीक्षण शुल्कमा अग्रिम कर | ३,००० | ३,३१९ |
| ऋण सुरक्षा दायित्व | १,५४,८५,२४० | २,०१,७४,८०० |
| सदस्य राहत दायित्व | १,६९,८२,६६२ | १,७५,००,००० |
| सन्ड्री क्रेडिटर्स | ५१,३९,८३८ | १६,३७,३२० |
| कर दायित्व | १०,०४,४२७ | ११,८२,३९६ |
| कर्मचारी बोनस कोष | २८,९४,५७१ | २१,२०,९४७ |
| सदस्यलाई भुक्तानी दिनुपर्ने ब्याज | ७,५९२ | ४६९ |
| अन्य | २,७६,७३४ | २,३४६ |
| **जम्मा** | **४,२०,१७,०६४** | **४,२८,६८,२७७** |

C. Kabita & Associates
Chartered Accountants

**कर दायित्व** — अनुसूची ४.१५.१

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---:|---:|
| अग्रीम करकट्टी (विविध) | १७,६४६ | - |
| बैठक भत्ता अग्रीमकर | १७,४१६ | ४०,७५१ |
| दाखिला गर्नुपर्ने व्याजकर | ९,५३,९८६ | ११,१३,३८१ |
| अग्रीम करकट्टी (सामाजिक सुरक्षाकर) | १५,३७९ | २८,२६४ |
| **जम्मा** | **१०,०४,४२७** | **११,८२,३९६** |

**शेयर पूँजी** — अनुसूची ४.१६

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---:|---:|
| साधारण शेयर | १५,२३,७६६ | १५,११,०४० |
| साधारण शेयर प्रति रु. १०० | १५,२३,७६,६०० | १५,११,०४,००० |
| **जम्मा** | **१५,२३,७६,६००** | **१५,११,०४,०००** |

**संचित मुनाफा**

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---:|---:|
| संचित मुनाफा | - | - |
| **जम्मा** | - | - |



# सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## हरिवन - ११, सर्लाही, मधेश प्रदेश, नेपाल

## वित्तीय विवरणहरूसँग सम्बन्धित अनुसूचीहरू

आर्थिक वर्ष : २०८२/२०८३

**ब्याज आम्दानी** — अनुसूची ४.१७

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| सदस्यहरुलाई प्रदान गरेको कर्जा तथा सापटबाट प्राप्त | १३,१८,७४,२५० | १५,२८,६७,८९८ |
| पाउन बाँकी ब्याज प्राप्त (श्रावण १ देखि श्रावण १५ सम्म) | - | ७,५१,३४७ |
| पाउन बाँकी ब्याज (एन.एफ.आर.एस) | ३४,३७,८५८ | २०,५७,११९ |
| अन्य लगानीबाट प्राप्त | ७३,६२,९३७ | ७९,५२,२६४ |
| **जम्मा** | **१४,२६,७५,०४५** | **१६,३६,२८,६२८** |

नगद तथा नगद समान सम्पत्ति, ऋण तथा सापटी, लगानीमा प्राप्त ब्याजलाई यस शिर्षक अन्तर्गत देखाईएको छ। यी आम्दानी एक्रुअल (पाकेको बखत सिर्जना हुने) आधारमा लेखाङ्न गरिन्छ।

**ब्याज खर्च** — अनुसूची ४.१८

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| बैंक तथा वित्तिय संस्थाबाट प्राप्त भएको कर्जा | - | १,२४,२९७ |
| निक्षेप | ६,७४,४६,५४९ | ८,०१,६८,७३५ |
| पट्टा दायित्वमा ब्याज खर्च | ७,२७,४७८ | - |
| अन्य | | - |
| **जम्मा** | **६,८१,७४,०२७** | **८,०२,९३,०३३** |

**अन्य सञ्चालन आम्दानी** — अनुसूची ४.१९

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| लाभांस आम्दानी | - | - |
| प्रवेश शुल्क | ७७,५२० | १,१२,३२० |
| ऋण सेवा शुल्क | - | ११,००० |
| घर भाडा आय | ९,१५,३८१ | ९,०५,७२२ |
| एटिएम सेवा आय | ९,९९७ | १३,५९९ |
| गैरबैंकिङ सम्पत्ति बिक्री को नाफा/घाटा | ३,४३,२१९ | |
| अन्य आम्दानी | ३,४७,००९ | २,७६,१०२ |
| **जम्मा** | **१६,९३,१२६** | **१३,१८,७४३** |

**शुल्क तथा कमिशन आम्दानी** — अनुसूची ४.२०

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| कर्जा प्रशासन शुल्क | ४०,९२,६८४ | ४५,९४,०३४ |
| सेवा शुल्क | २०,०३,८२० | २३,३३,५२६ |
| अन्य कमिशन तथा शुल्क | ९,४४६ | १३,६८२ |
| **जम्मा** | **६१,०५,९५०** | **६९,४१,२४२** |

**शुल्क तथा कमिशन खर्च** — अनुसूची ४.२१

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| अन्य कमिशन तथा शुल्क | ५,०८,५१२ | ५,०४,३९८ |
| **जम्मा** | **५,०८,५१२** | **५,०४,३९८** |

**कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने/(फिर्ता)** — अनुसूची ४.२२

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| | | |
| यस वर्षमा थप कर्जा नोक्सानी व्यवस्था | ८८,२३,५५८ | २,३९,२०,३९७ |
| यस वर्षमा कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ता | ४६,८९,५५९ | - |
| **जम्मा** | **४१,३३,९९९** | **२,३९,२०,३९७** |

**कर्मचारी खर्च** — अनुसूची ४.२३

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| तलब | १,७७,१५,०४३ | १,७२,८२,४११ |
| भत्ता | १,९५,४५० | १,९४,७५० |
| उपदान खर्च | ११,८६,७८० | ११,८६,७८० |
| पोशाक | २,९०,००० | ३,००,००० |
| कर्मचारी Incentive | | - |
| सामाजिक सुरक्षा कोष | २६,४२,३५४ | २६,२४,२७५ |
| कर्मचारी तालिम खर्च | १,५०,७५५ | ५,९७,९२२ |
| अन्य कर्मचारी खर्च | ८,६०,७०० | ९,३३,८०० |
| NFRS अन्तर्गतको वित्तिय खर्च | | - |
| **जम्मा** | **२,३०,४१,०८१** | **२,३१,१९,९३८** |
| कर्मचारी बोनस | २८,९४,५७१ | २१,२०,९४७ |
| **जम्मा** | **२,५९,३५,६५२** | **२,५२,४०,८८५** |

**प्रशासनिक तथा अन्य सञ्चालन खर्च** — अनुसूची ४.२४

| विवरण | ३२ आषाढ २०८३ | ३२ आषाढ २०८२ |
|---|---|---|
| सञ्चालक समिति बैठक भत्ता | ५,४७,९५१ | ४,८९,११० |
| सञ्चालक समिति अन्य खर्च | २,०६,२५० | २,६३,७५० |
| साधारण सभा खर्च | ४३,३०,१७१ | ४२,४९,५९८ |
| कार्यालय प्रशासनिक खर्च | ४२,९५,५१६ | ३८,०५,३३१ |
| सञ्चालन पट्टा (Lease) खर्च | - | ११,४१,११२ |
| लेखापरीक्षण खर्च तथा शुल्क | २,२६,००० | २,५०,००० |
| सामाजिक क्रियाकलाप खर्च | १८,३१,८१५ | १३,९१,९९२ |
| पेशागत तथा कानूनी खर्च | | - |
| अन्य प्रशासनिक खर्च | २०,०७,१०८ | १२,६०,०४७ |
| ब्याज छुट खर्च | ४८,९१,९७३ | ५८,७२,२९९ |
| मर्मत तथा सम्भार | ३,८२,५४३ | ६,११,७४३ |
| विविध खर्च | ८८,१३८ | ७०,२४८ |
| **जम्मा** | **१,८८,०७,४६५** | **१,९४,०५,२३०** |

## ५. खुलासा र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

विशेष गरी, सहकारी कार्यक्रमले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा वास्तविक लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि जोखिमको बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ। त्यसैले, सहकारीले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गरिएको छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाइएको छ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, क्रेडिट जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न पूर्ण रूपमा कार्यात्मक लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको साथै आवधिक रूपमा निरीक्षण गर्दछ र वरिष्ठ व्यवस्थापन, लेखा सुपरिवेक्षण समिति र संचालक समितिको निरीक्षणमा राखिन्छ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गरिन्छ ।

**लेखा सुपरिवेक्षण समितिः**

लेखा सुपरिवेक्षण समिति वार्षिक साधारण सभाद्वारा नियुक्त एक स्वतन्त्र समिति हो, जसको जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारीले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र यसलाई समर्थन गर्ने शासन संरचनामा ग्रहण गर्न सक्षम र इच्छुक जोखिम भोकको सन्दर्भमा निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले यसको अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय डेटाको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्ने हो। लेखा सुपरिवेक्षण समितिमा निम्न सदस्यहरू छन्:

| स.न. | नाम | पद |
|---|---|---|
| १ | जय शंकर सिंह | संयोजक |
| २ | बिप्लव कार्की | सदस्य |
| ३ | निर्मला कुमारी मैनाली प्रसाई | सदस्य |

**जोखिम प्रशासन**

सहकारीले उद्यम स्तरमा सहकारीमा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र स्वामित्व मानसिकता, क्षमता निर्माण कार्यक्रमहरू, राम्रोसँग परिभाषित कार्य जिम्मेवारीहरू र राम्रो नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालक समिति सञ्चालन जोखिम र ऋण जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि जिम्मेवार छ ।

सहकारीको जोखिम प्रशासन संरचना यस्तो छ कि सहकारीको जोखिम कम्बल भित्र जोखिम कायम राख्ने जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा खसालिएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बोर्ड, यसका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

### तरलता जोखिम

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो। यो सामान्यतया प्रक्रियामा पूँजी र/वा आम्दानीको क्षति बिना सुरक्षा वा ठोस सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले हुन्छ। सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ। तरलता सम्पत्ति स्थितिहरूको लागि आवश्यक कोष स्वीकार्य सर्तहरूमा सहकारीलाई उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू हुन सक्छन्। तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैनन्, तिनीहरूले बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन्। त्यसैले, सहकारीले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गरेको छ।

### ब्याजदर जोखिम

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले बन्ड वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो। सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।

सम्पत्ति र दायित्वको भुक्तानी अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र ब्याज नतिरेको रकम समावेश गरिएको छ।

### क्रेडिट जोखिम

ऋण जोखिम भनेको ऋणीले स्वीकार गरेको सर्त अनुसार कुनै पनि ऋणीले ऋण तिर्न नसक्ने सम्भावना हो। ऋण कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत हो। ऋणीले ऋण लिंदा ऋणीले सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ। त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ। लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, जोखिम कम गर्न मानक ऋण वितरण प्रक्रिया पालना गरिन्छ। ऋण स्वीकृत गर्ने र लगानी गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण लगानी गर्नुपर्छ। निम्न प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ:

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्नु,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्नु,
- ऋण लिएको पछिल्ला महिनाहरूमा उधारिएको कोषको उपयोगिताको निगरानी गर्ने र कोष आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने, यदि धितो ऋण हो भने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्नुहोस् र नोक्सान व्यवस्था मिलाउने,
- यसको उपनियम बमोजिमको सीमा भित्र ऋणको वितरण,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने।

**सञ्चालन जोखिम**

संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रममा साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ, एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा ग्रामीण क्षेत्रमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको क्रेडिट जोखिम (प्रतिष्ठा जोखिम) बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

सहकारीले बजार जोखिमलाई बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारीको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावनाको रूपमा मान्यता दिन्छ ।

बजारको अवस्था र माग बुझेपछि, सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू ल्याउँछन्, र माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस सहकारीप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/राहने दर

**संस्थागत वा रणनीतिक जोखिम**

कम्पनीको मूल्य निर्धारण गर्ने क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि कम्पनीले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ। यो र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, निम्न कुराहरू विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- हाम्रा ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

बोर्ड र व्यवस्थापन जोखिम व्यवस्थापन गर्न र आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूलाई नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न प्रतिबद्ध छ। यो प्राप्त गर्न, सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ। लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ। आन्तरिक लेखा परीक्षक विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभरि आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। आन्तरिक लेखा परीक्षक कार्य जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा निर्देशक सञ्चालक समितिलाई पठाइन्छ। सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ।

**अनुपालन जोखिम**

सहकारी जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्न प्रतिबद्ध छ। यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ। दैनिक सञ्चालनमा तीन पङ्क्तिको रक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ। रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जुन अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको सुनिश्चित गर्न जिम्मेवार छन्। रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ। अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ। रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारीलाई सहयोग गर्दछ।

**५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको वास्तविक मूल्य**

वास्तविक मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन। केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ। अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ। यद्यपि, दुवै अवस्थामा वास्तविक मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो। (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य)।

## ५.३ सम्बन्धित पक्षको खुलासा

### संचालक र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूको सूची

सञ्चालक समितिका सदस्यहरू, लेखा समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ ।

NAS २४ अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्ष लेनदेनको रूपमा पहिचान गरिएको छ :

| स.नं. | नाम | सम्बन्ध | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | केशव प्रसाद ढकाल | अध्यक्ष | २०८१/०६/०६ | २०८५/०६/०६ |
| २ | राज कुमार उप्रेती | उपाध्यक्ष | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ३ | विनोद कार्की | सचिव | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ४ | पद्मा मोक्तान | कोषाध्यक्ष | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ५ | हरि प्रसाद पुडासैनी | सदस्य | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ६ | टिकाजंग थापा | सदस्य | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ७ | शुसिला कुमारी कटुवाल | सदस्य | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ८ | मुखचन्द्र महतो | सदस्य | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ९ | बाला कुमारी थापा मगर खड्का | सदस्य | २०८१/०६/०६ | २०८५/०६/०६ |
| १० | जय शंकर सिंह | ले.सु.स.संयोजक | २०८१/०६/०६ | २०८५/०६/०६ |
| ११ | बिप्लब कार्की | ले.सु.स. सदस्य | २०८१/०६/०६ | २०८५/०६/०६ |
| १२ | निर्मला कुमारी मैनाली प्रसाई | ले.सु.स.सदस्य | २०८१/०६/०६ | २०८५/०६/०६ |

### संचालकहरु र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूसँगको कारोबार र भुक्तानी

सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | ५४७,९५१ | ४८९,११० |
| सञ्चालक समिति अन्य सुविधाहरू | २०७,२५० | २६३,७५० |
| कुल | ७५४,२०१ | ७५२,८६० |

माथिका अतिरिक्त, सहकारीले सहकारीको वित्तीय नीति अनुसार यात्रा भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ ।

## ५.४ खण्ड विश्लेषण (Segment Analysis)

सहकारीको सञ्चालन केन्द्रीय रूपमा प्रधान कार्यालयबाट नै हुने गर्दछ । सबै रणनीतिक, वित्तीय र सञ्चालन नीतिहरू र सञ्चालनहरू प्रधान कार्यालयबाट नियन्त्रित र निर्देशित हुन्छन् । सहकारी विभिन्न प्रदेशहरूमा सञ्चालित छन् । यद्यपि यसको एकल क्षेत्राधिकार छ । सहकारीको व्यवस्थापनको लागि सहायक समर्थन सेवाहरू द्वारा समर्थित विभिन्न प्रकारका सञ्चालनहरूमा आधारित छ ।

**सहकारीले निम्न खण्डहरूलाई रिपोर्टयोग्य ठानेको छ :**

**क**. बचत र निक्षेप खण्डमा निक्षेप सङ्कलन र कर्जा सम्बन्धित गतिविधिहरू जस्ता कार्यहरू समावेश छन्,

## ५.५ मर्जर र प्राप्ति

सहकारीले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

## ५.६ गैर-समावेशित संस्थाहरूको थप खुलासा

सहकारीको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

## ५.७ रिपोर्टिङ मिति पछिका घटनाहरू

NAS १० "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि अवलोकन गरिँदैन ।

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

हरिवन, सर्लाहीको



**जयशंकर सिंह**
**लेखा सुपरिवेक्षण समिति संयोजक**

आदरणीय शेयरधनी सदस्यज्यूहरू,
जय सहकारी!

अर्थतन्त्रमा आएको चौतर्फी शिथिलता र आर्थिक मन्दीको बाछिटाबाट हाम्रो संस्था '**सगुन बचत तथा ऋण सहकारी संस्था लिमिटेड**' पनि अछुतो रहन सकेको छैन। बजारमा तरलता संचित भएर रहने तर प्रतिफलमुखी क्षेत्रमा लगानी हुन नसक्ने विरोधाभास आज हाम्रो सामु छ। एकातिर निक्षेपको दर स्थिर वा बढ्दो छ भने अर्कोतिर सुरक्षित लगानीका अवसरहरू साँघुरिँदै गएका छन्। यसैगरी, भाका नाघेको ऋण असुलीको ग्राफ खस्किनु र राज्यका सहकारी सम्बन्धी नियम-कानुनहरू निरन्तर परिवर्तन भइरहनुले सञ्चालन जोखिम बढाएको छ। लिलामी प्रक्रियाबाट संस्थाको नाममा आएका स्थिर सम्पत्तिहरू (गैर-बैंकिङ सम्पत्ति) को समयमै उपभोग वा बिक्री हुन नसक्दा संस्थाको पूँजी फ्रिज भई प्रतिफलमा दबाब परेको यथार्थ हामीसामु छ। तर, संकट नै परिवर्तन र सुधारको जननी हो। लेखा सुपरिवेक्षण समितिको दृष्टिकोणबाट हेर्दा, वर्तमान अवस्थामा परम्परागत तरिकाले संस्था चलाउन सम्भव छैन। अबका दिनमा हामीले वित्तीय अनुशासन, जोखिम व्यवस्थापन र नवीन सोचका साथ अगाडि बढ्नुपर्छ।

**१. ऋण असुलीका नयाा र व्यावहारिक अभ्यासहरू**

पुराना असुली विधिहरू (जस्तै ताकेता पत्र वा सोझै लिलामी) वर्तमान मन्दीको समयमा प्रभावकारी सिद्ध हुन सकेका छैनन्। त्यसैले असुलीमा लचिलो र व्यवहारिक मोडल अपनाउनु आवश्यक छः

- **सहानुभूतिपूर्ण वर्गीकरण र पुनःसंरचनाः**- नियतवश ऋण नतिर्ने र परिस्थितिमा परेर तिर्न नसकेका ऋणीहरूलाई छुट्ट्याउनुपर्छ। साँच्चिकै समस्यामा परेका उद्यम-व्यवसायलाई केही समय थप गर्ने, किस्ताको स्वरूप परिवर्तन गरिदिने वा ब्याजमा नियमानुसार निश्चित छुट दिएर साँवा असुलीलाई प्राथमिकता दिने नीति लिनुपर्छ।
- **'ऋण सल्लाहकार' अवधारणाः**- वित्तीय जनशक्तिलाई केवल 'ताकेताकर्ता' नबनाई ऋणीको व्यवसाय कसरी उकास्ने भन्ने विषयमा सल्लाह दिने परामर्शदाताका रूपमा परिचालन गर्नुपर्छ।
- **सम्पत्ति व्यवस्थापन र व्यावसायिक उपभोगः**- लिलामी भई संस्थाको नाममा आएका जग्गा वा भवनहरू त्यसै थन्क्याएर राख्नुभन्दा, तिनलाई भाडामा दिने, लिजमा कृषि वा व्यापारिक प्रयोजनका लागि चलाउन दिने वा सदस्यहरूकै साझेदारितामा अल्पकालीन व्यवसाय सञ्चालन गरी आम्दानीको स्रोत बनाउनुपर्छ।
- **समुदायमा आधारित आपसी मध्यस्थताः**- कानुनी प्रक्रिया झन्झटिलो र खर्चिलो हुने भएकाले स्थानीय स्तरमा समुदाय, स्थानीय निकाय र सहकारीका निष्पक्ष सदस्यहरू सम्मिलित 'मध्यस्थता समिति' मार्फत मेलमिलाप गराई ऋण फछ्र्यौट गर्ने अभ्यास सुरु गर्नुपर्छ।

**२. समृद्धिका लागि ऋण लगानीका नयाँ तरिकाहरू**

तरलतालाई तिजोरीतर्फ थुपारेर राख्नु संस्थाका लागि थप लागत बढाउनु हो। जोखिम न्यूनीकरण गर्दै सुरक्षित क्षेत्रमा लगानी विस्तार गर्न निम्न उपायहरू अपनाउन सकिन्छः

- **समूह र मूल्य शृङ्खला आधारित लगानी**:- हरिवन र आसपासका क्षेत्रका कृषि, पशुपालन, फलफूल प्रवर्द्धन (जस्तै उखु, तरकारी, दूध उत्पादन) र साना प्रशोधन उद्योगहरूको 'भ्यालु चेन' पहिचान गरी बजारसँग जोडिएका व्यवसायमा लगानी गर्ने।
- उत्पादनशील र साना ऋणमा जोडः- ठूलो रकम एकै ऋणीलाई दिएर जोखिम बढाउनुको सट्टा साना, छरिएर रहेका र दैनिक नगद प्रवाह हुने खुद्रा व्यापारी, घरेलु उद्यमी तथा कृषकहरूलाई प्राथमिकता दिने।
- सामूहिक जोखिम कोष र डिजिटल ट्र्याकिङः- नयाँ लगानी गर्दा परियोजनाको सुक्ष्म विश्लेषण गर्ने, ऋणीको नगद प्रवाहलाई डिजिटल वा नियमित खातामार्फत अनुगमन गर्ने र सम्भावित क्षतिपूर्तिका लागि आन्तरिक जोखिम कोषलाई मजबुत बनाउने।
- उद्यमशीलता विकाससँगै लगानीः- बिना योजना आउने ऋणीलाई ऋण दिनुको सट्टा संस्था आफैंले वा साझेदार संस्थासँग मिलेर उद्यमशीलता तालिम दिने र लगानीलाई उत्पादनसँग जोड्ने।

३. **संचालान खर्च कटौती र आन्तरिक मितव्ययिता**:-

- मन्दी र प्रतिफलमा दबाब परेको अवस्थामा आम्दानी बढाउनु जति महत्त्वपूर्ण छ, कार्यालय सञ्चालन खर्च घटाउनु पनि त्यति नै आवश्यक हुन्छ। इन्धन, प्रशासनिक खर्च, अनावश्यक बैठक तथा भत्ता, विज्ञापन तथा उत्सव खर्चहरूमा कटौती गर्ने। डिजिटल माध्यमको प्रयोग गरी कागजी खर्च कम गर्ने नीति लिने।

४. **कर्मचारीको क्षमता अभिवृद्धि र उत्प्ररणा**

कठिन परिस्थितिमा काम गर्न कर्मचारीको मनोबल र दक्षता उच्च हुनुपर्छ। कर्मचारीहरूलाई ऋण विश्लेषण, असुली कला, प्रविधि प्रयोग र ग्राहक सम्बन्ध व्यवस्थापन सम्बन्धी तालिम दिने। साथै, असुली र लगानीमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन दिने।

## निष्कर्ष तथा आगामी दिशा

कानुनी परिवर्तन र नीतिगत अस्थिरताको यो समयमा सुशासन नै सहकारीको सबैभन्दा ठूलो ढाल हो। लेखा सुपरिवेक्षण समिति संस्थाका हरेक वित्तीय गतिविधि, जोखिम र कानुनी अनुपालनमा सतर्क छ। मन्दीको यो बादल स्थायी होइन। सगुन सहकारीले आफ्ना सदस्यहरूको विश्वास, कर्मचारीहरूको समर्पण र सञ्चालकहरूको दूरदर्शिताको बलमा यो संकटलाई अवसरमा बदल्नेछ। लिलामी सम्पत्तिको कुशल व्यवस्थापन, असुलीमा नवीनता र लगानीमा विविधीकरण नै आजको मुख्य आवश्यकता हो। हामी सबै मिलि वित्तीय अनुशासन पालना गरौँ, सगुन सहकारीलाई सुरक्षित, समृद्ध र भरपर्दो संस्थाको रूपमा निरन्तर अगाडि बढाऔँ।

धन्यवाद। जय सहकारी।

**जयशंकर सिंह**
लेखा सुपेरिवेक्षण समिति संयोजक

# सगुन बचत तथा ऋण सहकारी संस्था लि.

## हरिवन, सर्लाही

# प्रस्तावित कार्य योजना आ.व. २०८३/०८४

उत्कृष्ट, व्यवसायीक एवं दिगो वित्तिय सहकारी संस्था" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै सदस्यको हरेक सुखदुःखमा साथसाथ सगुन साकोस भन्ने मान्यतालाई स्थापित गराउन बिभिन्न संस्थागत प्रयासहरुको माध्यमबाट सदस्यहरुलाई व्यवसायीक बनाउने र सदस्यको जिवनस्तरमा आमुल परिवर्तन गर्न सघाउने नीति कार्यक्रमहरु लागु गरि संस्थागत लक्ष्य प्राप्तिमा संस्था निरन्तर अगाडी बढिरहेको छ।

नेपालको समग्र अर्थतन्त्र र वित्तीय बजार हाल बाह्य क्षेत्रको मजबुती तथा आन्तरिक उत्पादनशील क्षेत्रको सुस्तताका बीच सन्तुलन बनाउने एउटा जटिल मोडबाट गुज्रिरहेको छ। एकातिर वैदेशिक रोजगारीबाट भित्रिने विप्रेषणमा भएको वृद्धि र विदेशी मुद्राको सञ्चितिले बाह्य क्षेत्रलाई सुदृढ बनाएको छ भने अर्कातिर देशभित्रको आन्तरिक अर्थतन्त्र, विशेष गरी निर्माण, व्यापार र उत्पादनमूलक क्षेत्रमा अपेक्षित चलायमानता आउन सकेको छैन। घरजग्गा कारोबारमा आएको शिथिलता र बजारमा उपभोग्य मागको कमीका कारण साना तथा मझौला उद्यमीहरू दबाबमा परेका छन्। यसको प्रत्यक्ष असर वित्तीय संस्थाहरूको कर्जा असुलीमा परेको छ, जसले गर्दा समग्र बैंकिङ तथा सहकारी क्षेत्रमै भाका नाघेको कर्जा र गैर बैंकिङ सम्पत्तिको व्यवस्थापन मुख्य चुनौतीका रूपमा देखा परेको छ। यस्तो विषम र चुनौतीपूर्ण आर्थिक परिवेशका बीच पनि सगुन बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नो २६ वर्षे लामो विरासत, उत्कृष्ट संस्थागत सुशासन र सदस्य केन्द्रित सोचका कारण आफ्ना सदस्यहरूको विश्वासलाई अक्षुण्ण राख्न सफल भएको छ। सहकारी क्षेत्रमा सिर्जित चौतर्फी अविश्वास बाबजुत सदस्यहरुले संस्थालाई अपार माया र विश्वार गरिरहेको छ भन्ने आधार बचतमा आएको परिवर्तनले पुष्ठि गर्दछ। कामगर्ने हातहरुलाई जस्तोसुकै अप्ठ्यारोमा पनि सफलता मिल्छ बस अफठ्यारोमा पनि रमाउनु भने जान्नु पर्दछ भन्ने मन्त्रलाई आत्मासाथ गरी सदस्य केन्द्रित कारोवारलाई प्राथमिकता दिई अगाडी बढिरहदा सदस्यहरुको अपार माया र विश्वासले गर्दा आर्थिक कारोवारमा उल्लेख्य बृद्धि भएको वित्तीय विवरणहरुले देखाउँदछ। सदस्यहरुले यस्तो अवस्थामा पनि देखाउनु भएको अपार माया र विश्वास साथ हामीले गरेको विभिन्न सदस्यमुखी क्रियाकलापकै उपज हो हामीले जस्तो बिउ रोप्छौ उस्तै फल लाग्दछ भन्ने कुरालाई यसले थप पुष्ठयाई गरेकोछ। पर्याप्त रुपमा तरलताको व्यवस्थापन, भाखानाघेको ऋणमा पुर्ण सुरक्षण र धितो सुरक्षणमा मात्र लगानीले सदस्यहरुको रकमको उचित संरक्षण भएको छ भन्ने तथ्यमा हामी विश्वस्त पार्न चाहन्छौ। तर वित्तिय बजारमा उद्यमशिलता र लगानीको बातावरणको कमिको कारण सोही बमोजिमको माया बचतको प्रयोग अर्थात ऋण लगानीमा देखिएकोछैन। बचत आउने र सोही बमोजिम ऋण लगानी नहुदा संस्थामा अधिक तरलता रहेकोछ। सदस्यको अपार विश्वार र मायारुपि बचतको पुर्णरुपमा सुरक्षण गरि तथा तरलता ब्यवस्थापन गर्नु अहिलेको जटिल समस्या रुपमा देखा परेकोछ।

नेपाल सरकार, नियमनकारी निकायहरू र स्थानीय तहबाट सहकारी क्षेत्रको सुधारका लागि भएका प्रयासहरू, जस्तै नियमनकारी ढाँचामा कडाइ, कर्जा असुलि न्यायधिकरण,सम्पत्ति असुलीमा सहजीकरण र कर्जा सूचना केन्द्रको पहुँच जस्ता कदमहरूले आगामी दिनमा सहकारी क्षेत्रमा वित्तीय अनुशासन कायम गर्न सकारात्मक वातावरण बनाउने अपेक्षा गरिएको छ। संस्थाले गैर उत्पादनशील र जोखिमयुक्त क्षेत्रमा लगानी रोकी खुद्रा, कृषि, व्यापार र स्थानीय उद्यमशीलतामा कर्जा विविधीकरण गर्ने रणनीति अपनाएको छ।

तसर्थ, आगामी आर्थिक वर्ष २०८३/०८४ मा सगुन साकोसले प्राप्त भएको उपलब्धिहरुलाई आत्मसाथ गरि विद्यमान आर्थिक चुनौतीहरूलाई अवसरमा बदल्दै अघि बढ्ने लक्ष्य राखेको छ। संस्थाले नियमनकारी निकायका निर्देशनहरूको पूर्ण परिपालना, स्तरिय सदस्य -नियमति बचत, न्यूनतम शेयर खरिद,साधारण सभामा अनिवार्य उपस्थिति), डिजिटल प्रविधिको अधिक प्रयोग मोबाइल बैंकिङ, क्यूआर कोड, सुरक्षित कर्जा लगानी, र घनिष्ट सदस्य सम्बन्ध वित्तिय सचेतना, शिक्षा, विस्तारित मञ्च र प्रविधिजन्य जानकारी मार्फत आफ्नो वित्तीय जगलाई अझ मजबुत बनाउने कार्यलाई प्राथमिकतामा राखी काम गर्नेछ। वित्तीय अनुशासन, सुशासन र उच्च तरलतालाई ब्यवस्थापन गर्दै संस्थाले सदस्यहरूको आर्थिक विकासमा निरन्तर योगदान पुऱ्याउने नियमनकारी निकायहरु संग सहकार्य गरी परिवर्तित ऐन, नियम, मापदण्ड, निर्देशन परिपालना गर्न, निष्क्रिय सदस्यहरुलाई चलायमान बनाउन, सदस्यहरुलाई कारोवार संग जोडी राख्न, गुणस्तर युक्त सदस्य र सशक्त साकोस निर्माण गर्ने लक्ष्यको साथ आगामी आ.व.को निम्न नीति तथा कार्यक्रमहरु सदस्य माझ पेश गरेका छौ।

१. **सदस्यता तथा शेयर** : रु. २६,२३,४००/- शेयर पूँजी थप गरी कुल कारोवारको ८% शेयर रकमको भार कायम राख्दै कुल शेयर पूँजी रु. १५,५०,००,०००/- पुऱ्याउने लक्ष्य राखिएको छ।

क) यस आ.ब.मा नयाँ सदस्य हुन ईच्छुक भै आउनेले १० थान (रु १०००) शेयर खरिद गरेर संस्थामा सदस्यता प्राप्त गर्न सक्ने नीति लिईनेछ। नयाँ थप १००० जना शेयर सदस्य बृद्धि तथा २१०० निस्कृय सदस्यहरुलाई संस्थाबाट स-सम्मान बिदाई गरि सक्रिय सदस्य संख्या १३,००० बनाईनेछ।

ख) यस आ.व.मा अध्ययन अवलोकन भ्रमणमा जाने सम्भावित १०० सदस्यहरुबाट रु. ११०००।- का दरले शेयर थप गरी ११,००,०००।- शेयर पूँजी प्राप्त हुनेछ।

ग) संस्थामा यस आ.व. भन्दा अगावै रु. ५००।- मात्र तिरी सदस्यता प्राप्त गरेका सदस्यहरु मध्ये १५०० जना सदस्यलाई सदस्य शिक्षा मार्फत रु. १०००।- थप गर्न लगाई रु. १५,००,०००।- मात्र शेयर खरिद गराई सदस्यको सहभागिता स्तर बृद्धि गरिनेछ।

घ) संस्थाको ऋण निती बमोजिम ऋण माग गर्ने ३१० सदस्यहरुबाट रु. ५,०००।- का दरले १५,५०,०००।- शेयर थप गर्न लगाईनेछ। निष्कृय सदस्यकोहरुबाट रु १५,२६,६००/-को शेयर रकम फिर्ता गरिनेछ।

ङ) संस्थामा सदस्यको विवाह पश्चात तिन महिना भित्र नवदुलही सदस्य हुन आएमा स-सम्मान सदस्यता प्रवेश पूर्ण रुपमा छुट दिईने नीति अबलम्वन गरिने छ। संस्थामा रेमिट कारोवार गर्ने सदस्य बन्न आएमा सदस्यता प्रवेशमा छुट दिईने छ। संस्थाको अन्य चाडपर्वमा हुने कार्यक्रमहरु र संस्थाले गर्ने सामुहीक भेलाहरुमा पनि सदस्य बन्न आएमा सदस्यता शुल्क छुट दिईने निति लिईनेछ।

च) सहकारी ऐन २०७४ को दफा ३५ अनुसार बिना सूचना लगातार ३ पटक साधारण सभामा उपस्थित नहुने शेयर सदस्यलाई संस्थाबाट उपलब्ध गराउने कुनै पनि सेवा सुबिधा (लाभांश, ऋण सुबिधा)लाई निरुत्साहित गरिदै लगिने छ।

छ) ऋण सुबिधा प्राप्त गर्ने सदस्यलाई यो सुबिधा प्राप्त गर्दाको समयमा निजका परिवारका अन्य सबै सदस्यहरुलाई समेत संस्थाको सदस्य बनाउन अभिप्रेरित गरिने छ ।

ज) संरक्षित पूँजी फिर्ताकोषको रकमलाई औषत शेयर नपुगेका सदस्यहरुलाई शेयर खरिद र नियमित बचत प्रयोजनको लागी संस्थाले स्थानान्तरण गर्न सक्नेछ।

झ) सम्पुर्ण सदस्यहरुलाई यस आ.व. भित्र कम्तिमा थप १ जना नयाँ सदस्य बनाउन अभिप्रेरित गरिने छ।

ञ) सदस्यता न्युन रहेको सबै सेवाकेन्द्रहरुमा सदस्य विस्तार कार्यक्रम, सदस्य लक्षित सदस्य शिक्षा, वित्तिय साक्षरता र सदस्य अभिमुखीकरण कार्यक्रमलाई महत्व दिई सदस्यता बृद्धि गरिने छ।

ट) निस्कृय सदस्यहरुलाई सदस्यता फिर्ता गर्न जानकारी प्रदान गरे पस्चात सम्पुर्ण रकम भुक्तानी दिनुपर्ने रकममा गणना गरि राखिनेछ।

ठ) नयाँ बनेको सदस्यहरुलाई अनिवार्य रुपमा सदस्य अभिमुखिकरण कार्यक्रम शिक्षा उप-समिति मार्फत दिने ब्यवस्था मिलाउने।

ड) कानून बमोजिम सदस्य बन्न योग्यता नपुगेका संस्थागत सदस्यहरुलाई सदस्यता फिर्ता गर्ने गरिनेछ।

ढ) राष्ट्रिय सहकारी नियमन प्राधिकरण र विभागले समय समयमा गरेको परिपत्र बमोजिम यस आ.व.मा नियमित कारोवार गर्ने सम्पुर्ण सदस्यको सदस्य पहिचान फर्म (के.ओ.एम) पूर्ण रुपमा(नागरिकताको प्रमाण-पत्र, राष्ट्रिय परिचय पत्र र प्रमाणित मोवाईल नं.) सदस्यहरुमा लागू गरिनेछ।

ण) संस्थाबाट शेयर सदस्यहरुलाई लाभांस वापत सहकारी ऐन बमोजिम नाफाको आधारमा रकम प्रदान गरिने छ। यसरी लाभांश बितरण गर्दा गत आ.व सम्म चुक्ता भएको शेयर पूँजीमा पुरै र लेखा परिक्षण भएको आ.व. चुक्ता शेयर पूँजीमा सदस्यले जुन समयमा शेयर खरिद गरेको हो सोहि समयलाई आधार मानी दिन गन्तीको आधारमा शेयर लगानी अनुसार लाभांस बितरण गरिने छ। संस्थामा सदस्य हुन आउने ब्यक्ति अन्य कुनै पनि समान उद्देश्यका सहकारी संस्थामा सदस्य भएको भएमा सहकारी ऐनको दफा ३२ बमोजिम निजलाई अर्को संस्थाको सदस्यता फिर्ता लिए पश्चात मात्र संस्थाको सदस्यता दिने व्यवस्था मिलाईने वा अन्य सहकारी संस्था छोड्न् प्रतिवद्धता पत्रमा हस्ताक्षर पस्चात मात्र सदस्य बनाईनेछ। झुटो विबरण पेश गरी सदस्यता लिएको पाइएमा निजको सदस्यता अन्त्य गरिने छ । साथै हाल भईरहेको सदस्यहरुलाई दोहोरो सदस्यताको अन्त्य गर्न अनिवार्य गर्दै सगुन साकोसमा मात्र कारोवार गर्न अभिप्रेरित गरिने छ।

(नोटः निस्कृय सदस्य भन्नाले तिन पटक भन्दा बढि साधारण सभामा उपस्थित नभएको, संस्थाको नियमित रुपमा मासिक रु २००/-बचत नगर्ने र औषत शेयर पुर्याउन बार्षिक रुपमा २०००/- थप नगर्ने सदस्यहरु)

२. **बचत** : यस आ.व.मा थप रकम रु.६,९६,१०,३१२।०० बचत प्राप्त गरी कुल बचत रु. १,५७२,९९५,०००।०० पुऱ्याउने लक्ष्य राखिएको छ। साथै यो लक्ष्य प्राप्तिको लागि हरेक ब्यक्तिका गर्भ देखि मृत्यु सम्मका सवै खालका आवश्यकतालाई सम्बोधन गर्ने गरि २२ प्रकारका

बचत खाताका प्रकारहरु व्यवस्था गरिएको छ। संस्थाले सबैखाले बचतको प्रकारमा समयसमयमा समयअनुकुल ब्याजदर निर्धारण गरि लागु गर्नेछ।

क) **नियमित मासिक बचत खाता** :- संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि संस्थामा नियमित रुपमा आफुले कबुल गरेको बचत अनिर्वाय रुपमा जम्मा गर्नु पर्नेछ। न्युनतम रकम रु २०० देखि रु १००० सम्म नियमित रुपमा प्रत्येक महिना जम्मा गर्नुपर्ने छ। यस्तो बचत खातामा सदस्यले आफ्नो स्वेच्छाले बढिमा रु. १,००० सम्म प्रति महिना बचत गर्न सक्नेछन्। ऋण लिदाको वखत ऋण रकमको १% यस खातामा अनिवार्य जम्मा गर्नुपर्ने नीति लिईने छ। ऋण लगानीको बखत १% भन्दा बढी बचत देखिए पनि रु २४००/- अनिवार्य बचत गर्नुपर्ने निति लिईने छ। साथै संचालक समिति र कर्मचारीको हकमा मासिक रु. ५००।- अनिवार्य रुपमा बचत गरिनेछ र उप-समितिलाई रु. ५००।- नियमित बचत गर्न अभिप्रेरित गरिनेछ। यस्तो नियमित बचत अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ। यो बचत नगर्ने शेयर सदस्यको हकमा निज सदस्यले संस्थाबाट प्राप्त गर्ने कुनैपनि सेवा सुबिधा प्राप्त गर्दा शुरु देखि रकम हिसाब गरी बचत गर्न अनिवार्य गरिने छ। सदस्यको नियमित बचत कारोवार नभएको अबस्थामा निजलाई जानकारी गराई अन्य बचत कारोवारबाट सिधै यस खातामा रकम स्थानान्तरण गर्ने व्यवस्था मिलाईने छ। यस बचत खाताको रकम सदस्यले १० बर्ष पश्चात सदस्यले चाहेमा खातामा जम्मा भएको (साँवा तथा ब्याज) रकमको ४०% रकम फिर्ता लिन सक्नेछन्। २० बर्ष पश्चात सदस्यले चाहेमा खातामा जम्मा भएको(साँवा तथा ब्याज) रकमको ५०% रकम फिर्ता लिन सक्नेछन्। ३० बर्ष पश्चात सदस्यले चाहेमा खातामा जम्मा भएको (साँवा तथा ब्याज) रकमको ६०% रकम फिर्ता लिन सक्नेछन्। ७० बर्ष पुगेको बृद्धबृद्धाले चाहेमा जुनसुकै बेला १० प्रतिशत राखी ९० प्रतिशत फिर्ता लैजान सक्नेछन्। सदस्यले यो बचत खाताबाट रकम नियमानुसार फिर्ता लिईसकेको अबस्थामा पनि नियमित बचत भने अनिवार्य रुपमा गरिरहनु पर्नेछ।

### १) नियमित मासिक बचत

| | |
|---|---|
| संकेत नं. | ३०.१ |
| उद्देश्य | सदस्यहरुलाई नियमित बचत गर्ने बानीको विकास गरी संस्थाको दिर्घकालिन स्रोतको निर्माण गर्ने |
| नारा | हरेक महिनाको बचत, हटाउँछ यसले बुढेसकालको सकस । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गरिने । |
| न्यूनतम बचत | मासिक रु.२००/- देखि रु १,०००/- सम्म । |
| समयावधी | सदस्यता कायम रहे सम्म । |
| बिशेषताहरु | १. हरेक महिनाको मसान्त भित्र **अनिवार्यरुपमा नियमित मासिक बचत** गरी सक्नुपर्ने,<br>२. सदस्यता समाप्त हुँदा मात्र खाता बन्द गर्न सकिने ।<br>३. अग्रिम बचत बुझाउन पनि सकिने ।<br>४. अन्य बचत खाताबाट स्थान्तरण गर्न सकिने ।<br>५. ऋण परिमाणको १ प्रतिशत नियमित बचत नपुगेको हदसम्म थप गर्नुपर्ने ।<br>६. बचतको ९० प्रतिशतसम्म जमानत राखि ऋण प्रदान गर्न सकिने ।<br>७. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>८. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान प्रदान गरिने । |

### २) साधारण बचत

| | |
|---|---|
| संकेत नं: | ३०.२ |
| उद्देश्य | सदस्यहरुलाई सरल ढङ्गले कारोबार गरी सहयोग गर्ने । |
| नारा | गरौं सानो सानो कारोवार, बनाउँ भविष्य आफ्नो सानदार । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम मौज्दात | रु.१००/- |
| बचत फिर्ता | आवश्यकता अनुसार |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पुँजिकरण गर्ने । |

| | |
|---|---|
| बिशेषता | १. मौज्दात बचत बाहेक सदस्यहरुले जति सुकै रकम राख्न र झिक्न पाउने ।<br>२. दैनिक कारोबार गर्न सकिने,<br>३. नि:शुल्क खाता खोल्न सकिने ।<br>४. पहिलो वर्ष निशुल्क मोबाइल बैंकिङ, एटिएम कार्ड उपलब्ध गराईने<br>५. बचतको ब्याजलाई सोहि खातामा राखि पुँजिकरण गर्ने ।<br>६. नि:शुल्क भुक्तानी पुर्जा (चेक) उपलब्ध हुने ।<br>७. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान गरिने ।<br>८. ब्याजलाई संरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने । |

### ३) ऐच्छिक बचत

| | |
|---|---|
| संकेत नं | ३०.३ |
| उद्देश्य | सदस्यहरुको बचत रकम ऐच्छिक रुपमा राखी बचतको सुरक्षा तथा आवश्यकता परिपूर्ति गर्दै वित्तीय सेवा प्रदान गर्ने । |
| नारा | आजको सानो बचत, भोलिको राम्रो भविष्य । |
| न्युनतम मौज्दात | रु. १,०००/- |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गरिने |
| बचत फिर्ता | न्युनतम मौज्दात भन्दा बढि जति पनि रकम राख्न र झिक्न सकिने । |
| समयावधि | खाता बन्द नभए सम्म |
| बिशेषताहरु | १. मौज्दात बचत बाहेक सदस्यहरुले जति सुकै रकम राख्न र झिक्न पाउने ।<br>२. दैनिक कारोबार गर्न सकिने,<br>३. नि:शुल्क खाता खोल्न सकिने ।<br>४. पहिलो वर्ष निशुल्क मोबाइल बैकिङ तथा एटिएम कार्ड उपलब्ध गराईने ।<br>५. बचतको ब्याजलाई सोहि खातामा राखि पुँजिकरण गर्ने ।<br>६. नि:शुल्क बचत फिर्ताको लागि भुक्तानी पूर्जा प्राप्त गर्न सकिने।<br>७. ब्याजलाई संरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>८. उत्कृष्ट बचत कर्तालाई पुरस्कार तथा सम्मान गरिने । |

### ४) विशेष बचत

| | |
|---|---|
| संकेत नं: | ३०.४ |
| उद्देश्य | सदस्यहरुलाई अधिक बचत गर्ने बानीको विकास गरी जीवन सुधार्ने । |
| नारा | **ठूलो बचत ठूलै सान, बढाउँछ यसले आफ्नै मान ।** |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम मौज्दात | रु. १०,०००/- वा रु. १,००,०००/- (एच्छिक बचत भन्दा १ प्रतिशत सम्म ब्याज बढि प्रदान गरिने । |
| बचत फिर्ता | न्युनतम मौज्दात बाहेक बाँकी फिर्ता लिन सकिने । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूंजीकरण गर्ने । |
| बिशेषता | १. तोकिएको न्युनतम बचत रकम राखि खाता खोल्न सकिने ।<br>२. मौज्दात बचत बाहेक सदस्यहरुले जति सुकै रकम राख्न र झिक्न पाउने।<br>३. दैनिक कारोबार गर्न सकिने,<br>४. नि:शुल्क खाता खोल्न सकिने ।<br>५. पहिलो वर्ष निशुल्क मोबाइल बैंकिङ, तथा एटिएम कार्ड उपलब्ध गराईने<br>६. बचतको ब्याजलाई सोहि खातामा राखि पूँजिकरण गर्ने ।<br>७. नि:शुल्क बचत फिर्ताको लागि भुक्तानी पूर्जा प्राप्त गर्न सकिने ।<br>८. ब्याजलाई सरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>९. उत्कृष्ट बचत कर्तालाई पुरस्कार तथा सम्मान गरिने । |

### ५) दैनिक बचत

| | |
|---|---|
| संकेत नं: | ३०.५ |
| उद्देश्य | संस्थाका सदस्यहरुलाई दैनिक रुपमा बचत गर्ने बानीको विकास गर्ने । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | दैनिक १००।- |
| न्युनतम मौज्दात | रु १००/— |
| बचत फिर्ता | न्युनतम मौज्दात बाहेक बचत गरेको ३ महिना पश्चात फिर्ता पाउने । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने । |
| समयावधि | ऐच्छिक |

| | |
|---|---|
| विशेषता | १. तोकिएको बचत रकम राख्नु पर्ने ।<br>२. बचतको ब्याजलाई सोहि खातामा राखि पूँजीकरण गर्ने ।<br>३. खाता निःशुल्क खोल्न सकिने ।<br>५. संस्थाका कर्मचारी द्वारा बचत संकलन गरिने ।<br>६. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>७. उत्कृष्ट बचत कर्तालाई पुरस्कार तथा सम्मान गरिने । |

## ६) उखु किसान बचत । सदस्यको रकम बचत खातामा रकमान्तरण गरि खाता मिलान गर्ने ।

| | |
|---|---|
| संकेत नं: | ३०.६ |
| उद्देश्य | संस्थाका सदस्यहरुलाई चिनी उद्योग सँग समन्वय गरी उखुको मुल्य भूक्तानी गर्ने र बचत गर्ने बानीको विकास गर्ने । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १०० /- |
| न्युनतम मौज्दात | १००/— |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने । |
| समयावधि | ऐच्छिक |
| विशेषता | १. चिनी उद्योगबाट रकम प्राप्त भए पछि खातामा रकम राखिने ।<br>२. खाता निःशुल्क खोल्न सकिने ।<br>३. बचतको ब्याजलाई सोहि खातामा राखि पूँजीकरण गर्ने ।<br>४. पहिलो वर्ष निःशुल्क मोबाइल बैंकिङ तथा एटिएम कार्य उपलब्ध गराईने<br>५. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>६. उत्कृष्ट उखु किसान बचत कर्ता सदस्यलाई पुरस्कार तथा सम्मान गरिने । |

## ७) सदस्य सुरक्षण बचत

| | |
|---|---|
| संकेत नं: | ३०.७ |
| उद्देश्य | संस्थाका सदस्यहरुको मृत्यु पश्चात परिवारका सदस्यहरुलाई सहयोग गर्न बचत गर्ने बानीको विकास गर्ने । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | वार्षिक ५००/- |
| बचत फिर्ता | आजीवन फिर्ता नपाइने / सदस्यता त्यागेको समयमा लिन सकिने । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने । |
| समयावधि | आजिवन । |
| विशेषता | १. तोकिएको बचत रकम राख्नु पर्ने ।<br>२. सदस्यको मृत्यु पश्चात शुरु वर्ष रु १०,०००/-र बाँकी वर्ष वार्षिक रु १,०००/- का दरले प्रदान गर्ने तर नियमित मासिक बचत तथा औषत शेयर रकम र सदस्य सुरक्षण बचत नगर्ने सदस्यको हकमा सदस्यको मृत्यु पश्चात शुरु वर्ष रु ५,०००/- र बाँकी वर्ष वार्षिक रु १,०००/-का दरले रकम प्रदान गर्ने । उक्त रकम सदस्य सुरक्षण कोषबाट भुक्तानी ब्यवस्था मिलाईनेछ ।<br>३. सदस्यहरुको अन्य खाताबाट पनि रकम स्थानन्तरण गरिने । |

## ८) आवधिक बचत

| | |
|---|---|
| संकेत नं: | ३०.८ |
| उद्देश्य: | आवधिक रुपमा संदस्यहरुको बचत गर्ने बानीको विकास गर्ने |
| न्यूनतम बचत | रु.१०,०००/- |
| ब्याजदर: | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| ब्याज गणना: | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा भुक्तानी दिनु पर्ने खातामा जम्मा गरिने । |
| बचत फिर्ता: | अवधि समाप्त भएपछि, |
| समयावधि: | ६ महिना, १ वर्ष र २ बर्ष सम्म |
| विशेषताहरु: | १. अवधि समाप्त नभए सम्मको लागि नियमानुसार आवधिक बचत धितो राखि ९०% सम्म ऋण लिन सकिने,<br>२. वृद्ध, अपाङ, संघ संस्था र अक्षय कोषलाई अवस्था हेरी ०.५ प्रतिशत सम्म ब्याजदरमा थप गर्न सकिने ।<br>३. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>४. उत्कृष्ट बचत कर्तालाई पुरस्कार तथा सम्मान गरिने ।<br>५. समयावधि बाँकी रहदै सदस्यको मृत्युभएमा मात्र यो बचत फिर्ता सहित निजको सदस्यता अन्त हुने । |

## ९) बाल बचत

| | |
|---|---|
| संकेत नं: | ३०.९ |
| उद्देश्य | सदस्यका छोरा, छोरीहरुलाई बचत गर्ने बानिको बिकास गर्ने । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | कम्तिमा रु. ५००/- |
| बचत फिर्ता | नागरिकता प्राप्त नगरेसम्म । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने । |
| समयावधि | नागरिकता प्राप्त नगरेसम्म । |
| बिशेषता | १. ईच्छा  अनुरुपमा बचत गर्न सकिने ।<br>२. नागरिकता प्राप्त गरेपछि स्वत: शेयर सदस्यमा रुपान्तरण गर्ने ।<br>३. शेयर सदस्य हुन ईच्छा नगरेमा साँवा तथा ब्याज फिर्ता गरिने ।<br>४. न्युनतम रु १०,०००/- पहिलो बर्ष र हरेक बर्ष रु ५,०००/- थप बचत गरेमा जन्म दिनमा केक उपहार प्रदान गरिने ।<br>५. संरक्षकको मृत्युको कारणले बाहेक सदस्यता परित्याग गरेमा बचत फिर्ता गर्न सकिने । तर कर पछिको ब्याजमा ३०% कट्टा गरी ब्याज प्रदान गरिने ।<br>६. उत्कृष्ट बाल बचत कर्तालाई पुरस्कार प्रदान गरिने ।<br>७. बाल सदस्यहरुलाई बार्षिक रुपमा खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रमहरुको आयोजना गर्ने ।<br>८. रु ५०० बचत गरेपछि निशुल्क खुत्रुके प्रदान गरिने ।<br>९.बालबचत कर्तालाई गम्भिर प्रकारको रोग लागी उपचार गराउनु पर्ने भएमा जम्मा बचतको ८० प्रतिशत सम्म परिवारको २ जना सदस्यको रोहवरमा संरक्षकले भुक्तानी लिन सक्नेछ । (गम्भिर प्रकृतिको रोग प्रमाणित हुने कागजात आवश्यक हुने) |
| नारा | सुन्दर भविष्यको आधार बाल बचतमा कारोवार । |

## १०.चार्ड पर्व विशेष बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१० |
| उद्देश्य | संस्थाका सदस्यहरुलाई चार्डपर्व व्यवस्थापनको लागि बचत गर्ने बानीको विकास गर्ने । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम मौज्दात | १००/- |
| बचत फिर्ता | नेपाल सरकारले तोकेको चाड पर्वको अवसरमा |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने । |
| बिशेषता | १. तोकिएको न्युनतम मौज्दात बचत रकम अनिवार्य राखि बाँकी रकम झिक्न सकिने ।<br>२. खाता नि:शुल्क खोल्न सकिने ।<br>३. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>४. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान गरिने । |
| नारा | मनाऔं चाड उल्लासले खर्च हैन बचत गरौं अहिले, भविष्य चन्छ विन्दासले । |

## ११) सन्तति शिक्षा बचत

| | |
|---|---|
| संकेत नं: | ३०.११ |
| उद्देश्य | सदस्यको सन्ततिहरुको प्राथमिक तह देखि उच्च शिक्षा सम्मको शैक्षिक खर्चलाई व्यवस्थापन गर्न । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- |
| बचत फिर्ता | विद्यालयको शुल्क र उच्च शिक्षा अध्ययनको लागी । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने । |
| बिशेषता | १. न्युनतम रकम बाहेका जति पनि रकम राख्न सकिने ।<br>२. विद्यालयको शुल्क तथा उच्च शिक्षाको लागी मात्र निकाल्न मिल्ने ।<br>३. शैक्षिक क्षेत्रमा बाहेक अन्य क्षेत्रमा प्रयोग गरिएको पाईएमा प्राप्त ब्याजमा ५० प्रतिशत रकम कट्टा गरिने ।<br>४. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>५. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान गरिने । |

## १२) जीवन संस्कार बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१२ |
| उद्देश्य | संस्कृति परम्परा अनुसार जीवनमा गर्नुपर्ने संस्कार गर्न बचत गर्ने बानी बसाउने |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- |

| | |
|---|---|
| बचत फिर्ता | जीवन संस्कार बमोजिमको क्रियाकलापमा प्रयोग |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने । |
| विशेषता | १. न्युनतम रकम बाहेकका जति पनि रकम राख्न सकिने ।<br>२. साँस्कृतिक परम्परा कार्यको लागी मात्र निकाल्न मिल्ने ।<br>३. साँस्कृति परम्परा बाहेक अन्य क्षेत्रमा प्रयोग गरिएको पाईएमा प्राप्त ब्याजमा ५०% रकम कट्टा गरिने ।<br>४. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>५. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान गरिने । |

## १३) नारी आभुषण बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१३ |
| उद्देश्य | गरगहना तथा आभुषण रकम खरिद गर्नको लागी रकम जुटाउन । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १०००/- वा रु १०,०००/- |
| बचत फिर्ता | गरगहना र आभुषण खरिद गर्न वा सर्त बमोजिम । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गरिने |
| विशेषता | १.तोकिएको न्युनतम मौज्दात बचत रकम अनिवार्य राखि बाँकी रकम आभुषण खरिद गर्न झिक्न सकिने ।<br>२. खाता न्युनतम रु १००० मौज्दातमा खोल्न सकिने ।<br>३. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>४. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान गरिने ।<br>५.१ बर्षमा रु.१०,००० वा सो भन्दा बढि बचत वा थप गर्ने महिलाहरुलाई चाडवर्प विशेष आकर्षक उपहार प्रदान गरिने ।<br>६.एक पटक पुरस्कार प्राप्त गरिसकेपछि न्यूनतम रकम रु १० हजार कायम गरि तिन बर्ष नियमित कारोवार गरिरहनु पर्नेछ ।<br>७. सम्झौतामा उल्लेखित शर्तहरु लागुहुने । |
| नारा | महिलाहरुको सान नारी आभुषण बचतमै महिलाहरुको आत्म सम्मान । |

## १४) तिर्थाटन बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१४ |
| उद्देश्य | सदस्यहरुलाई बिभिन्न तिर्थाटन, अध्ययन आवलोकन भ्रमणको लागी बचत गर्ने बानीको बिकास गर्न । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- |
| बचत फिर्ता | विभिन्न तिर्थाटन तथा अध्ययन अवलोकन भ्रमण गर्ने समयमा । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने |
| विशेषता | १. आफ्नो क्षमता अनुसारको सानो सानो रकम जम्मा गर्न सकिने ।<br>२. बचतमा खातामा जतिसुकै रकम जम्मा गर्न सकिने ।<br>३. तिर्थ वर्त तथा अध्ययन अवलोकन भ्रमणमा मात्र बचत झिक्न सकिने ।<br>४. ब्याजलाई संरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>५. यस प्रकारको बचत गर्ने सदस्यहरुलाई नजिकैको १ दिन तिर्थाटन गराईने ।<br>६. यस बचत खातामा बचत जम्मा गरेमा अध्ययन अवलोकन भ्रमणमा सहभागि गराईने । |

## १५) बृद्ध वृद्धा बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१५ |
| उद्देश्य | ६५बर्ष उमेर भएपछि मासिक रुपमा पेन्सन वा एक मुष्ट रकम प्रदान गर्न सदस्यहरुलाई बचत गर्ने बानिको बिकाश गर्न । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- र पेन्सन प्रयोजनको लागी कम्तीमा रु ३०,०००/- पुगेको हुनुपर्नेछ । |
| बचत फिर्ता | ६५ बर्ष उमेर पुगे पछि । एकमुष्ट रकमको ६० किस्तामा पेन्सन रकम भुक्तानी पाईनेछ । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने |
| विशेषता | १. बचत खातामा सदस्यले नियमित रुपमा वा जुनसुकै समयमा जतिसुकै रकम जम्मा गर्न सकिने ।<br>२. बचत खाताको रकम ६५ बर्ष पुरा भए पछि मात्र निकाल्न पाईने ।<br>३. एकमुष्ठ रकम निकाल्ने चाहेमा संस्थाले तोकेको ब्याज सहित निकाल्न मिल्ने । एकमुष्ठ रकम फिर्ता नलाने सदस्यहरुको हकमा ६५ बर्ष पछि १ वर्षे आवधिक बचतको ब्याजदर प्रदान गरी सोही ब्याजदरको रकम नियमित मासिक प्रति हजार रु १००/- थप गरी प्राप्त गर्न सकिने ।<br>४. सदस्यको मृत्यु भएमा ईच्छाएको ब्यक्तिलाई साँवा तथा ब्याज रकम फिर्ता गरिने ।<br>५. यो बचत खातामा संलग्न हुने सदस्यहरुको नियमित स्वास्थ जाँच गरिने ।<br>६. जेष्ठ नागरिक सम्मान प्रदान गरिने । |

| | |
|---|---|
| | ७. चाडपर्वको समयमा १ महिनाको अतिरिक्त रकम उपलब्ध गराउन सकिनेछ ।<br>८. तिर्थाटनको लागि योग्य हुने । ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने । |

## १६) जग्गा खरिद तथा भवन निर्माण बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१६ |
| उद्देश्य | सदस्यहरुको भवन तथा जग्गा खरिद गर्न बचत गर्ने बानिको विकास गर्न |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- |
| बचत फिर्ता | भवन खरिद, निर्माण तथा जग्गा खरिदको समयमा |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने |
| बिशेषता | १. न्युनतम मौज्दात रकम बाहेक जति पनि राख्न झिक्न सकिने ।<br>२. जग्गा खरिद तथा भवन निर्माण कार्य बाहेक निकाल्न नमिल्ने । तर ५ बर्ष पछि भने जुनसुकै प्रयोजनको लागि निकाल्न मिल्ने ।<br>३. खाता निःशुल्क खोल्न सकिने ।<br>४. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>५. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान गरिने । |

## १७) सदस्य योगदान बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१७ |
| उद्देश्य | संस्थाले प्रदान गरेका सुविधाहरु प्रदान गरी बचत बृद्धि गर्ने । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- |
| बचत फिर्ता | न्युनतम रकम बाहेक जुनसुकै समय निकाल्न मिल्ने । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने |
| बिशेषता | १. सदस्यहरुले आफ्नो ईच्छा अनुसार रकम जम्मा गर्न नमिल्ने ।<br>२. यस बचत खातामा रहेको रकम अन्य बचत खातामा स्थानान्तरण गर्न सकिने<br>३. संस्थाले निःशुल्क खाता खोलिदिने ।<br>४.ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने । |

## १८) बीमा बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१८ |
| उद्देश्य | सस्थाद्धार लागु गरेको ऋण विमा कार्यक्रममा सहभागी भई उक्त ऋण विमाको बार्षिक प्रिमियन भुक्तान गर्ने र सदस्य वा एकाघर परिवारको लागी विमाको किस्ता तिर्ने प्रयोजनको लागी बचत गर्ने बानिको विकास गर्ने । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- |
| बचत फिर्ता | प्रिमियम रकम भुक्तानीको समयमा । |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा भुक्तानी गर्ने |
| बिशेषता | १. न्युनतम मौज्दात रकम बाहेक जति पनि राख्न झिक्न सकिने ।<br>२.ऋण विमाको प्रिमियम भुक्तानी कार्य गर्ने सकिने ।<br>३. खाता निःशुल्क खोल्न सकिने ।<br>४.ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>५. उत्कृष्ट बचतकर्तालाई पुरस्कार तथा सम्मान गरिने ।<br>६. संस्थाले ऋण बिमा प्रयोजनको लागी यस खातामा भएको रकमबाट विमांक रकम भुक्तानी गर्न सक्ने । |

## १९) मातृ शिशु संरक्षण बचत

| | |
|---|---|
| संकेत नं: | ३०.१९ |
| उद्देश्य | संस्थाको महिला सदस्यहरुको विवाह पश्चात गर्भवती सुत्केरी तथा नवजात शिशुको स्याहार सम्भारका लागि बचत गर्ने बानिको विकास गर्न । |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| न्युनतम बचत | १००/- |
| बचत फिर्ता | गर्भजाँच, सुत्केरी अवस्था तथा बाल स्याहार प्रयोजनको समयमा |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने |

| | |
|---|---|
| बिशेषता | १. यो खाता खोल्न संस्थाको तर्फबाट रु १०० प्रदान गर्ने ।(खर्च गरी)<br>२. पोषण रकम रु २०००/- बराबरको रकम २ पटक प्रदान गर्ने ।<br>३. खाता निःशुल्क खोल्न सकिने ।<br>४.व्याजलाई सरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>५.आमाको स्वस्थ्य उपचार नवजाँत शिशुको स्यहार । |

## २०) ऋण सुरक्षण बचत

| | |
|---|---|
| संकेत नं: | ३०.२० |
| उद्देश्य | संस्थामा ऋण लिनुहुने सदस्यहरुलाई भविष्यमा ऋण तिर्न सुरक्षण प्रदान गर्नु । |
| व्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| बचत | कुल ऋण लगानीको १ प्रतिशतको दरले यस बचतमा जम्मा गर्ने । |
| बचत फिर्ता | ऋण चुक्त गर्ने समयमा । |
| व्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गर्ने |
| बिशेषता | १. यो खातामा ऋण लगानी गर्ने समयमा कुल ऋण लगानीको १ प्रतिशत बचत गर्नुपर्ने ।<br>२. खाता निःशुल्क खोल्न सकिने ।<br>३. व्याजलाई संरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>४. ऋण सुरक्षाको निम्ति सहयोगी । |

## २१) रेमिट बचत

| | |
|---|---|
| संकेत नं | ३०.२१ |
| उद्देश्य | संस्थामा रेमिट कारोबार गर्न आउनु हुने ग्राहकवर्गलाई सदस्य सेवा दिने । |
| नारा | परदेशको परिश्रम स्वदेशमा बचत । |
| न्यूनतम मौज्दात | रु. १००/- |
| व्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । |
| व्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूंजीकरण गरिने |
| बचत फिर्ता | न्यूनतम मौज्दात भन्दा बढि जति पनि रकम राख्न र झिक्न पाउने । |
| समयावधि | खाता बन्द नभए सम्म |
| बिशेषताहरु | १. मौज्दात बचत बाहेक सदस्यहरुले जति सुकै रकम राख्न र झिक्न पाउने ।<br>२. दैनिक कारोबार गर्न सकिने,<br>३. निःशुल्क खाता खोल्न सकिने ।<br>४. पहिलो वर्ष निशुल्क मोवाइल बैकिङ तथा एटिएम कार्ड उपलब्ध गराईने ।<br>५. बचतको व्याजलाई सोहि खातामा राखि पुँजिकरण गर्ने ।<br>६. निःशुल्क बचत फिर्ताको लागि भुक्तानी पूर्जा प्राप्त गर्न सकिने।<br>७. व्याजलाई सरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>८. उत्कृष्ट बचत कर्तालाई पुरस्कार तथा सम्मान गरिने । |

## २२) अक्षयकोष बचत

| | |
|---|---|
| संकेत नं | ३०.२२ |
| उद्देश्य | लामो समयसम्म कारोबार हुने बचतलाई व्यवस्थीत गर्न । |
| नारा | दिर्घ बचत भलो हुन्छ जगत । |
| न्यूनतम मौज्दात | रु. १०,०००/- |
| ब्याजदर | संस्थाले समय-समयमा बजार दर अनुसार परिवर्तन गरिने । (आवधिक बचत भन्दा ०.५ सम्म थप गरिने ।) |
| ब्याज गणना | दैनिक अन्तिम मौज्दातको आधारमा गणना गरी त्रैमासिक रुपमा पूँजीकरण गरिने |
| बचत फिर्ता | न्यूनतम मौज्दात भन्दा बढि जति पनि रकम राख्न र झिक्न पाउने । |
| समयावधि | खाता बन्द नभए सम्म |
| बिशेषताहरु | १. आवश्यकता अनुसार उक्त रकमको ब्याज मात्र प्रयोग गर्न पाईने ।<br>२. बचतको व्याजलाई सोहि खातामा राखि पुँजिकरण गर्ने ।<br>३. निःशुल्क बचत फिर्ताको लागि भुक्तानी पूर्जा प्राप्त गर्न सकिने।<br>४. व्याजलाई सरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>५. व्यक्तिगत सदस्यको हकमा ७० वर्ष पछि मात्र मुलधन रकम झिक्न पाउने ।<br>६. व्याजलाई सरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने । |

**नीति तथा रणनीतिहरु**

२५०० सदस्यहरुलाई नियमित रुपमा सदस्य शिक्षा कार्यक्रम संचालन गरिनेछ। संस्थाको हरेक सदस्यलाई नियमित बचत, सदस्य सुरक्षण बचत र ऐच्छिक बचत सहित सदस्यको ईच्छाले संस्थामा जम्मा गर्न सक्ने मध्ये कम्तिमा ६ प्रकारका बचतमा रकम जम्मा गर्न अनिवार्य गरिने छ। सबै किसिमका बचत खातामा अनिवार्य न्युनतम मौज्दात तोकिएको अबस्थामा बाहेक रु. १००/- कायम राखिने छ। कार्यीबिधि बमोजिम सदस्यले संस्थामा बचत गरेको आधारमा राम्रो बचत कारोबार गर्ने सदस्यलाई थप रकम संरक्षित पूँजी फिर्ता कोषबाट फिर्ता गरिने ब्यबस्था मिलाईने छ।

- सदस्य सन्तुष्टि सर्वेक्षण फारमको विकास गरी कम्तिमा १० प्रतिशत सदस्यको सदस्यहरुको सर्वेक्षण गर्ने ब्यवस्था मिलाईने छ। सर्वेक्षण मार्फत सदस्यको सुझाब अनुसार बचत तथा ऋणको प्रकार र ब्याजदर कायम गर्न सहज हुने भएकोले संस्थामा बचत आकर्षित गर्न सहयोग मिल्नेछ।
- संस्थाको उत्पादनहरुको प्रचार प्रसार गर्नको लागि ब्रोसरहरुको विकास तथा छपाई गरिने छ।
- बचत तथा ऋणको प्रोडक्ट डिस्प्ले वा फेलेक्स वोर्डको विकास गरी सदस्यलाई बचतमा आकर्षित गरिनेछ।
- सहकारीलाई सदस्यहरुको घरदैलोमा सेवा दिने संस्थाको रुपमा विकास गर्न प्रविधिको समेत प्रयोग गर्दै बचतहरु संकलन गर्ने, संस्थाले लगानी गरेका ऋण असुली गर्ने तथा सम्पुर्ण प्रकारका तथ्याङकहरु संकलन गर्ने, सहकारी सम्बन्धी जनचेतना फैलाउने काम समेत गर्ने गरी फिल्डमा खटाउने ब्यवस्था मिलाईने छ। साथै बचत सम्बन्धी प्रोडक्ट निर्माण गर्दा विस्तारित भेलाबाट सदस्यहरुको राय सुझाव संकलन पश्चात गरिने छ।
- विशेष बचत खाता बाहेक अन्य बचतका प्रकारहरुमा कम्तीमा ३% प्रतिशत सदस्यहरुले कारोवार गर्ने अवस्था बनाउन प्रयत्न गरिनेछ।
- बचत खाताहरुमा रहेको रकम सम्बन्धीत खातावालाले मात्र चेक जाँच गर्न पाउनेछ खातामा रहेको रकम थाहा पाउनका लागि सम्बन्धीत ब्यक्तिलाई संस्थाको तर्फबाट पासबुक तथा सम्बन्धीत खाताको वित्तिय विवरण उपलब्ध गराईने छ। सकेसम्म प्रविधि युक्त सेवा तथा सरल प्रबिधिमा पहुँच पुऱ्याउन सदस्यहरुलाई पहिलो बर्ष निःशुल्क मोवाईल बैंकिङ र एटिम कार्ड सेवा उपलब्ध गराईने छ।
- यी बचत खाताहरुको रकम भुक्तानी गर्ने प्रयोजनका लागि संस्थामा सम्बन्धीत खातावालाको दस्तखत खुलेको फोटो सहितको दस्तखत नमुना कार्ड राखिने छ। खातावालाले आफ्नो रकम झिक्नका लागि संस्थाले भुक्तानी आदेश बुक प्रदान गर्नेछ र यसरी सम्बन्धीत खातावाला संस्था मै आई रकम झिक्न चाहेमा संस्था मै तयार गरिएको संस्थागत भुक्तानी रसिदबाट समेत रकम झिक्न सक्नेछ। सदस्यले लगेको भुक्तानी आदेश बुक हराएमा अर्को प्राप्त गर्न रु. ५०।- दस्तुर लाग्नेछ।
- खातावाला सम्बन्धीत ब्यक्ति संस्थामा उपस्थित हुने पुहँच भन्दा बाहिरको अवस्थामा (विरामी अवस्था, क्षेत्रगत रुपमा बाहिर रहेको अवस्था) रहेमा कुनैपनि प्रकारले प्रविधिको प्रयोग गरी निबेदन संस्थामा उपलब्ध गराई वा संस्थामा सदस्य रहेका कम्तिमा दुई सदस्यको सिफारिसको आधारमा हकवालालाई रकम भुक्तानी गर्न सकिनेछ तर यस रकम भुक्तानी गर्दा संस्थामा मुख्य भई काम गर्ने ब्यक्तिले आफ्नो तजविज प्रयोग गर्ने र शंका लागेको अवस्थामा भुक्तानी नगर्न पनि सक्नेछ।

३. **ऋण** : आगामी आर्थिक वर्षको अन्त्य सम्ममा रु घछ,छण,डठ,ठद्धढा- थप ऋण लगानी गरी जम्मा ऋण रकम रु ज्ञ,छद्ध,घछ,ण्ड,ण्ण्ण।- पुऱ्याउने लक्ष्य लिइएकोछ। साथै भाखा नाघेको ऋणलाई ५ प्रतिशत भन्दा कम बनाउन नियमित ताकेता भेटघाट गर्दा असुल नहुने अवस्था देखिएमा नियमित लिलामी प्रकृया तदारुकताका साथ अगाडी बढाइने छ। लिलामी प्रक्रियाबाट प्राप्त जग्गालाई संस्थाको भोगमा ल्याउने र विक्रि वितरण गरी गैर बैंकिङ सम्पत्ति (नकमाउने सम्पत्ति) घटाईने छ।

१. सहकारी निर्देशन तथा प्राधिकरणको मापदण्ड बमोजिम ऋण लगानी गर्नु अगावै ऋण सदुपयोगिता तथा ऋण लिन तथा लिईसके पछि गर्नुपर्ने कार्यहरुको बारेमा अभिमुखीकरण गरिने छ। ऋणको ब्याजदर, तिर्नुपर्ने किस्ता रकम, ऋणको समयसिमा तथा ऋण सम्बन्धी विभिन्न नीतिहरुको समेत जानकारी प्रदान गरिने छ।

२. संस्थामा पहिलो पल्ट ऋण कारोवार गर्ने सदस्यलाई बचत कारोवार हेरी उपयोगिताको आधारमा ऋण लगानी गरिनेछ। बचत नभएको वा थोरै कारोबार भएको अवस्थामा माग बामोजिमको रकम लगानी गर्न संस्था बाध्य हुनेछैन।

३. संस्थामा आर्थिक कारोवार नियमित रुपमा गरेको शेयर सदस्यको हकमा आवश्यक्ता अनुसारको किस्तावन्दी ऋण प्रदान गरिने र सवै ऋण धितो बन्धक रोक्काको आधारमा लगानी गर्ने निती लागु गरिने छ।

४. व्यवसायिक, नियमित आम्दानी भएका, कृषि उत्पादन फर्म, बै.रो., शैक्षिक लगानी, जग्गा खरिद, भवन निर्माण, सवारी साधन खरिद तथा साना तथा मझौला उद्योग स्थापना गरी काम गरिरहेको व्यक्ति वा फर्म तथा नियमित कारोवार भएका सदस्यको हकमा ५ सी समेतको मूल्याङ्कन गर्दै धितो बन्धक गरी न्युनतम बचतको सिमा भित्र रहेर लगानी गरिनेछ। तर ब्यवसायिक ऋण नदेखिने हकमा एक परिवारमा अधिकतम ऋणको सिमा २५ लाख सम्म मात्र हुने ब्यवस्था लागु गरिनेछ।

५. संस्थाले आवधिक बचत खातामा भएको रकम धितो राखि सदस्यहरुलाई ऋण लगानी गर्नेछ। यस्तो ऋणको अवधि आवधिक बचत खाताको समय अवधि बराबर हुनेछ। यसको व्याजदर आवधिक बचतमा तोकिएको ब्याजदरमा २.५% थप हुनेछ र यस्तो ऋणमा प्र.शु. लाग्ने छैन।

६. सदस्यको आपतकालिन आवश्यकता पुर्ति गर्न रु २ लाखमा ननाघ्ने गरी विना धितो सरल कर्जा (ऋण) लगानी गरिने र यस्तो ऋण ५ बर्ष भित्र चुक्ता गर्नुपर्ने ब्यवस्था लागु गरिनेछ। यो ऋण लगानी गर्दा संस्थामा सदस्यले गरेको आर्थिक योगदानलाई आधार बनाईने छ। यस प्रकारको ऋण लगानी गर्दा १% प्र.शु. लाग्नेछ।

७. ऋण कारोवार गर्दा आवश्यक पर्ने कागजातको विवरण ऋण फाईलमा चेक लिस्ट निम्न बमोजिम बनाई ब्यवस्थित गरी राख्न अनिवार्य गरिने छ।

| | | |
|---|---|---|
| क) भुक्तानी आदेश। | ख) ऋणको भुक्तानी तालिका। | ग) ऋण परामर्श। |
| घ) धितो बन्धकको चिठ्ठी। | ङ) ऋण फारम। | च) आयश्रोत पुष्टि गर्ने कागजात। |
| छ) फोटो। | ज) नागरिकताको प्रतिलिपी। | झ) लालपुर्जाको प्रतिलिपी। |
| ञ) तिरो तिरेको रसिद। | ट) धितोका चारकिल्ला। | ठ) धितो अध्यावधिकको चिठ्ठी। |
| ड) नक्सा। | ण) राष्ट्रिय परिचयपत्र। | |

८. ऋणको सम्पूर्ण कागजातलाई स्क्यान गरि ऋण ब्यवस्थापन प्रणालिमा सुरक्षित गरिनेछ। ऋण लगानी सँग सँगै मोवाइल बैकिङ्ग सेवालाई पनि अनिवार्य गराइनेछ।

९. ऋण लगानी भए पश्चात समय-समयमा अनुगमन गर्ने काम ऋण उप-समिति र कर्मचारीहरुले संयुक्त रुपमा उद्देश्य अनुरुप ऋण रकम लगानी भए नभएको अनुगमन गरिनेछ।

१०. ऐनको दफा ७९ बमोजिम संस्थामा भाखा नघाई व्याज र किस्ता नबुझाउने ऋणी सदस्यको धितो लिलामी प्रकृया कडाईका साथ अगाडी बढाइनेछ।

११. सदस्यले आफ्नो सो ऋण समयमा चुक्ता गर्न सक्ने क्षमताको जानकारी संस्थाले तयार पारेको आय व्यय विवरण फारम भरी सो को पुष्टिको लागि सम्बन्धित कागजात पनि पेश गर्नु पर्ने व्यवस्थालाई लागू गरिने छ।

१२. लगानीको समयमा तमसुकको साथमा निज ऋणी सदस्यको एकाघर परिवारको अनिवार्य प्रमाणित कागजात पेश गर्नु पर्नेछ। सदस्यको साक्षी (सहि तथा औठा छाप )र एक-एक प्रति पासपोर्ट साइज फोटोलाई अनिवार्य गराई ऋण लगानी गरिनेछ।

१३. व्यापार, व्यवसाय र उद्योग, फर्मलाई प्राथमिकतामा राखि (कृषि) ऋण माग गर्ने सदस्यहरुलाई प्रोत्साहित गर्ने कार्य अगाडी बढाइनेछ।

१४. ऋणको हकमा नियमित ब्याज समयमै भूक्तान गरेको अवस्थामा ब्याजको १% छुट(रिवेट) ब्यवस्था गरिनेछ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम समयमा सावाँ ब्याज नतिर्ने ऋणी सदस्यहरुलाई पाकेको ब्याजमा ५% प्रतिशत हर्जाना लाग्ने ब्यवस्था अगाडि बढाईनेछ।

१५. ऋण लगानी पश्चात समय समयमा अनुगमन गरी कृषि र पशुपालन, भवन निर्माणमा आवश्यक्ता अनुरुप किस्ता किस्ता गरी लगानी गर्ने कार्य अगाडी बढाइनेछ।

१६. ऋण लगानी गर्दा जमानी बस्ने एकाघर परिवारको सदस्य अनिवार्य रुपमा संस्थाको सदस्य हुनु पर्ने व्यवस्था मिलाई जसबाट संस्थामा सदस्य संख्यामा बुद्धि गराउने अभियान अगाडी बढाइनेछ।

१७. ऋणमाग गर्ने सदस्य संग संस्थाले अन्य कुनै बैंक तथा वित्तिय संस्थामा ऋण प्राप्त गरे नगरेको जानकारी साख सुचना केन्द्रमा सदस्य भई त्यसबाट आवश्यक सुचना माग गर्नेछ।

१८. ऋण लगानी सवैको केवाईएम भर्ने ब्यवस्थालाई अनिवार्य गरिने छ। साथै ऋण लगानी पश्चात ऋणको सदुपयोगिता जाँच गरिने छ।

१९. ऋण लिदा नियमति मासिक बचत, सदस्य सुरक्षण बचत र ऋण सुरक्षण बचतलाई अनिवार्य गरिनेछ। अन्य बचत गरी ६ प्रकारको बचतमा सहभागिता हेरिनेछ।

२०. दुर्घटना तथा भबितब्यमा पर्ने सदस्यहरुलाई सहयोग पुऱ्याउने उद्देश्यले आपतकालिन ऋणको ब्यवस्थापन गरिने छ। सदस्यहरुलाई आकस्मिक रुपमा आईपर्ने विपत्तिहरु जस्तै सर्पदंश, दुर्घटना, आगजानी आदिमा सहयोग पुऱ्याउन यस प्रकारको ऋणको प्रयोग गरिने छ। यस्तो सुविधायुक्त ऋण लिन संस्थाको नीति बमोजिमको शेयर, नियमित बचत र कम्तिमा ६ वटा बचतको प्रकारमा सहभागी भएको र उक्त खातामा नियमित कारोवार गरेको हुनुपर्नेछ।

| क्र.सं. | ऋणका प्रकार | हालको कायम भार | कायम गरिने भार |
|---|---|---|---|
| १ | कृषी, पशुपंक्षी पालन व्यवसायिक ऋण | १०.१५% | १४% |
| २ | ब्यापार ऋण | २६.३५% | २८% |
| ३ | वैदेशिक रोजगार ऋण | २.९३% | ५% |
| ४ | घर/जग्गा खरिद ऋण | ३७.१९% | २७% |
| ५ | शैक्षिक ऋण | ९.७६% | १०% |
| ६ | सामाजिक व्यवहार ऋण | ५.८७% | ५% |
| ७ | उद्यमशिल ऋण | ०.७७% | १.७५% |
| ८ | सवारी साधन ऋण | ४.२८% | ४% |
| ९ | कर्मचारी सहुलियत ऋण | ०.४३% | २% |
| १० | आपतकालिन ऋण | | ०.२५% |
| ११ | सरल कर्जा | २.२७% | ३% |

- संस्थाले परियोजना सहितको व्यवसायिक कृषि गर्न तथा साना तथा मझौला उद्योग स्थापना गर्ने उद्देश्यले लिएको ऋणको पहिलो ३ महिना सम्म किस्ता अनिवार्य नगरिने तर मासिक रुपमा ब्याज भुक्तान भने गर्नुपर्ने ब्यवस्था लागू गरिनेछ।
- किस्ताबन्दी ऋण सम्झौता अबधिभर कुनैपनि समयमा अग्रिम रुपमा पनि चुक्ता गर्न सकिनेछ। सदस्यले आफ्नो किस्ताबन्दी ऋण पुर्ण रुपमा चुक्ता नगरी पुनः सोही ऋण प्राप्त गर्न सक्ने छैनन्। ऋण चुक्ता भईसकेको अवस्थामा संस्थाको लगानी तथा तरलताको अबस्था हेरी पुनः लगानी गर्न सकिनेछ।
- सहकारी ऐन २०७४ बमोजिम दोहोरो सदस्यता अन्त्य गर्दै लैजानको निम्ति सदस्यले चाहेमा अर्को संस्थामा सदस्य भई ऋण लिई उपयोग गरिरहेका सदस्यको सो संस्थामा भएको कर्जाको भुक्तानीको लागि सदस्यको अवस्था, क्षमता, ईमान्दारिता आदिको बिश्लेषण गर्दै सोधभर्ना कर्जा समेत उपलब्ध गराईनेछ। यस्तो सुबिधा प्राप्त गर्ने सदस्यले अर्को संस्थाको सदस्यता त्याग गर्नुपर्नेछ। यस्तो ऋण संस्थामा लिईरहेका सदस्यहरुलाई पनि ऋणको अधिकतम सिमा ननघाई ऋण थप गरी गर्न सकिनेछ।
- सबै प्रकारका ऋणमा मासिक ब्याज अनिवार्य बुझाउनु पर्ने। किस्ताबन्दी ऋणको हकमा सदस्यको माग अनुसार १, ३ र ६ महिने साँवाको किस्ता कायम गर्न सकिनेछ। तर उखु खेती प्रयोजनको लागि १ बर्षे किस्ता राख्न यसले बाधा पर्नेछैन।
- ऋण लगानीलाई सबल र सफल बनाउनको निम्ति सदस्यहरुको नगद प्रबाहको स्थितिलाई मुल्यांकन गर्दै लगानी गर्ने वातावरणको विकास गर्दै लगिनेछ।
- ऋण लगानी तथा असुलीलाई प्रभावकारी बनाउनका लागि ऋण भुक्तानीको नियमितताका आधारमा ऋणीहरूलाई (खराब ऋणीलाई कालोसूचीमा राख्ने) आन्तरिक रुपमा सूचीकृत गर्दै लगिनेछ।
- एउटै परिवारका बिभिन्न ब्यक्तिहरुमा रहेको सबै ऋणलाई एकिकृत गरी एउटै ऋण बनाई कार्यान्वयनमा ल्याईनेछ।
- ऋण भाखा नाघेको अवस्थामा किस्ताबन्दी मासिक दरको ६ वटा किस्ता भाखा नाघेपछि त्यस्तो ऋणलाई साख सुचना केन्द्रमा जानकारी गराई खराब ऋणमा सुचिकृत गरी १८ महिना भित्र अनिवार्य रुपमा धितो लिलाम गरिने छ।
- ऋण लिने सदस्यहरुको सामाजिक तथा ब्यवहारिक पक्षलाई मध्येनजर गर्दै पाँच लाख भन्दा साना ऋणीहरुको अन्तिम किस्ता सिमा ८० बर्ष उमेर र पाँचलाख भन्दा माथीको ऋणीको हकमा अन्तिम ऋण किस्ता सिमा ७५ बर्ष उमेरलाई कायम गरिनेछ। ठुलो ऋणको हकमा संरक्षकले दायित्व बहन गर्ने अवस्था भएमा अन्तिम किस्ता समय ८० बर्ष हुनलाई बाधा पर्नेछैन।

- ऋणलाई छिटो छरितो तथा साना ऋणहरुलाई प्रोत्साहन गर्न ५ लाख सम्मको ऋण ब्यवस्थापनबाट स्विकृत गरिनेछ भने ५ लाख भन्दा माथि २० लाख सम्मको ऋण उप-समिति र सो भन्दा माथि संचालक समिति वा ऋण उच्च स्तरिय कार्यदलबाट स्वीकृत गरी संचालक समितिबाट अनुमोदन गरिनेछ।
- ऋण विभागको सम्पुर्ण कागजपत्रलाई सुरक्षण गर्न सम्पुर्ण ऋणको विवरण प्रविधिमा आधारित भई वा अनिवार्य ई-कपी बनाई सुरक्षित राखिने ब्यवस्था गरिनेछ।
- आवश्यक सुरक्षण गर्न क्याविनेटको व्यवस्था गरिनेछ र फायर फाईटरको व्यवस्था गरिनेछ।
- संस्थाको बिकासको मेरुदण्ड ऋण लगानी भएकाले यसलाई बृहत र सबल बनाउन शनिबारका दिन बाहेक सबै दिन लगानी गर्ने ब्यबस्था मिलाईनेछ । ऋण लगानी ब्यवस्थालाई प्रभाबकारी बनाउन परियोजना प्रस्ताब, नगद प्रवाह प्रतिवेदन लगायतका थप कागजातहरु माग गर्ने र सोही अनुरुप ऋण लगानी गर्ने प्रकृया अगाडि बढाईनेछ। बिगतका बर्षहरुमा ऋण असुली तर्फ क्रमशः प्रगति हुँदा हुदै पनि भाखा नाघेको ऋण ७.५२% भएको र आगामी दिनमा शुन्यको अबस्थामा लैजान हरेक समय ताकेता, फोन, नियमित भेटघाट तथा चिठ्ठी सम्प्रेषण लगायतका प्रकृयाहरु अबलम्बन गरिने नीतिलाई निरन्तरता दिईनेछ। यसको लागि कर्मचारी नपुग भए व्यवस्थापन गरिने छ।

## १) सरल कृषी कर्जा

| | |
|---|---|
| संकेत नं | ११०.१ |
| ऋणको उद्देश्य | किसान सदस्यहरुको कृषि व्यवसायको प्रवर्द्धन तथा विकास गर्ने, |
| ऋणको सिमा | सदस्यमा अधिकतम रु. १५ लाख सम्म |
| ब्याजदर | संस्थाले तोकेबमोजिम |
| किस्ता | मासिक तथा त्रैमासिक किस्ता |
| समयावधि | ५ बर्ष देखि १० वर्ष |
| धितो व्यवस्था | घर तथा जग्गा |
| विशेषताहरु | १. यो ऋण सदस्यहरुले खेती, पशुपंक्षी, तरकारी खेती, सिचाई तथा माछा पालन गर्न प्राप्त गर्न सकिने ।<br>२. मासिक ब्याज असुल गर्नुपर्ने ।<br>३. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>६. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>७. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>८. पुरस्कार तथा संरक्षित पूंजी फिर्ता कोष प्राप्त गर्न सकिने । |

## २) उन्नत नगदे बाली कर्जा

| | |
|---|---|
| संकेत नं | ११०.१.१ |
| ऋणको उद्देश्य | कृषिमा परनिर्भरता हटाई सदस्यहरुलाई कृषिमा जोड्ने, |
| ऋणको सिमा | सदस्यमा अधिकतम रु.५ लाख सम्म |
| ब्याजदर | संस्थाले तोकेबमोजिम |
| किस्ता | नगदे खेतिमा निर्भर रहने (३ महिना देखि ६ महिना सम्म, उखु खेतिको लागी १ बर्ष) |
| समयावधि | ५ बर्ष |
| धितो व्यवस्था | धन जमानत वा सामुहिक जमानत । |
| विशेषताहरु | १. यो ऋण सदस्यहरुले उखु खेति, धानमकै, गहुँ, फलफुल तथा तरकारी खेति प्रयोजनको लागी लिन सकिनेछ ।<br>२. मासिक ब्याज असुल गर्नुपर्ने ।<br>३. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>६. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>७. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>८. पुरस्कार तथा संरक्षित पूंजी फिर्ता कोष प्राप्त गर्न सकिने । |

### ३) पशुपंक्षि तथा माछा पालन कर्जा

| | |
|---|---|
| संकेत नं | ११०.१ |
| ऋणको उद्देश्य | सदस्यहरुलाई पशुपंक्षि र माछापालनमा प्रोत्साहन गर्न , |
| ऋणको सिमा | सदस्यमा अधिकतम रु. ७ लाख सम्म |
| ब्याजदर | संस्थाले तोकेबमोजिम |
| किस्ता | मासिक तथा त्रैमासिक किस्ता |
| समयावधि | ५ वर्ष देखि १० वर्ष |
| धितो व्यवस्था | घर तथा जग्गा |
| विशेषताहरु | १. यो ऋण सदस्यहरुले खेती, पशुपंक्षी, तरकारी खेती, सिचाई तथा ऋण प्राप्त गर्न सकिने ।<br>२. मासिक ब्याज असुल गर्नुपर्ने ।<br>३. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>६. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>७. प्रतिबद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>८. पुरस्कार तथा संरक्षित पूंजी फिर्ता कोष प्राप्त गर्न सकिने । |

### ४) व्यवसायिक कृषी कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.२ |
| ऋणको उद्देश्य: | किसान सदस्यहरुको व्यवसायिक कृषीको प्रवर्द्धन तथा बिकास गर्ने, |
| ऋणको सिमा: | सदस्य अधिकतम रु. ३५ लाख सम्म |
| ब्याजदर: | संस्थाले तोकेबमोजिम |
| किस्ता: | मासिक तथा त्रैमासिक किस्ता |
| समयावधि: | बढिमा ५-१५ वर्ष |
| धितो व्यवस्था: | घर तथा जग्गा |
| विशेषताहरु | १. यो ऋण सदस्यहरुले फरम दर्ता गरी खेती, पशुपंक्षी, तरकारी खेती, सिचाई तथा उपकरण खरिद तथा व्यवसायिक फारममा ऋण प्राप्त गर्न सकिने ।<br>२. मासिक ब्याज असुल गर्नुपर्ने ।<br>३. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>६. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>७. प्रतिबद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>८. पुरस्कार तथा संरक्षित पूंजी फिर्ता कोषको रकम प्राप्त गर्न सकिने । |

### ५) व्यापार कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.३ |
| ऋणको उद्देश्य: | सदस्यहरुको ब्यापार, व्यवसाय तथा प्रवर्द्धन, बिकास तथा विस्तारमा सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | ५० लाख सम्म । |
| ब्याजदर: | संस्थाले तोके बमोजिम |
| किस्ता: | मासिक किस्ता, त्रैमासिक किस्ता । |
| समयावधि: | ५ देखि १५ वर्ष सम्म |
| धितो व्यवस्था: | सदस्यको घर तथा जग्गा |
| विशेषताहरु | १. यो ऋण ब्यापार, व्यवसाय परियोजना गर्ने कार्यको लागि प्राप्त गर्न सकिने ।<br>२. दैनिक अथवा मासिक रुपमा अनिवार्य ब्याज बुझाउनु पर्ने ।<br>३. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा २ प्रतिशत छुट दिने ।<br>४. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>५. प्रतिबद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>८. असल ऋणीलाई पुरस्कार प्रदान गर्न सकिने ।<br>९. ब्याजलाई सरक्षित पूंजी फिर्ता कोष वितरणमा गणना गरिने । |

### ६) घर जग्गा कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.४ |
| ऋणको उद्देश्य: | सदस्यहरुको घर, जग्गा खरिद तथा घर निर्माणमा सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | अधिकतम २५ लाख सम्म |
| ब्याजदर: | संस्थाले तोके बमोजिम |
| किस्ता: | मासिक किस्ता |
| समयावधि: | ८ वर्ष सम्म । |
| धितो व्यवस्था: | सदस्यको वा एकाघर परिवारको घर तथा जग्गा |

| | |
|---|---|
| विशेषताहरु | १. सदस्यहरुलाई खेतीयोग्य जमिन खरिद, घडेरी खरिद, घर निर्माण तथा खरिदको लागि लगानी गरिने ।<br>२. मासिक रुपमा अनिवार्य ब्याज बुझाउनु पर्ने ।<br>३. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा २ प्रतिशत छुट दिने ।<br>४. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>५. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>६. असल ऋणीलाई पुरस्कार प्रदान गर्न सकिने ।<br>९. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने । |

## ७) शैक्षिक कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.५ |
| ऋणको उद्देश्य | सदस्य, परिवार, अथवा छोरा, छोरीलाई शिक्षा आर्जनको लागि सहयोग पुऱ्याउने । |
| ऋणको सिमा | अधिकतम रु.२५ लाख सम्म । |
| ब्याजदर | संस्थाले तोके बमोजिम |
| किस्ता | मासिक किस्ता |
| समयावधि | १० बर्ष सम्म । |
| धितो व्यवस्था | सदस्यको वा एकाघर परिवारको घर तथा जग्गा |
| विशेषताहरु | १. सदस्यहरु वा निजको परिवार वा छोरा छोरीलाई उच्च शिक्षा हासिल गर्नको लागि लगानी गरिने ।<br>२. ऋण प्राप्त गर्न सदस्यहरुले अनिवार्य रुपमा भर्नाको अभिलेख पेश गर्नुपर्ने ।<br>३. विदेशमा गई अध्ययन गर्नेको हकमा भिसा तथा विश्वविद्यालयको अध्ययन अनुमति सम्वन्धि कागजात बुझाउनु पर्ने ।<br>४.मासिक रुपमा अनिवार्य ब्याज बुझाउनु पर्ने ।<br>५. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>६.अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>७. प्रतिबद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>८ असल ऋणीलाई पुरस्कार प्रदान गर्न सकिने ।<br>९. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने । |

## ८) सामाजिक ब्यवहार कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.६ |
| ऋणको उद्देश्य: | सदस्यहरुको सामाजिक, धार्मिक तथा विभिन्न संस्कारहरुमा सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | अधिकतम रु.१५ लाख सम्म |
| ब्याजदर: | संस्थाले तोके बमोजिम |
| किस्ता: | मासिक किस्ता |
| समयावधि: | १० वर्ष सम्म । |
| धितो व्यवस्था: | सदस्यको वा एकाघर परिवारको घर तथा जग्गा |
| विशेषताहरु | १. सदस्यहरुलाई विवाह, ब्रतबन्ध काजक्रिया, पुराण आदि कार्य गर्न लगानी गरिने<br>२. मासिक रुपमा अनिवार्य ब्याज बुझाउनु पर्ने ।<br>३. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>४. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>५. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>६. असल ऋणीलाई .पुरस्कार प्रदान गर्न सकिने ।<br>७. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने । |

## ९) बैदेशिक रोजगार कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.७ |
| ऋणको उद्देश्य: | सदस्यहरु वा परिवारको सदस्यहरुलाई बैदेशिक रोजगारको लागि जान सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | सदस्य अधिकतम रु. २५ लाख सम्म |
| ब्याजदर: | संस्थाले तोके बमोजिम |
| किस्ता: | मासिक किस्ता |
| समयावधि: | १० वर्ष |
| धितो व्यवस्था: | सदस्यको वा एकाघर परिवारको घर तथा जग्गा |
| विशेषताहरु | १. सदस्यहरुलाई श्रमको लागि बैदेशिक मुलुक जान लगानी गरिने ।<br>२.यो ऋण प्राप्त गर्ने सदस्यहरुले रोजगारीको लागि भिसा लागेको राहदानी, सम्झौता प्रमाण पेश गर्नुपर्ने ।<br>३. मासिक रुपमा अनिवार्य ब्याज बुझाउनु पर्ने ।<br>४. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>५. अग्रिम ऋण भुक्तान गर्न सकिने । |

| | |
|---|---|
| | ६. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>७. असल ऋणीलाई पुरस्कार प्रदान गर्न सकिने ।<br>८. व्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने । |

## १०) उद्यमसिल कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.८ |
| ऋणको उद्देश्य: | सदस्यहरुलाई लघु उद्योग, घरेलु तथा मझौला उद्योग सञ्चालन गर्न सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | अधिकतम ५० लाख सम्म । |
| ब्याजदर: | संस्थाले तोके बमोजिम |
| किस्ता: | मासिक किस्ता |
| समयावधि: | १० देखी १५ वर्ष सम्म । |
| धितो व्यवस्था: | सदस्यको वा एकाघर परिवारको घर तथा जग्गा |
| विशेषताहरु | १. सदस्यहरुलाई लघु उद्योग तथा मझौला उद्योग सञ्चलन गर्न लगानी गरिने ।<br>२. यो ऋण प्राप्त गर्न व्यवसाय प्रमाण पत्र पेश गर्नु पर्ने ।<br>३. मासिक रुपमा अनिवार्य ब्याज बुझाउनु पर्ने ।<br>४. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>५. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>६. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>७. असल ऋणीलाई .पुरस्कार प्रदान गर्न सकिने ।<br>८. व्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने । |

## ११) सवारी साधन कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.९ |
| ऋणको उद्देश्य | सदस्यहरुलाई सवारी साधन खरिद गर्न सहयोग पुऱ्याउने |
| ऋणको सिमा | अधिकतम रु २० लाख |
| ब्याजदर | संस्थाले तोके बमोजिम |
| किस्ता | मासिक किस्ता |
| समयावधि | १० वर्ष सम्म |
| धितो व्यवस्था | सदस्यको वा एकाघर परिवारको घर तथा जग्गा |
| विशेषताहरु | १. सदस्यहरुलाई सवारी साधन खरिद गर्न लगानी गरिने ।<br>२. यो ऋण प्राप्त गर्न कोटेशन वा मञ्जुरनामा वा बैना बट्टाको कागजात पेश गर्नु पर्ने ।<br>३. मासिक रुपमा अनिवार्य ब्याज बुझाउनु पर्ने ।<br>४. समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>५. अग्रिम ऋण भुक्तान गर्न सकिने ।<br>६. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने।<br>७. असल ऋणीलाई पुरस्कार प्रदान गर्न सकिने ।<br>९. व्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>१०. ऋण सुरक्षणको लागी सवारी साधन संस्थाको नाममा नामसारी गरिनेछ ।<br>११. सवारी साधन खरिद गरेको मुल्यको ६० प्रतिशत सम्म मात्र ऋण लगानी गरिनेछ । |

## १२) कर्मचारी सहुलियत कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.१० |
| ऋणको उद्देश्य: | सम्पती खरीद तथा सन्तती शिक्षामा सहयोग गर्ने |
| ऋणको सिमा: | कुल ऋणको २ प्रतिशत हुन आउने रकम(बढीमा १२.५% एक कर्मचारीलाई लगानी गर्ने गरी ।) |
| ब्याजदर: | संस्थाले तोके बमोजिम सहुलियत दरमा(औषत बचत दर +१ प्रतिशत) |
| किस्ता: | मासिक |
| समयावधि: | कर्मचारी अन्तिम बहाल हुने समय सम्म |
| धितो व्यवस्था: | सदस्यको वा एकाघर परिवारको घर तथा जग्गा |
| विशेषताहरु | १.संस्थाको नियमित कर्मचारीहले मात्र लिन सकिने । संस्थामा योगदान गरेको आधारमा प्रथमिकतामा राखिने । |

## १३) आपतकालिन कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.११ |
| ऋणको उद्देश्य: | दुर्घटना तथा भवितव्यमा पर्ने सदस्यहरुलाई सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | ५०,०००/- |
| ब्याजदर: | संस्थाले तोके बमोजिम |

| | |
|---|---|
| किस्ता: | मासिक |
| समयावधि: | ६ महिना |
| धितो व्यवस्था: | बीना धितो |
| विशेषताहरु | १. सदस्यलाई आकस्मिक रुपमा आई पर्ने घटनाहरु सर्पदशं, दुर्घटना, आगजनी आदिमा सहयोग पुऱ्याउने ।<br>२. महिना दिन भित्र रकम बुफाएमा ब्याज नलाग्ने ।<br>३. व्यवस्थापन शुल्क नलाग्ने ।<br>४.समयमा ऋण तथा किस्ता तिर्ने सदस्यलाई पाकेको ब्याजमा १ प्रतिशत छुट दिने ।<br>५.दुई जना सदस्य जमानी बस्नु पर्ने ।<br>६. संस्थामा आर्थिक योगदानको आधारमा दिईने ।(औषत शेयर, नियमित बचत, सदस्य सुरक्षण बचत र ६वटा बचतमा योगदान |

## १४) सरल कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.१२ |
| ऋणको उद्देश्य: | सरल प्रकारले सहजकर्जा प्रदान गर्ने । |
| ऋणको सिमा: | अधिकतम २ लाख मात्र (सदस्यको आर्थिक योगदानको आधारमा) |
| ब्याजदर: | संस्थाले तोके बमोजिम सहुलियत दरमा |
| किस्ता: | मासिक |
| समया अवधि: | ५ वर्ष |
| धितो व्यवस्था: | बचत |
| विशेषताहरु | संस्थामा योगदान गरेको आधारमा प्रथमिकतामा राखिने । |

## १५) सरल अटो/मयुरी कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.१३ |
| ऋणको उद्देश्य: | सदस्यहरुलाई आय आर्जन गरि आत्मनिरर्भर बनाउन सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | रु ५,००,००० सम्म/(अटोको मुल्यमा निर्भर रहने ।) |
| ब्याजदर: | संस्थाले तोके बमोजिम |
| किस्ता: | दैनिक वा मासिक |
| समयावधि: | ५ बर्ष |
| धितो व्यवस्था: | अटो धितो ।(संस्थाको नाममा रहने) |
| विशेषताहरु | १. सदस्यलाई व्यवसायी र आत्म निर्भर बनाउन ।<br>२. ४० प्रतिशत सदस्यको र ६० प्रतिशत संस्थाको लगानी खरिद गरिने ।<br>३. व्यवस्थापन शुल्क रु ५०००/- मात्र ।<br>४. अटो चालक अनुमति पत्र प्राप्त सदस्यले मात्र लिन पाउने ।<br>५. ऋण सदुपयोगिता शिक्षा ग्रहण गरेको हुनुपर्ने । |

## १६) लघु उद्यम तथा लघु ब्यवसाय कर्जा

| | |
|---|---|
| संकेत नं: | ११०.११ |
| ऋणको उद्देश्य: | सदस्यहरुलाई आय आर्जन गरि आत्मनिरर्भर बनाउन सहयोग पुऱ्याउने । |
| ऋणको सिमा: | अधिकतम रु ७,००,०००/- सम्म (बढिमा कुल ऋणको ७ प्रतिशत सम्म मात्र) |
| ब्याजदर: | संस्थाले तोकेबमोजिम |
| किस्ता: | मासिक |
| समयावधि: | ७ बर्ष |
| धितो व्यवस्था: | बचत/धन जमानत |
| विशेषताहरु | १. सदस्यलाई व्यवसायी र आत्म निर्भर बनाउन ।<br>२. लघु व्यवसाय तथा उद्यम दर्ता गरि संचालन गर्न योग्य बनाउन ।<br>३. प्रतिवद्धता शुल्क १ प्रतिशत लाग्ने ।<br>४. असल ऋणीलाई पुरस्कार प्रदान गर्न सकिने ।<br>५. ब्याजलाई सरक्षित पूँजी फिर्ता कोष वितरणमा गणना गरिने ।<br>६. अध्ययन अवलोनकन भ्रमणमा प्राथमिकता राखिने ।<br>७. ऋण सदुपयोगिता शिक्षा प्रदान गरिने ।<br>८. लघु उद्यम सम्बन्धि तालिम प्राप्त भएकोलाई प्राथमिकता प्रदान गरिने । |

**१७) बचत धितो कर्जा**

| | |
|---|---|
| संकेत नं: | ११०.१२ |
| ऋणको उद्देश्य: | सरल प्रकारले सहजकर्जा प्रदान गर्ने । |
| ऋणको सिमा: | दिर्घकालिन बचत रकमको ९० प्रतिशत ऋण लगानी गरिने |
| ब्याजदर: | संस्थाले तोके बमोजिम सहुलियत दरमा |
| किस्ता: | मासिक |
| समया अवधि: | बचतको समयसिमा बमोजिम । |
| धितो व्यवस्था: | बचत |
| विशेषताहरु | संस्थामा योगदान गरेको आधारमा प्रथमिकतामा राखिने । |
| प्रविधि विशेषता | मोवाईल बैंकिङ प्रयोगकर्ताहरुलाई ध्यानमा राखि मोवाईल बैंकिङ बाट पनि संस्थामा नआई यस प्रकारको ऋण माग र लिन सकिने व्यवस्था गरिनेछ । |

४. **रेमिटेन्स सेवा:** सगुन साकोसको हाल भएको सेवाकेन्द्र तथा यस आ.व.मा स्थापना हुने सेवा केन्द्रमा सम्पूर्ण वित्तिय सेवा अन्तर्गत रेमिट सेवा उपलब्ध गराईनेछ । यस क्षेत्रका सर्वसाधारणहरुको सहजताको निमित्त संचालनमा ल्याईएको रेमिटेन्स सेवा संस्थाको नियमित आम्दानी, सदस्य बृद्धि, बचतमा बृद्धि गर्ने स्रोत समेत भएकाले रेमिटेन्स कार्यलाई अझ ब्यापक बनाउन निम्न नीतिहरु कार्यान्वयन गरिनेछ।

- देश बिदेशबाट आउने सम्पुर्ण बिश्वसनिय रेमिटेन्स प्रदायक संस्थाहरुसँग समन्वय तथा सम्झौता गरी रेमिटेन्सको कामलाई नियमित गरिनेछ।
- रेमिटेन्स सेवा मार्फत संस्थामा सदस्यता तथा बचत समेत बृद्धि गराउन सकिने हुँदा सो कार्यका लागि सेवाग्राहीलाई प्रोत्साहित गरिनेछ। रेमिटबाट प्राप्त रकमबाट सदस्य बन्दा सदस्य प्रवेश रकम छुट दिईनेछ ।

५. **सेवाकेन्द्र सम्बन्धमा** : नियमनकारी निकाय प्रदेश सहकारी रजिष्टारको कार्यालयले जारी गरेको निर्देशन बमोजिम ईश्वरपुर तथा हरिपुर सेवाकेन्द्र बाट सदस्यले प्राप्तहुने सेवासुविधा लालबन्दी र हरिवनबाट गर्ने गरि र हाल संकलन गरिरहेको बचत संकलनलाई नियमित राखि सेवाकेन्द्रहरुलाई स्थानान्तरण/बन्द गर्ने निति लिईनेछ।

६. **बाह्य ऋण:** संस्थाको ख्याती र बिश्वसनियताको आधारमा संस्थामा छाता संगठनहरु साथै बैंक तथा वित्तिय संस्थाहरुबाट संस्थामा तरलता अभाव ब्यवस्थापनको लागि संस्थाको नीति बमोजिम बाहृय ऋण लिन सकिने छ।

७. **सामाजिक कृयाकलाप:**

- सामाजिक कृयाकलाप समुदाय संग संस्थालाई जोड्ने र समुदायको चाडपर्बहरु तिज, दशै, तिहार, छठ, ल्होसार, ईद आदिमा कार्यक्रमहरु संचालन गर्दा संस्था प्रति समुदायको आकर्षण बढ्ने हुँदा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। यस्ता कार्यक्रमहरु विस्तारित मञ्चको रुपमा सदस्यहरुको राय सुझाव लिने लगायत संस्थाको आर्थिक तथा सामाजिक गतिविधी सदस्यहरुलाई जानकारी गराउने गरि गरिनेछ। महिलाहरुको विस्तारित मञ्चमा महिलाहरुलाई बचतमा आकर्षण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।
- श्रावण १९ गते संस्थाको स्थापना दिवस सामुदायिक विकास तथा सदस्य सेवा अन्तरगतको विभिन्न क्रियाकलाप र कार्यक्रम गरि मनाईने ब्यवस्था मिलाईनेछ । उत्कृष्ट बाल बचत कर्ता, बचत, ब्यवसायी सम्मान, उत्कृष्ट कर्मचारी सम्मान, पत्रकार सम्मान कार्यक्रम गरिनेछ।
- रक्तदान कार्यक्रम बार्षिक रुपमा संस्थाको युवा उपसमितिको सहकार्यमा संस्थाले आवश्यक ठानेका दिनमा वा अन्य विशेष अवसर पारेर रक्त संकलनका कार्यक्रमहरु संचालन गर्न सकिने छ। साधारण सभाको दिन अनिवार्य संचालन गरिने व्यवस्थालाई कायमै राखिनेछ। आपतकालिन रुपमा रगतको माग रक्त संचार केन्द्रहरुबाट भएमा यस्ता कार्यक्रम आपतकालीन रुपमा गर्न सकिनेछ।
- विद्यालयहरुमा अध्ययन गर्ने बालबालिकाहरुलाई सहकारी र बचतको महत्व (बचत गर्ने बानीको बिकास) बुझाउन तथा बालबालिकाको हकहित तथा अधिकारको बारेमा जागरुक बनाउन सामुदायिक बिद्यालयहरुमा २० जना विद्यार्थीहरु (कक्षा आठ सम्मका) को बिद्यार्थी क्लवको गठन गरिनेछ। यस्ता बिद्यार्थीहरुलाई संस्थाले बिउ पुजि निर्माण गर्न सहयोग गर्न सक्नेछ।बिउ पूजि

नमासिने गरि उक्त पूजीको आम्दानीले बालबालिका लक्षित कार्यक्रम गर्न सकिनेछ। उक्त क्लवका सदस्यहरुलाई बालबचत प्रवर्द्धनको लागी संस्थाले प्रयोग गर्न सक्नेछ। संस्थाले पठनपाठनमा बाधा नपुग्ने गरि विद्यालयहरुको बालक्लव बिच विभिन्न क्रियाकलाप, प्रतियोगिता र सामाजिक कार्य गर्न गराउन सक्नेछ।

- संस्थाको क्रियाकलापहरुलाई नियमन गर्न, नियमित बचत कलेक्सन गर्न, लघुऋण प्रदान गर्न सगुन सिस्टर क्लवको अवधारणलाई कार्यन्वयन गरिनेछ। सिस्टर क्लवको मद्दतले महिला सशक्तिकरण, जनजागरण, सहकारी शिक्षा, तालिम लगाएतको कार्यहरु गरिनेछ। सिस्टर क्लवहरु बिच बिभिन्न क्रियापलाप गर्न संस्थाले सहयोग गर्न सक्नेछ।बार्षिक रुपमा सिस्टर क्लवको महिलाहरुको गोष्ठि तथा विस्तारित मञ्च गरिनेछ।
- महिला विशेष कार्यक्रमको समयमा महिला उप-समितिको सहकार्यमा महिला उत्कृष्ट बचतकर्तालाई मायाको चिनो वा विशेष उपहार सहित सम्मान गरिने नीति लिईनेछ।
- संस्थाले विशेष अवसर पारेर विविध कार्यक्रम र क्रियाकलाप गर्ने वातावरण मिलाईनेछ।
- तिर्थाटन र अध्ययन अवलोकन भ्रमणमा अधिक सदस्यहरुलाई सहभागी गराउने नीति लिईनेछ।
- संस्थाबाट पर्याबरणीय क्षेत्रमा प्लाष्टिक मुक्त नगर/गाउँ, बृक्षारोपण, डस्टिविन बितरण आदि गर्ने सरकारी वा गैर सरकारी संघ संस्थासँग समन्वय तथा सहकार्य गरी कार्य गरिनेछ।
- स्थानिय स्तरमा आबश्यक देखिएको वा संस्थाले आबश्यक देखेको कुनैपनि सामाजिक क्षेत्रमा संस्था आफै संलग्न भई शेयर सदस्यहरुलाई समेत सहभागी गराई शिक्षा, खेलकुद, सरसफाई, स्वास्थ्य शिविर, खानेपानी ब्यवस्था, सिचाई ब्यवस्था तथा अन्य सामाजिक कृयाकलापहरु संचालन गरिनेछ।
- निम्न घातक रोग वा गम्भीर रोग लागेको सदस्यहरुलाई संस्थामा गरेको योगदानको आधारमा एक पटकको लागी मात्र  दस्य सुरक्षण कोषबाट सदस्य राहत रकम उपलब्ध गराउने निति लिईनेछ।

Cancer: क्यान्सर

Kidney Failure (End Stage Renal Failure): मिर्गौला काम नगर्ने अवस्था (अन्तिम चरणको किड्नी फेलियर)

Coma: कोमा

Total Blindness : पूर्ण अन्धोपन

दुबै हात खुट्टा नभएको (पुर्ण शारिरीक अशक्तता )

नियमिति बचत, सदस्य सुरक्षण बचत र औषत शेयर खरिद गरेको सदस्य हकमा रु १०,०००/- र

सदस्य भएको आधारमा रु ५,०००/-मात्र (एकपटकमात्र) सदस्य राहत उपलब्ध गराउने निति लिईनेछ।

- संस्थामा सदस्य तथा सदस्यको पत्नि सुत्केरी भएको अवस्थामा संस्थाबाट रु. २,०००/- सुत्केरी पोषण रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईने छ। नियमित मासिक बचत र न्यूनतम शेयर खरिद गरे नगरेको र आवश्यक बचत खातामा सहभागी भएको आधारमा एक व्यक्तिले जम्मा २ पटक मात्र लिन सक्ने ब्यवस्था गरिनेछ। यो सुविधा प्राप्त गर्न सम्बन्धित निकायबाट पुष्टि हुने कागजात (हस्पीटल वा स्थानिय निकायबाट दिइएको जन्मदर्ता प्रमाण-पत्र) पेश गर्नु पर्नेछ।
- जेष्ठ नागरिक दिवसको अवसरमा बृद्धबृदा बचत खातामा कारोवार गर्ने जेष्ठ सदस्यहरु (७५ बर्ष पुरा गरेका)लाई सम्मान गर्ने ब्यवस्था गराईनेछ।
- नयाँ बुहारी स्वागत तथा सदस्यता वितरण गर्ने कार्यक्रम कार्यन्वयनमा ल्याईनेछ।

८. **क्षमता अभिबृद्धि सम्बन्धमा:**

- संस्थाका सदस्यहरुलाई शिपमुलक र रोजगारमुलक तालिमहरु उपलब्ध गराईनेछ।
- संस्थामा सदस्यता बृद्धि गराउन अभिप्रेरित गर्ने सदस्यको अभिलेख राखि त्यस्ता सदस्यलाई अध्ययन अबलोकन भ्रमणमा लगिनेछ।
- तिर्थाटन तथा बृद्धबृद्धा बचत खातामा योगदान गर्ने सदस्यहरुलाई १ दिने अवलोकन भ्रमण गराईनेछ।
- यस आ.व.मा सदस्य शिक्षा कार्यक्रमलाई प्रभाबकारी बनाई १५ स्थानमा कार्यक्रम नियमित गरिनेछ। सदस्यहरुको संख्या हेरी स्थानिय स्तरमा नै सदस्य शिक्षा कार्यक्रम संचालनमा ल्याईने छ। नियमित रुपमा सदस्य केन्द्रित भएर सदस्य विस्तारीत मञ्चको कार्यक्रम लिएर सदस्यहरुको माझ जाने नीतिलाई निरन्तरता दिईनेछ।

- संचालक, लेखा समिति, उप-समितहरु र कर्मचारीको संयुक्त प्रयासमा दोस्रो ४ बर्षे रणनीतिक योजना बनाई कार्यन्वयन गरिनेछ। संचालकहरुको क्षमता अभिबृद्धि तथा सहकारीको विशिष्ट ज्ञानको लागी विभिन्न गोष्ठि, सेमिनार र तालिम सहभागि गराईनेछ। देश भित्र र बाहिर शैक्षिक तथा अध्ययन अवलोकन र एक्सपोजर भिजिटमा संचालक समिति र कर्मचारीहरुलाई सहभागि बनाईनेछ।
- क्षमता अभिवृद्धी तर्फ संस्थाका संचालक, विभिन्न समिति, उप-समिति र कर्मचारीहरुका लागि पर्ल्स, कर, ऋण ब्यवस्थापन, बजेट तर्जुमा तथा सहकारी ब्यवस्थापन सम्बन्धी तालिमको ब्यवस्था मिलाईनेछ। आवश्यकता अनुसार कर्मचारीहरुलाई अध्ययन तथा अवलोकन भ्रमणको लागी नेफस्कुन र राष्ट्रिय सहकारी बैंक संग सहकार्य गरि अन्तराष्ट्रिय स्तरको भ्रमण र अध्ययनको लागी नियमित अवसर प्रदान गरिनेछ।
- सहकारी विभाग, श्रम कार्यालय, नगरपालिका र मालपोत कार्यालय लगायतको सरकारी कार्यालयसँग समन्वय गरी श्रम, कर तथा मालपोतको कामको प्रकृया सन्दर्भमा संचालक समिति, लेखा समिति, ऋण उप-समिति तथा कर्मचारीलाई आबश्यक तालिमको ब्यबस्था गरिनेछ।
- सम्पुर्ण संचालक, उपसमिति तथा कर्मचारीहरुलाई सम्पत्ति सुद्धिकरण संग सम्बन्धित तालिम तथा कार्यक्रमहरुमा सहभागी बनाईने नीति लिईनेछ।
- केन्द्रिय संघ(नेफ्स्कून)द्वारा संस्थाहरुको शुशासन तथा सुदृढीकरणका लागि संचालित स्क्यान ९कअबल० कार्यक्रम र राष्ट्रिय सहकारी बैंकबाट प्रवर्द्धित प्रोटेक्ट कार्यक्रमलाई निरन्तरता दिईनेछ। अन्य तालिम आवश्यक देखिएमा राष्ट्रिय सहकारी माहासंघ, नेफ्स्कून तथा सहकारी बैंक सँग समन्वय गरी कार्यक्रम संचालन गरिने छ।
- संचालक समितिको कार्य सम्पादनको स्व-मूल्याङ्कन गरिनेछ।
- कर्मचारीको कार्यसम्पादनको नियमित मूल्याङ्कन गर्ने परिपाटीको बिकास गर्दै उत्कृष्ट काम गर्न अभिप्रेरित गरिनेछ।
  प्रकाशन तथा प्रचार प्रसार विभागको ब्यवस्था गरी सगुन साकोसको गतिविधी सहितको ब्रोसर, त्रैमासिक बुलेटिन र संचालक समितिको अन्तिम कार्यकालमा स्मारिका प्रकाशन गर्ने ब्यवस्था मिलाईने छ।
- उत्कृष्ट बचतकर्ता, उत्कृष्ट बाल बचतकर्ता, उत्कृष्ट नियमति बचतकर्ता, उत्कृष्ट उद्यमी र उत्कृष्ट कर्मचारी मासिक/बार्षिक सम्मान गर्ने ब्यवस्था मिलाईनेछ।
- बाल बचत कर्तालाई योगदानको आधारमा प्रदान गरिने जन्मदिनको केक उपहार कार्यक्रमलाई नियमित राखिनेछ।
- महिला सदस्यहरुलाई संस्थाको तिज विषेश कार्यक्रममा बचत योगदानको आधारमा आकर्षक उपहार दिने कार्यलाई नियमित राखिनेछ।
- मासिक रुपमा योजना बनाई कर्मचारीहरुको मुल्याँकन गर्ने, योजनालाई मासिक र त्रैमाशिक रुपमा समिक्षा गर्ने बातावरण निर्माण गरिनेछ। कार्यवोझको अवस्थालाई मुल्याँकन गर्दै कर्मचारीहरुको सरुवा नियमित गरिनेछ।

९. **कार्यालय भौतिक सामाग्री :**

- सदस्यहरुको सेवाको निमित्त संस्थाको स्थायित्व तथा बिकास र भबनको पुर्ण सदुपयोता हेरि निम्न फर्निचर र सजावटका सामानहरु र संचालनमा रहेको सेवाकेन्द्रहरु लागि आवश्यक सम्पुर्ण पुर्वाधार र फर्निचरको ब्यबस्थापन, मुख्य कार्यालयको संचालक पदाधिकारीहरुको कक्ष निर्माण तथा अन्य सामाग्री लगायतको उपकरणको खरिद गरिनेछ।

| क.सं. | संख्या | क.सं. | संख्या |
|---|---|---|---|
| १.फायरप्रुफ क्याविनेट | २ | २.कम्प्युटर | ५ |
| ३.टेबुल, कुर्सी, अन्य फर्निचर | आवश्यकता अनुसार | ४.फोटोकपी मेसीन | २ |
| ५.एसि./फ्रिज | १०/१ | ६.वाल प्रोडक्ट डिस्प्ले फ्लेक्स | ५० |
| ७.स्मार्ट डजिटल डिस्प्ले बोर्ड | २ | ८.नोट काउण्टीङ मेसिन | २ |
| ९.मुख्य कार्यालय टेलर ब्यवस्थापन | १ | १०.SSD ड्राइभ | २० |
| ११.मुख्य कार्यालय रंग रोगन | १ | १२.नक्कली नोट पत्ता लगाउने मेसिन | २ |
| १३.अध्यक्ष कक्ष ब्यवस्थापन | १ | १४.खेलौना कुनोको निर्माण | १ |
| १५.पदाधिकारी कक्ष ब्यवस्थापन | १ | १६.काउन्टर टोकन र क्यु मेनेजरको ब्यवस्था | १ |
| १७.प्रबन्धक तथा लेखा कक्ष ब्यवस्थापन | २ | १८.अग्नी नियन्त्रण यन्त्र | २० |
| १९.सदस्य हेल्प डेक्स ब्यवस्थापन | १ | २०.लाईब्रेरी तथा सम्मानपत्र सजाबट | १ |
| २१. डिजिटल डिस्प्ले बोर्ड | १० | २२.ल्यापटप | २ |
| २३. वेवक्याम, वायोमेट्रिक दस्तखत र ल्यापचे प्याड | २ थान | २४.सिसिटिभिको क्षमता तथा दोहोरो ब्याकअप ब्यवस्था/क्लाउडमा ब्यवस्थापन | ६ स्थानमा |
| २५. स्मार्ट स्क्यानर | २ | २७.विपत ब्यवस्थापन सम्बन्धि औजार | १ सेट |

- आवश्यक देखिएको सेवा केन्द्रहरुमा भल्टको व्यवस्था गरिनेछ।
- सदस्यहरुलाई सेवा, प्रबिधि मैत्री सेवाको विकास, कार्यालयमा चापको ब्यबस्थापन तथा सेवामा बिशिष्टिकरणको लागि आधुनिक सफ्टवेयरको जडान, सेवा केन्द्रहरुमा एकिकृत सेवा, क्ःक द्यबलपष्लन र ब्ः सेवा दिई सकेको अवस्थामा डिजिटल सुचना पाटीको निर्माण कार्य अघि बढाइनेछ। साथै सदस्य वडापत्रलाई समयअनुसार परिमार्जन गरिनेछ।
- विभिन्न प्रकारको सगुनको गतिविधि भएको फेलेक्स निर्माण तथा प्रर्दशन गरिने ब्यवस्था मिलाईने छ।
- काउन्टर ब्यवस्थापन गर्न क्यू म्यानेजर, टोकन प्रणाली, मास्टर टेलिफोन वितरण प्रणालीको ब्यवस्था मिलाईनेछ।

**१०. आन्तरिक प्रशासन तथा सेवा सुबिधाः**

- संस्थामा देखिएको कारोबारको बृद्धि तथा सदस्यहरुलाई गुणस्तरिय सेवा उपलब्ध गराउन आबश्यक देखिएकाले अधिकृत( सातौ)तह-१(प्रबन्धक), अधिकृत छैटौ तह-४(बिभागिय प्रमुख),सहायक अधिकृत(बरिष्ट पाँचौ तह)-१ जना, पाँचौ तह-९, चौथो तह-५, तेस्रो तह-७,सदस्य सेवा सहायक (दोस्रो तह)-६ कार्यालय सहयोगी-२, सुरक्षा गार्ड-३ र स्वीपर-२, करार गार्ड ५ गरी ४५ जनाको दरबन्दी आबश्यक्ता अनुसार कायम गरिनेछ।
- तलब भत्ता र पारिश्रमिक : संस्थामा कार्यरत कर्मचारीहरुको तलबमा समयानुकुल परिबर्तन गरी संस्थाको क्षमताले धान्ने गरी नेपाल सरकारको शुरु तलब स्केल तथा ग्रेडको रकमलाई आधार बनाई निम्नानुसार पद तथा तलब स्केल कायम गरिनेछ। नेपाल सरकारले समायोजन गरेमा सोही अनुसारको तलब समायोजन गरिनेछ।

| पद | | आवश्यक संख्या | | तलब स्केल |
|---|---|---|---|---|
| सातौं तह(प्रबन्धक) | - | १ जना | - | ५३,६११/- |
| छौटौं तह (अधिकृत) | - | ४ जना | - | ४८,०५८/- |
| बरिष्ट(पाँचौ तह)/सहायक अधिकृत | - | १ जना | - | ४२,०२३/- |
| पाँचौं तह | - | ९ जना | - | ३८,२०३/- |
| चौथो तह | - | ५ जना | - | ३६,१९२/- |
| तेस्रो तह | - | ७ जना | - | ३०,३७३/- |
| सदस्य सेवा सहायक(दोस्रो तह) | - | ६ जना | - | २८,६९०/- |
| कार्यालय सहयोगी | - | २ जना | - | २७,१७२/ |
| सुरक्षा गार्ड | - | ३ जना | - | २७,१७२/ |
| स्विपर | - | २ जना | - | २१,५०५/- |
| सुरक्षा गार्ड (करार) | - | ५ जना | - | २५,३१२/-(करार बमोजिम) |

- सामाजिक सुरक्षा कोषमा पठाइएको योगदान रकमलाई निरन्तरता दिईनेछ। साथै कर्मचारी उपदान कोषमा मिति २०७७ असार मसान्त सम्म बाहल रहेको कर्मचारीहरुको लागी यस आ.व.मा थप रु २५,६५,३१९/५२ उपदानको रकम ब्यवस्था गरिनेछ।
- संस्थाको अध्यक्षले दैनिक रुपमा संस्थामा केही समय उपलब्ध गराउनु पर्ने हुँदा दैनिक रुपमा रु. १२५०/- खाजा तथा अन्य भत्ता स्वरुप प्रदान गरिनेछ।
- बैठक भत्ता सम्बन्धमा समिति उप-समितिको बैठक बस्दा बैठक भत्ताको रुपमा रु. १२५०/-उपलब्ध गराईने छ।
- कर्मचारीहरुको कर्मचारी बैठक बस्दा यातायात तथा खाजा बापत प्रति कर्मचारी रु ३००/- उपलब्ध गराईनेछ।
- कार्यरत सम्पुर्ण कर्मचारीहरुको पोशाकको ब्यबस्था प्रति कर्मचारी बार्षिक रु १०,०००/- को दरले रकमको ब्यबस्था गरिनेछ।
- संस्थामा कार्यरत सबै कर्मचारीहरुको लागि संस्थामा उपस्थित भएको दिनको मात्र पाउने गरि खाजा खर्च रु.१००/- दिने ब्यबस्था गरिनेछ।
- तलब यथावत राखि हरेक कर्मचारीहरुलाई मासिक रु २,०००/- महंगी भत्ता प्रदान गरिने नीतिलाई निरन्तरता दिईनेछ। संस्थाको प्रविधी हेर्ने कर्मचारीलाई मासिक रु २,५००/- प्रविधि भत्ता थप उपलब्ध गराईनेछ। टेलरमा कार्य गर्ने सम्पुर्ण कर्मचारीहरुलाई रु १,५००/- दरले काउन्टर भत्ता उपलब्ध गराईनेछ।

- ऋणफाँटका कर्मचारी निरिक्षण, ताकेता तथा ५ सि बिश्लेषण गर्न जाँदा मोवाईल खर्च प्रति ब्यक्ति रु २००/- उपलब्ध गराईने ब्यवस्था गरिने छ। यस्तो खर्च निरिक्षण तथा ताकेता प्रतिबेदन तयार गरे पश्चात प्रदान गरिने छ। यस्तो निरिक्षण तथा ताकेता जाँदा प्रतिदिन कम्तिमा पाँचवटा निरिक्षण वा ताकेता फाईल हुनुपर्नेछ। पाँच भन्दा कम फाईल भएमा प्रतिफाईल रु ४० दरले कार्यालय प्रमुखको तजविजमा यस्तो खर्च उपलब्ध गराईनेछ।
